# कास्की जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौं
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
चिन्तामणि तिमिल्सिना

नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
२०६४



कास्की जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन - चिन्तामणि तिमिल्सिना, २०६४

शोधनिर्देशक
उप-प्रा.गोविन्दप्रसाद शर्मा

# कास्की जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौं
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
चिन्तामणि तिमिल्सिना

नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
२०६४

## शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी श्री चिन्तामणि तिमिल्सिनाले **कास्की जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा रही तयार पार्नु भएको हो । म उहाँको शोधकार्यबाट सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि यस विभागसमक्ष सिफारिस गर्दछु ।

मितिः २०६४/७ /१५/

उपप्रा.गोविन्दप्रसाद शर्मा
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं

# त्रिभुवन विश्वविद्यालय
## नेपाली केन्द्रीय विभाग
## कीर्तिपुर

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र चिन्तामणि तिमिल्सिनाले स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **कास्की जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| १. प्रा. घनश्याम कँडेल (नि.विभागीय प्रमुख) | ---------------- |
| २. प्रा. मोहनराज शर्मा (बाह्यनिरीक्षक) | ---------------- |
| ३. उपप्रा. गोविन्दप्रसाद शर्मा (शोधनिर्देशक) | ---------------- |

मिति : २०६४/७ /

शोधपत्र समिति

# कृतज्ञताज्ञापन

**"कास्की जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन"** शीर्षकको यो शोधपत्र नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु श्री गोविन्दप्रसाद शर्माका अमूल्य सुझाउ एवम् महत्त्वपूर्ण निर्देशनमा तयार पारिएको हो । यो शोधपत्र लेखनका क्रममा कति पनि झन्झट नमानी कुशल निर्देशन गर्नुहुने शोधनिर्देशक नेपाली केन्द्रीय विभागका आदरणीय गुरु उपप्रा.गोविन्दप्रसाद शर्माप्रति अन्तरहृदयदेखि कृतज्ञताज्ञापन गर्दै सदा ऋणी रहने अनुभूति गरेको छु ।

प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृति प्रदान गर्ने नेपाली केन्द्रीय विभागप्रति म कृतज्ञ छु । लोकगीत सङ्कलन गर्ने कार्यमा आवश्यक सहयोग पुऱ्याउनुहुने तथा लोकसंस्कृतिलाई माया गर्नुहुने कस्केली बुबाआमा, दाजुभाइ, दिदीबहिनीहरूप्रति कृतज्ञताज्ञापन गर्दछु ।

लोकगीतका विषयमा आवश्यक सुझाउ दिनुहुने श्रद्धेय गुरु सहप्रा.डा मोतीलाल पराजुलीप्रति पनि आभार व्यक्त गर्दछु । विविध समस्याहरूसँग जुध्दै मलाई पढ्न उचित वातावरण मिलाइदिनुहुने मेरा आदरणीय बुबा लक्ष्मीप्रसाद तिमिल्सिनाप्रति पनि म कृतज्ञताज्ञापन गर्दछु ।

यस शोधपत्रका लागि आवश्यक पुस्तक, पत्रपत्रिकाका साथै बुलेटिनहरू उपलब्ध गराई सहयोग पुऱ्याउने त्रि.वि. केन्द्रीय पुस्तकालयप्रति आभार व्यक्त गर्दछु । विविध बुलेटिनहरू उपलब्ध गराई सहयोग पुऱ्याएकामा जिल्ला विकास समितिको कार्यालय कास्की र जिल्ला शिक्षा कार्यालाय कास्कीप्रति पनि कृतज्ञताज्ञापन गर्दछु ।

यस शोधपत्रलाई यथाशक्य शुद्धसँग टङ्कण गरिदिनुहुने भीष्मराज पौडेल पनि धन्यवादका पात्र हुनुहुन्छ ।

अन्तमा, यस शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग, कीर्तिपुरसमक्ष प्रस्तुत गर्दछु ।

चिन्तामणि तिमिल्सिना

मिति :

# विषयसूची

पृष्ठ

## पहिलो परिच्छेद

### शोधपत्रको परिचय


| | |
|---|---|
| १.१. शोधशीर्षक | १ |
| १.२ शोधकार्यको प्रयोजन | १ |
| १.३. विषयपरिचय | १ |
| १.४ शोधसमस्या | १ |
| १.५ शोधकार्यका उद्देश्य | २ |
| १.६ पूर्वकार्यको समीक्षा | २ |
| १.७ शोधकार्यको औचित्य | ४ |
| १.८ शोधकार्यको सीमाङ्कन | ५ |
| १.९ शोधविधि | ५ |
| १.१० शोधपत्रको रूपरेखा | ५ |


## दोस्रो परिच्छेद

### कास्की जिल्लाको परिचय


| | |
|---|---|
| २.१ कास्की जिल्लाको ऐतिहासिक पृष्ठभूमि | ६ |
| २.२ नामकरण | ७ |
| २.३ भौगोलिक स्थिति | ९ |
| २.३.१ हावापानी | ९ |
| २.३.२ वनस्पति र पशुपक्षी | १२ |
| २.४ समाज | १६ |
| २.४.१ संस्कार | १७ |
| २.४.२ लवाइखवाइ | १९ |
| २.४.३ जातजाति | २० |
| २.५ शैक्षिक स्थिति | २४ |
| २.६ प्रसिद्ध ठाउँहरू | २४ |
| २.६.१ पोखरा बजार | २५ |
| २.६.२ कास्कीकोट कालिका मन्दिर | २६ |
| २.६.३ अन्य केही प्रसिद्ध स्थलहरू | २७ |

२.७ निष्कर्ष २८

## तेस्रो परिच्छेद

**लोकगीतको सैद्धान्तिक परिचय**

३.१ पृष्ठभूमि २९
३.२ लोकगीतको परिभाषा ३१
३.३ लोकगीतका विशेषता ३३
३.३.१ अज्ञात रचयिता ३४
३.३.२ सामूहिकता ३५
३.३.३ लयात्मकता ३५
३.३.४ मौखिक परम्परा ३६
३.३.५ मौलिकता र सरलता ३६
३.३.६ स्वच्छन्दता ३६
३.४ लोकगीतका तत्त्व ३७
३.४.१ कथ्य वा भाव ३८
३.४.२ लय र भाषा ३८
३.४.३ उद्देश्य ३९
३.४.४ संरचना ४०
३.५ लोकगीतका प्रकार ४१
३.५.१ क्षेत्रीय आधारमा लोकगीतका प्रकार ४२
३.५.२ जातीय आधारमा लोकगीतका प्रकार ४२
३.५.३ उमेरका आधारमा लोकगीतका प्रकार ४३
३.५.४ लिङ्गका आधारमा लोकगीतका प्रकार ४३
३.५.५ सहभागिताका आधारमा लोकगीतका प्रकार ४४
३.५.६ बनोटका आधारमा लोकगीतका प्रकार ४४
३.५.७ प्रस्तुतिका आधारमा लोकगीतका प्रकार ४५
३.५.८ विषयका आधारमा लोकागीतका प्रकार ४५
३.५.९ आकारका आधारमा लोकगीतका प्रकार ४६
३.५.१० समयका आधारमा लोकगीतका प्रकार ४६
३.६ कास्कीमा लोकगीतको अध्ययनपरम्परा ४७
३.६.१ लोकगायकहरू ४७
३.६.२ लोकगीतका अध्ययन-सङकलन कार्यहरू ४९

३.७ निष्कर्ष ५१

**चौथो परिच्छेद**

**कास्की जिल्लामा प्रचलित लोकगीतको सङ्कलन वर्गीकरण र विश्लेषण**

४.१ पृष्ठभूमि ५३

४.२ कास्की जिल्लामा प्रचलित नेपाली लोकगीतको सङकलन र वर्गीकरण ५३

४.२.१ बारमासेगीत ५३

४.२.२ कर्मगीत ६१

४.२.३ पर्वगीत ६७

४.२.४ संस्कारगीत ७२

४.२.५ धार्मिकगीत ७७

४.३ कास्की जिल्लामा प्रचलित नेपाली लोकगीतको विश्लेषण ८१

४.३.१ सामाजिक चित्रण ८१

४.३.२ सांस्कृतिक चित्रण ८४

४.३.३ आर्थिक चित्रण ८८

४.३.४ प्रकृतिचित्रण ९०

४.४ निष्कर्ष ९२

**पाँचौ परिच्छेद**

**शोध निष्कर्ष** ९३

**सन्दर्भसामग्रीसूची** ९६

**परिशिष्टसूची** ९८

**सूचकहरूको परिचय** १३४

# सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| एम्.ए. | - मास्टर अफ आर्ट्स |
| गा.वि.स. | - गाउँ विकास समिति |
| डा. | - डाक्टर |
| ते.सं. | - तेस्रो संस्करण |
| त्रि.वि. | - त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | - दोस्रो संस्करण |
| नि.मा.वि. | - निम्न-माध्यमिक विद्यालय |
| ने.रा.प्र.प्रं | - नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान |
| पा.वि.के. | - पाठयक्रम विकास केन्द्र |
| पृ. | - पृष्ठ |
| प्रा.वि. | - प्राथमिक विद्यालय |
| मा.वि. | - माध्यामिक विद्यालय |
| वि.सं. | - विक्रम सम्वत् |
| . . . | - केही अंश वा पङ्क्ति छोडिएको |

# पहिलो परिच्छेद

# शोधपत्रको परिचय

## १.१. शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **कास्की जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३. विषयपरिचय

नेपालको मध्यभागमा पर्ने कास्की पहाडी जिल्ला हो । यस जिल्लामा विविध जातजातीको बसोबास छ । यस जिल्लामा ऋतुचक्र र जीवनचक्र अनुसार सांस्कृतिक विविधता पाइन्छ । लोकभावना वा विचार लयात्मक मौखिक अभिव्यक्तिमा प्रस्तुत हुने भाषिक संरचना नै लोकगीत हो । कास्की जिल्लाका कास्कीकोट, सराङकोट, ढिकुरपोखरी र लुम्ले गाउँ विकास समितिहरूमा नेपाली लोकगीतहरू निकै मात्रामा गाइन्छन् । विशेष गरी विभिन्न चाडपर्व, संस्कार, धार्मिक अवसर आदिमा गाइने लोकगीत मेलापात गर्दा, बसिबियाँलो गर्दा, गाईवस्तु चराउन जाँदा पनि गाउने गरिन्छ । कुनैकुनै लोकगीत बारै महिना गाउन सकिने खालका पनि छन् जसलाई बारमासे लोकगीत भनिएको छ । समग्रमा कास्की जिल्लाका उपर्युक्त चार गाउँ विकास समितिमा धेरै प्रकारका नेपाली लोकगीत गाइन्छन् भन्न सकिन्छ ।

## १.४ शोधसमस्या

कास्की जिल्लाका प्रचलित लोकगीतका बारेमा अध्ययन यस शोधकार्यको मुख्य समस्या हो । प्रस्तुत शोधपत्र निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छ ;

(क) कास्की जिल्लाको ऐतिहासिक, भौगोलिक, सामाजिक अवस्था कस्तो छ ?

(ख) लोकसाहित्यका क्षेत्रमा लोकगीतको सैद्धान्तिक परिचय के हो ?

(ग) कास्की जिल्लामा प्रचलित नेपाली लोकगीत के-कस्ता छन् ?

## १.५ शोधकार्यका उद्देश्य

प्रस्तुत शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन्:

(क) कास्की जिल्लाको ऐतिहासिक, भौगोलिक, सामाजिक अवस्थाको सामान्य परिचय दिनु

(ख) लोकगीतको सैद्धान्तिक परिचय दिनु

(ग) कास्की जिल्लामा प्रचलित नेपाली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

कास्की जिल्लामा प्रचलित नेपाली लोकगीतका बारेमा यस भन्दा पहिले केही कार्यहरू भएका देखिन्छन् । तिनीहरूको कालक्रमिक विवरण र समीक्षा यहाँ प्रस्ततु गरिएको छ :

धर्मराज थापाले **गण्डकीका सुसेली** (२०३०) मा कास्की जिल्लामा प्रचलित लोकगीतहरूको अपेक्षाकृत विस्तृत अध्ययन गरेका छन् तर क्षेत्रगत व्यापकताका कारण उनको अध्ययन गहन भने हुन सकेको छैन ।

धर्मराज थापा र हंसपुरे  सुवेदीले **नेपाली लोकसाहित्यको विवेचना** (२०४०) मा लोगीतको बारेमा सैद्धान्तिक विश्लेषण गरेका छन् तर यसले पनि कास्की जिल्लामा प्रचलित समग्र लोकगीतलाई क्षेत्रगत व्यापकताका कारणसमेट्न नसकेकोले यो अध्ययन  पनि गहन हुन सकेको छैन ।

कालीभक्त पन्तको **हाम्रो सांस्कृतिक इतिहास** (२०४३) मा नेपाली लोकगीतलाई नौ किसिमले वर्गीकरण गरिए पनि यसले कास्की जिल्लामा प्रचलित समग्र लोकगीतलाई भने समेट्न सकेको देखिँदैन ।

कुसुमाकर न्यौपानले **कास्की जिल्लामा प्रचलित लोकगीतमा वृक्ष, वनस्पति र वन** (२०४९) मा कास्की जिल्लामा गाइने लोकगीतमा उल्लेख भएका वृक्ष, वनस्पति र वनका बारेमा चर्चा गरेका छन् । शीर्षकअनुसारकै कार्य भएकाले यसमा लोकगीतका विविध पाटाहरू समेटिन सकेका छैनन् ।

पुण्यप्रसाद शर्माको **बाटुलेचौरका गाईने जातिमा प्रचलित लोकगीतको अध्ययन** (२०५०) मा कास्की जिल्लाको बाटुलेचौर गाउँ विकास समितिमा बस्ने गाइने जातिले गाउने लोकगीतको अध्ययन गरिएको छ । एउटा जातिसँग मात्रै सम्बन्धित भएकाले यस कार्यले पनि कास्की जिल्लाका समग्र नेपाली लोकगीतको अध्ययन गर्न सकेको पाइँदैन ।

सुमित्रा पौडेलले **पोखरेली तीजगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०५५) मा कास्की जिल्लाको पोखरा उपमहानगरपालिकाभित्र प्रचलित तीजेगीतको अध्ययन गरेकी छिन् । शीर्षकअनुसारकै कार्य भएकाले यसले कास्की जिल्लामा प्रचलित अन्य खाले लोकगीतलाई समेटेको देखिँदैन ।

कृष्णप्रसाद पराजुलीको **नेपाली लोकगीतको आलोक** (२०५७) मा नेपालमा प्रचलित प्रतिनिधि लोकगीतलाई आधार बनाएर लोकगीतको विश्लेषण गरिएको छ तर यसले कास्की जिल्ला भित्रका लोकगीतलाई समेट्न सकेको छैन ।

चूडामणि बन्धुले **नेपाली लोकसाहित्य** (२०५८) मा लोकगीतको सैद्धान्तिक चिनारी दिँदै लोकगीतको वर्गीकरण गरेका छन् । यसमा कास्की जिल्लाका केही गीत समेटिए पनि पूर्ण भने हुन सकेको देखिँदैन ।

उषा बरुवालले **पोखरेली नारीगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०५८) मा कास्की जिल्लाको पोखरा उपमहानगरपालिकाभित्र प्रचलित नारीहरूले

गाउने गीतको अध्ययन गरेकी छिन् । नारीले गाउने गीत मात्रै समेटिएकाले र पोखरा उपमहानगरपालिकालाई मात्र अध्ययन क्षेत्र बनाइएकाले यो अध्ययनले कास्की जिल्लामा प्रचलित समग्र नेपाली लोकगीतलाई अटाउन नसकेको देखिन्छ ।

भरतमणि भट्टराईको **हंसपुर गा.वि.स.मा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६२)मा कास्की जिल्लाको हंसपुर गाउँ विकास समितिमा प्रचलित लोकगीतको अध्ययन गरिएको छ । यसकारण यो अध्ययन पनि कास्की जिल्लाका समग्र लोकगीतको अध्ययन गर्न सक्षम देखिँदैन ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको **लोकवार्ताविज्ञान र लोकसाहित्य** (२०६३) मा सैद्धान्तिक र वैज्ञानिक रुपले लोकगीतको वर्गीकरण गरेका छन् तर यसले पनि कास्की जिल्लामा प्रचलित लोकगीतको भने समग्र अध्ययन गर्न सकेको छैन ।

कास्की जिल्लामा प्रचलित चाडपर्व, विभिन्न अवसर, मेलापात, संस्कार, कर्म आदिमा गाईने लोकगीतको विशेष अध्ययन भएको नदेखिएकाले कास्की जिल्लाका लोकगीतका बारेमा जान्न चाहने अध्येतालाई सहयोग पुग्न सकोस् भन्ने उद्देश्यका साथ यस क्षेत्रमा प्रचलित नेपाली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण प्रस्तुत शोधपत्रमा गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

प्रस्तुत शोधकार्यको मूल उद्देश्य कास्की जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन गर्नु हो र यो कार्य प्राज्ञिक एवम् अनुसन्धानात्मक दृष्टिले औचित्यपूर्ण छ । यसमा लोकगीतको अध्ययन विभिन्न कोणबाट गरिएको हुनाले यस जिल्लाको रीतिस्थिति, चालचलन, वेशभूषा, सामाजिक गतिविधि आदिका बारेमा जानकारी चाहनेलाई यस शोधकार्यबाट लाभ मिल्ने छ । यस अनुसन्धानले नेपालका विभिन्न क्षेत्रका लोकगीतको अध्ययनअध्यापन कार्यमा समेत केही हदसम्म सहायता मिल्ने हुनाले यसको प्राज्ञिक औचित्य स्थापित हुन्छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

कास्की जिल्लभरि नै नेपाली लोकगीत गाइने भए पनि प्रस्तुत शोधपत्रमा कास्कीकोट, सराङकोट, ढिकुरपोखरी र लुम्ले गाउँ विकास समितिमा गाइने नेपाली लोकगीतको मात्र अध्ययन गरिएको छ । उक्त चार गा.वि.स.का लोकगीतको मात्र अध्ययन गर्नु यस शोधपत्रको क्षेत्रगत सीमा हो भने नेपाली भाषाका लोकगीतको मात्र अध्ययन गर्नु यसको विषयगत सीमा हो ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्र लोकगीतसँग सम्बन्धित भएकाले सामग्रीसङ्कलनका लागि क्षेत्रीय अध्ययनपद्धति, नमुना छनोट विधि र कतिपय पुस्तकालयीय पद्धतिको समेत प्रयोग गरिएको छ । सङ्कलित लोकगीतका प्रकृति, प्रवृत्ति, प्रस्तुति र स्वरूपलाई हेरेर तिनीहरूको सैद्धान्तिक पक्षबाट विश्लेषणसमेत गरिएको छ । विश्लेषण गर्दा भने वर्णनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित रूप दिनका लागि निम्नलिखित पाँच परिच्छेदमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोधपत्रको परिचय

दोस्रो परिच्छेद : कास्की जिल्लाको परिचय

तेस्रो परिच्छेद : लोकगीतको सैद्धान्तिक परिचय

चौथों परिच्छेद : कास्की जिल्लामा प्रचलित नेपाली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण

पाँचौ परिच्छेद : उपसंहार तथा निष्कर्ष

परिशिष्ट

उल्लिखित परिच्छेदहरूलाई पनि आवश्यकताअनुसार विभिन्न शीर्षक उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ ।

# दोस्रो परिच्छेद

# कास्की जिल्लाको परिचय

## २.१ कास्की जिल्लाको ऐतिहासिक पृष्ठभूमि

भौगोलिक दृष्टिले कास्की जिल्ला वर्तमान नेपालको केन्द्रमा पर्दछ । प्राचीन कालमा यो जिल्ला ज्ञानको खानि भएकाले आज पनि "विद्या हराए कास्की जानु" भन्ने उखान प्रख्यात नै छ ।[ज्ञ] वैदिक कालमा कश्यप ऋषिले तपस्या गरेको कुटिको अवशेष आज पनि कास्कीकोटमा देख्न सकिन्छ । कास्की जिल्लाको पोखरा सहरदेखि ११ किलोमिटर पश्चिमपहाडमा पर्ने कास्कीकोटमा कश्यप ऋषिले काश्यप संहिताको रचना गरेका थिए भन्ने उल्लेख पाइन्छ ।[द्द] सिद्धाश्रम, शिवगोरक्ष मन्दिर, वैशम्पायन आश्रम, विन्ध्यवासिनी, भद्रकाली, प्रियव्रत तपोभूमि, माछापुच्छ्रेको फेदीमा रहेको उपबराह, फेवातालका सिद्धबराह, पुष्करावती पोखरा, रामघाट, रामकोटा शिवालय, श्रवणाश्रम, पञ्चकोशी सिद्ध, हरपनका सिद्ध, गर्गाश्रम, सिंपालीका भूमे, नारायण मन्दिर, गणेस्थान, कास्कीकोटका कालिका, लाहाचोक भूमे, सितलादेवी, वाविधाराका लक्ष्मीनारायण, तिब्रीकोट सुनाझाँक्री, भैरवस्थान वडाकोट, रूपाकोट वायुदेव, विश्वेश्वर महादेव, रूपाकोट बराह, ॐ कारेश्वर शिव, थाकभूमे, ठूलाकोटकाली, झुपराङदेवी, वेगनासकोट, नर्मदेश्वर शिव, अमरेश्वर, बाटुलेचौरकाली, ढुङ्गागाडे देवीथान, खाल्टेका भूमे, सल्यानका सिद्ध, खड्गाउँकोट, ढावदेवी, पाङ्दुरकोट आदि प्राचीन कालका मठमन्दिरहरूले कास्कीको इतिहासको प्रतिनिधित्व गर्दछन् ।

कास्कीमा हिमाली भागभन्दा तल्लो क्षेत्रमा घले थर भएका गुरुङ्जातिको बसोबास भएको उल्लेख पाइन्छ ।[घ] उनीहरूको नियमित शासनव्यवस्था र राज्यको ढाँचा तयार भएको थिएन । राजा विचित्र खानले त्यसै बेला उनीहरूबाट अधिकार

---

[ज्ञ] राजाराम सुवेदी **कास्की राज्यको इतिहास** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६०), पृ.२३ ।

[द्द] ऐजन , पृ . २३ ।

[घ] ऐजन, पृ. ७६ ।

खोसेर त्यस राज्यलाई ठकुरी राज्यमा परिणत गरे । विचित्र खान नुवाकोटका राजा मिन्चाखानका कान्छा छोरा थिए । यिनले आफ्ना बाबुको राज्य उपभोग गर्न नपाएको बुझिन्छ । त्यतिखेर नेपालको पहाडी खण्डमा ठकुरीलाई राजाका रूपमा स्थापना गर्नुपर्छ भन्ने जनधारणा रहेको पाइन्छ । कास्कीका जनताले विचित्र खानलाई सहजै राजा स्विकार्नाका पछाडि त्यही कारण रहेको बुझिन्छ । उनले आफ्ना बाबुको राज्यदेखि उत्तरपट्टि रहेको कास्कीकोटलाई राजधानी घोषित गरेको पाइन्छ । उनले कास्कीमा राज्य गठन गर्दा पर्वतमा डिम्वबम्मले ठूलो राज्यको स्थापना गरेको कुरा इतिहासबाट थाहा पाइन्छ ।[ढ] डिम्वबम्मले गलकोटलाई आफ्नो कब्जामा पारेको समय (वि.सं. १५४६) भन्दा पहिले कास्कीको स्थापना भएको ऐतिहासिक साक्ष्यका आधारमा भन्न सकिन्छ । [छ]

## २.२ नामकरण

कास्कीको नामकरणका सम्बन्धमा विविध तर्कहरू अघि सारिएका पाइन्छन् ।[ट] पोखरा उपत्यकादेखि पश्चिमपट्टि रहेको रमणीय शिखरमाथि प्राचीन कालमा कश्यप ऋषिले तपस्या गरेका हुनाले त्यस ठाउँलाई 'कश्यप कुट्ट' भनिन्थ्यो । त्यस ठाउँमा कश्यप ऋषिले तपस्या गरेका हुनाले त्यस ठाउँलाई 'कश्यप कुट्ट' भनिन्थ्यो । त्यस ठाउँमा कश्यम ऋषिले कुटि बनाई त्यहीँ आफ्नो बासस्थान बनाएकाले त्यस ठाउँको नाम 'काश्यप कुट्ट' वा 'काश्यप कुटि' रहन गएको हो र पछि त्यसैबाट शब्दच्छेदन भई 'कास्की' नाम रहन गएको हो भन्ने तर्क 'समुचित नै देखिन्छ ।[ठ]

कास्की जिल्लामा फेवाताल, बेगनासताल, रूपातालजस्ता सधैँ पानी भइरहने र रानीताल, दीपाङताल, खास्टेतालजस्ता वर्षा ऋतुमा मात्र पानी जम्ने तालहरू छन् ।

---

[ढ] ऐजन ।

[छ] ऐजन ।

[ट] ऐजन , पृ.६६-६८ ।

[ठ] ऐजन, पृ. ६७ ।

वैदिक कालमा तलाउ पर्याप्त हुने ठाउँलाई 'कासारः' भनिन्थ्यो । यसै शब्दबाट अपभ्रंश भई 'कास्की' भएको हो भन्ने कथन पनि तर्कपूर्ण नै देखिन्छ ।[ड]

वर्षा भइरहने हुनाले कास्की क्षेत्रमा पहिलेदेखि नै मानिसहरूको बाक्लो बसोबास भएको बुझिन्छ । त्यहाँ बस्ने मानिसहरू शान्तिप्रिय थिए भन्ने उल्लेख पाइन्छ । संस्कृत भाषामा शान्तिप्रिय मानिसहरूको बसोबास भएको ठाउँलाई 'काश्यपी' भनिन्छ । त्यही शब्दबाट कालान्तरमा 'कास्की' भएको हो भन्ने तर्क पनि युक्तिसङ्गत नै देखिन्छ ।[ढ]

प्राचीन कालमा सन्न्यासाश्रम जाने मानिसहरूले पीतवस्त्र वा 'भेषला' लगाउँथे । यस्ता मानिसहरू अनुकूल वातावरण खोज्दै कास्की क्षेत्रमा जान्थे र त्यहीँ बस्थे । पहेँला लुगालाई संस्कृतमा 'काषकाय' वा 'काषाय' भनिन्थ्यो । यिनै शब्दबाट पछि 'कास्की' शब्द बनेको हुन सक्ने सम्भावना पनि देखिन्छ ।[ण]

कास्की भेकका घवाङखोला, भदौरे, भुरुङ, घान्द्रुङ, अर्मलालगायतका ठाउँहरूमा छाउने ढुङ्गा (स्लेट) हरूको खानी छ । त्यस्तो ढुङ्गैढुङ्गा भएको ठाउँलाई संस्कृतमा 'काष' भनिन्छ । एउटा खानीलाई 'काष', अर्को खानीलाई 'काष' भन्दाभन्दै धेरै ठाउँका खानी बुझाउन 'काषकी' भनिएको र त्यसैबाट कालान्तरमा 'कास्की' नामकरण भएको तर्क पनि समुचित नै देखिन्छ ।[ञ]

कास्की नाम रहनाका पछाडि अन्य पनि विविध आधारहरूको उल्लेख भएको पाइन्छ ।[ट] यस ठाउँको नाम रहनामा शास्त्रीय वा लौकिक आधार रहेको कुरा माथिका उदाहरणहरूबाट राम्ररी बुझिन्छ । नेपालका ७५ जिल्लाहरूमध्ये कास्की अत्यन्तै रमणीय, उल्लेखनीय, सांस्कृतिक र विद्वत्ताको संरक्षणस्थल रहेको देखिन्छ ।

---

[ड] ऐजन ।

[ढ] ऐजन ।

[ण] ऐजन ।

[ञ] ऐजन, पृ.६८ ।

[ट] ऐजन ।

## २.३ भौगोलिक स्थिति

नेपालका १४ अञ्चलमध्ये कास्की जिल्ला गण्डकी अञ्चलमा पर्छ । तालैताल भएको यो जिल्ला पर्यटकीय क्षेत्रका रूपमा प्रख्यात छ । यो जिल्ला समुद्री सतहबाट ४५० देखि ७९३९ मिटरसम्मको उचाइमा रहेको छ । भौगोलिक विवरणअनुसार यो जिल्ला २८०६' देखि २८०३६' उत्तरी अक्षांश र ८३०४०' देखि ८४०१२' पूर्वी देशान्तर भित्र फैलिएको छ । यस जिल्लाको कुल क्षेत्रफल २,०१,७०० हेक्टरमध्ये ४०,०५० हेक्टर आवादी क्षेत्रफल (२० प्रतिशत), हिउँले ढाकेको क्षेत्रफल ११,५९२ हेक्टर (५.७४ प्रतिशत), वन क्षेत्र ८०,६०६ हेक्टर (३९.९६ प्रतिशत), मिनाहा-बाँझो, नदी, चट्टान, पहरा, वर्ती) र विविध ६,६११ हेक्टर (३.० प्रतिशत) रहेको छ ।[ञघ]

त्रिभुजाकारको भूबनोट भएको कास्कीमा नगरपालिकाबाहेक ४७ गाउँ विकास समिति र ८५,०६५ घरधुरी छन् । कास्कीको पूर्वमा लमजुङ र तनहुँ, पश्चिममा पर्वत,उत्तरमा मनाङ र मुस्ताङ तथा दक्षिणमा तनहुँ र स्याङ्जा जिल्ला पर्दछन् । २६.१° देखि १५.९° सेन्टिग्रेडको बीचमा तापक्रम हुने कास्कीमा ३३०.३ मिलिलिटर वार्षिक वर्षा हुने गरेको पाइन्छ ।[ञढ] यस जिल्लामा ३ निर्वाचन-क्षेत्र, १३ इलाका, १ उपमहानगरपालिका, १ नगरपालिका र ४३ गा.वि.स. रहेका छन् ।

### २.३.१ हावापानी

अन्नपूर्ण हिमालको दक्षिण काखमा स्थित कास्की जिल्लाको हावापानी मध्य-नेपालका अन्य पहाडी जिल्लासरह नै दक्षिण-पश्चिम मनसुनी जलवायुको प्रभाव-क्षेत्रमा पर्दछ । अधिराज्यका ७५ जिल्लाको तुलनामा सबैभन्दा बढी वर्षा हुने भएकाले यस जिल्लालाई 'नेपालको चेरापुञ्जी' भनिएको पाइन्छ ।[ञछ] गर्मी याममा हिन्द महासारगबाट आउने मौसमी हावा बङ्गालको खाडी भई पूर्वतर्फबाट बहेर आउँछ ।

---

[ञघ] रमेश कोइराला, "कास्की: एक परिचय,",**अन्तराष्ट्रिय मञ्च,** (वर्ष १४, अङ्क १२, असोज २०५५), पृ. ४४ ।

[ञढ] राजाराम सुवेदी, पूर्ववत्, पृ.६।

[ञछ] **मेचीदेखि महाकाली** (भाग३), (काठमाडौं :श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग , २०३१), पृ. ३०४ ।

जिल्लाको उत्तरी भागस्थित अन्नपूर्ण हिमालमा उक्त हावाले ठक्कर खानाले प्रशस्त मात्रामा वर्षा हुने गरेको पाइन्छ । उचाइका हिसाबले दक्षिणबाट उत्तरतर्फ निकै भिन्नता भएको हुँदा यहाँ एकै किसिमको हावापानी पाइँदैन । यस जिल्लाको दक्षिण पूर्वी भाग उष्ण हावापानीको क्षेत्रभित्र पर्दछ भने उत्तरतिर सधैँ हिउँले ढाकिने अति शीतप्रधान जलवायु क्षेत्रमा पर्दछ ।

सापेक्षिक आर्द्रता वार्षिक औसत ७० देखि ७५ प्रतिशतसम्म पुग्दछ । कास्की जिल्लाको औसत अधिकतम तापक्रम २६.१° से. र औसत न्यूनतम १५° से. देखिन्छ । गर्मी महिनाको अप्रिलदेखि सेप्टेम्बरसम्म मात्रै औसत लिने हो भने अधिकतम २९.६° से.र न्यूनतम करिब २०.७° से. पर्न आउँछ । सबभन्दा बढी गर्मी हुने महिना मे हो ।[ज्ञट] यस जिल्लाको पोखरा उपत्यकामा सालाखाल वार्षिक ३७०० मिलिलिटर वर्षा भएको देखिन्छ । कास्की जिल्लाका विभिन्न स्थानहरूमा पाइने तापक्रम, वर्षा आद्रता आदिलाई विचार गर्दा यस जिल्लामा निम्नलिखित चार प्रकारको हावापानी देखिन्छ ।

### (क) हिमाली हावापानी

जिल्लाको उत्तरतर्फको भाग ४,८८० मिटर (१६,००० फिट) भन्दा माथि पर्ने भएको हुँदा यहाँ सधैँ हिउँले ढाक्ने गर्दछ । त्यस्तै यहाँका अनेकौँ चुचुराहरूसहितको क्षेत्रमा ग्रीष्म ऋतुमा पनि निकै जाडो हुनाले यहाँ मानिसको बसोबास पाइँदैन । यहाँ वर्षाका रूपमा खाली हिउँ मात्र पर्दछ ।

### (ख) लेकाली हावापानी

हिमरेखाभन्दा मुनि करिब २,३०० मिटर (७-८००फिट) सम्मको भागमा गर्मीमा ठिक्क किसिमको तथा जाडामा निकै जाडो हुने गर्दछ । हिउँदमा अलि अग्लो भागमा हिउँ पनि पर्न थाल्दछ । गर्मीको २-३ महिना केही मात्रामा वर्षा हुन्छ । यस प्रकारको हावापानीलाई लेकाली हावापानी भनिन्छ । गर्मी महिनामा हिउँ पग्लन थालेपछि

---

[ज्ञट] ऐजन, पृ.३०५ ।

जतातत‌ै हरियो घाँस तथा बुकीहरू पलाउने भएकाले यस समयमा तल्लो भेगमा बस्ने मानिसहरू भेडा, बाख्रा आदि पशु चराउन त्यहाँ लैजान्छन् ।

### (ग) ठन्डा शीतोष्ण मनसुनी हावापानी

लेकाली हावापानीको क्षेत्रभन्दा मुनि करिब १, ००० मिटर अर्थात् ३-४०० फिटको प्रदेशमा ठन्डा शीतोष्ण हावापानी पाइन्छ । यहाँ औधी गर्मी र औधी जाडो हुँदैन । गर्मी महिनामा अधिकतम र हिउँदमा न्यूनतम वर्षा हुन्छ । लेकका अग्ला टाकुराहरूमा कहिलेकाहीँ हिउँ पर्ने गर्दछ र छिट्टै बिलाउँछ । औलो उन्मूलन हुनुभन्दा पहिले जिल्लाका अधिकांश बासिन्दाहरू यस प्रदेशमा बसोबास गर्दथे । हाल तलबेँसी तथा उपत्यकातर्फ झर्न थालेका छन् । लेकमा बसोबास गर्ने मानिसहरू हिउँदमा बेँसीतर्फ र गर्मीमा लेकतर्फ पनि जाने गर्दथे । कास्की जिल्लाको अधिकांश भाग यस क्षेत्रभित्र पर्दछ । यही भागमा जिल्लाको अधिकांश वनसम्पदा र जीवजन्तु पनि रहेका छन् ।

### (घ) अर्धउष्ण हावापानी

जिल्लाको सबभन्दा होचो अर्थात् ९१५ मिटर (३,००० फिट) भन्दा मुनिको भागमा यस प्रकारको हावापानी पाइन्छ । पोखरा उपत्यकालगायत जिल्लाभित्र बग्ने ठूलासाना नदी तथा खोलाहरूले बनाएका बेँसी अनि टारहरू यस प्रदेशमा पर्दछन् । यहाँ गर्मीमा ज्यादै गर्मी र जाडामा ठिक्क मौसम हुने हुँदा प्रशस्त मात्रामा उब्जनी हुन्छ । गर्मीमा अधिकतम तापक्रम सालाखाला २६.६ से. भन्दा बढी पुग्दछ । जाडामा यहाँ सुख्खा मौसम हुन्छ । पोखरा उपत्यका अग्ला पहाडी भागको काखैमा बसेको हुँदा लेकतिरबाट झर्ने चिसो हावाको प्रभाव क्षेत्रमा पर्दछ । तापक्रम र वर्षा बढी हुनाका कारणले यहाँ सालका रुख पनि पाइन्छ ।

कास्की जिल्लाका लोकगीतमा जेठ महिनामा चर्का घाम लाग्ने र असार महिनामा पानी परेर हिलो हुने कुराको चित्रण गरिएको पाइन्छ; जस्तैः

जेठै र मासका यति चर्का घाम
कोदोमा रोप्न जानु छ ।

+ + + + + +
रिमी र झिमी पानी है परो सेखु छैन रुझायो
सेखु छै रुझायो
आफैँ र रोयो, आफैँ र हाँस्यो आफैँ मन बुझायो ।

## २.३.२ बनस्पति र पशुपक्षी

कास्की जिल्लामा उष्ण प्रदेशमा पाइने सालको जङ्गलदेखि लिएर अति शीत प्रदेशमा पाइने झ्याउ पनि पाइन्छ । जनसङ्ख्याको बढ्दो चापले गर्दा होचो ठाउँमा पाइने सालको जङ्गल करिबकरिब मासिइसकेको छ । जिल्लाका प्राकृतिक वनस्पतिको आधारमा यसलाई मोटामोटी चार भागमा विभाजन गर्न सकिन्छ :

### (क) हिमालीक्षेत्रका बनस्पति

जिल्लाको उत्तरी क्षेत्रको धेरैजसो भाग हिमरेखा अर्थात् ४,८८० मिटर ( १६,००० फिट) भन्दा माथि हिउँले छोडेका नाङ्गा पर्वत तथा भीरपाखामा अलिअलि हरियो दुबो तथा झ्याउ उम्रन्छन् । यस किसिमका वनस्पतिलाई ठन्डा मरुमूमिका वनस्पति पनि भनिन्छ । आर्थिक दृष्टिकोणले यी वनस्पतिको प्रयोजन सीमित रहेको हुन्छ ।[ज्ञठ]

### ख) लेकाली घाँसे वनस्पति

हिमरेखाभन्दा मुनिदेखि वृक्षरेखाको बीचको भाग हावापानीका दृष्टिकोणले प्रायः ठन्डा प्रकारकै हुन्छ । हिउँदमा छ महिनाभन्दा बढी समयसम्म हिउँले ढाकिने र गर्मी महिना लागेपछि हिउँ पग्ली तिनै स्थानहरूमा छोटोछोटो घाँसका साथै विभिन्न किसिमका फूलका बोटहरू उम्रन थाल्दछन् । मध्य-वर्षात्को समयमा यी बोटहरूमा रङ्गीबिरङ्गी फूलहरू फुलेर आसपासका जग्गालाई समेत बासनायुक्त तुल्याइदिन्छन् ।

---

[ज्ञठ] ऐजन, पृ. ३०७ ।

यस किसिमका वनस्पतिलाई शीतोष्ण तृणभूमि पनि भनिन्छ । यी घाँस तथा फूलका बोटहरूमध्ये कुनैकुनैका जराहरू औषधीका रूपमा प्रयोग गरिन्छन् । यो तृणभूमि यस जिल्लाको चरन (खर्क भूमि) का रूपमा रहेको पाइन्छ ।

**(ग) कोणधारी सदाबहार वनस्पति**

लेकाली घाँसे क्षेत्र भन्दामुनि अर्थात् २,३०० मिटर (छ-सात हजार फिट) को भागसम्म यस प्रकारका वनस्पतिको प्रधानता पाइन्छ । कम तापक्रमका कारणले कमै मात्र वर्षा भए पनि जमिनमा रहेको पानीचाहिँ सुक्दैन । फलतः यहाँ बारै महिना हरिया हुने वनस्पतिहरू पाइन्छन् । विशेष गरी सल्ला, धुपी, भोज, श्रीखण्ड आदि जातका रुखहरू यहाँ पाइन्छन् । आरू, ओखर, गुराँसका रुखहरू पनि यस क्षेत्रमा पाइने मुख्य वनस्पतिहरू हुन् ।

**घ) अर्धउष्ण प्रदेशको मिश्रित तथा पतझड वनस्पति**

जिल्लाको निकै होचो भाग विशेष गरी पोखरा उपत्यकाक्षेत्र तथा नदीका बेँसीहरूमा गर्मीमा निक्कै गर्मी र जाडामा ठिक्क किसिमको मौसम हुने भागहरूमा अर्ध उष्ण प्रदेशका वनस्पति पाइन्छन् । यस प्रकारका वनस्पति पाइने स्थानहरूमा गर्मीको याम सुख्खा हुने तथा ठाउँठाउँमा घाँस तथा झारपातहरूसमेत पाइने हुँदा यस किसिमका वनस्पतिलाई मिश्रित तथा पतझड वन पनि भन्ने गर्दछन् । निकै होचो क्षेत्रमा सधैँ हरियो हुने सालको वन पनि माइन्छ तर यस वन क्षेत्रलाई फाँडी आवादी गरी सकिएको हुदाँ यस्ता वनहरू प्रायः मासिइसकेका छन् । यहाँ पाइने विभिन्न किसिमका रुखहरू साल, चाँप, कटुस उत्तिस, बर, पीपल आदि प्रमुख हुन् । यिनीहरूको प्रयोग मानवीय दैनन्दिनमा गरिने हुँदा आर्थिक दृष्टिकोणले निकै महत्त्वपूर्ण मानिन्छन् ।

कास्की जिल्लामा पाइने जङ्गली जन्तुहरू कस्तुरी मृग, चितुवा, भालु भैँसे, भालु काठे, घोरल, दुम्सी, खरायो, बाँदर, ढेडुवा, स्याल, मलसाप्रो आदि प्रमुख हुन् । त्यस्तै

पक्षीहरू डाँफे, मुनाल, पिउरा, कालिज, तित्रा, च्याखुरा, ढुकुर, हलेसो, लुइँचे आदि प्रमुख मानिन्छन् ।

कास्की जिल्लामा चील, बाज, कुखुराजस्ता पक्षी, कुकुर, बिरालो, मुसा, गाई, गोरुजस्ता पशु, सुन्तला, धान, कोदोजस्ता वनस्पति पाइन्छन् भन्ने कुरा यहाँका लोकगीतले समेटेको पाइन्छ ; जस्तै :

कुखुरी काँ
बासी भात खाँ
खोइ बासी भात?
बिरालाले खायो,
खोइ बिरालो ?
मुसा मार्न गयो ---
खोइ दुलो ?
गाईले कुल्च्यो ।

\+ + + + + +

जेठै र मासका यति चर्को घाम
कोदोमा रोपन जानु छ

\+ + + + + +

छुपुमा छुपु धानै र रोपम्
हातमा बीउ छउन्जेल

\+ + + + + +

बाबाका दैलामुनि सुन्तलाका विरुवा
लहलह परेको पात बरिलै ।

\+ + + + + +

दैलामुनि आँपको वगैंचा
जाँ गए नि करिम सँगै छ

\+ + + + + +

वनभित्र कटुस चिलाउनी

छाँयाँ दिने काँ गयौं बिलाउनी

\+ + + + + +

सालको पात बजाउँदै झरौंला

नरौ माया म आउँदै गरौला [ज्ञड]

### २.३.३ नदी, ताल र झरना

कास्की जिल्लामा ठूला नदीदेखि लिएर ससाना खोलाहरू पनि छन् । जिल्लाको उत्तरी भागमा रहेको हिमालयको हिउँ पग्ली उत्पत्ति भएका नदीहरूमा बारै महिना पानी हुन्छ । जिल्लाको मुख्य नदी सेती गण्डकी हो । यो नदी जिल्लाको बीचबाट बग्ने हुँदा यसले जिल्लालाई मोटामोटी दुई भागमा बाँडेको पाइन्छ । यस नदीमा मिल्न आउने सहायक नदीहरू साँघु, भलौंदी, सर्दी, मर्दी, याम्दी, काली, फुस्रे, विजयपुर, खुदी ताल र आँबु प्रमुख हुन् । छोटो दूरीभित्रै निकै उचाइबाट तल झर्ने भएको हुँदा यी नदीमा जमिन खियाउने शक्ति बढी पाइन्छ । यस जिल्लाका अन्य प्रमुख नदीहरूमा मादी र मोदी पर्दछन् । यिनका अतिरिक्त यस जिल्लामा अरू थुप्रै ससाना खोलाहरू पनि छन् ।

कास्की जिल्लामा उल्लेखनीय झरनाहरू नभए तापनि तालहरू निकै छन् । फेवाताल, रूपाताल, बेगनासताल, दिपाङ्गताल, मैदीताल, खास्टेताल आदि यस जिल्लाका प्रमुख तालहरू हुन् ।

कास्की जिल्लाको दक्षिण सिमानाको नजिकै तथा पोखरा विमानस्थलबाट करिब एक किलोमिटर पश्चिममा रहेको फेवा तालको क्षेत्रफल करिब चार वर्गकिलामिटर छ ।[ज्ञढ]

---

[ज्ञड] कुसुमाकर न्यौपाने , **कास्की जिल्लामा प्रचलित लोकगीतमा वृक्ष, वनस्पति र वन** (काठमाडौं : नेपाल अस्ट्रेलिया सामुदायिक वन परियोजना, २०४९) पृ ५,३७र ४७ ।

[ज्ञढ] ऐजन, पृ.३०२ ।

पश्चिमतिरबाट हर्पन खोला यस तालमा खसेको छ भने पूर्वतर्फबाट तालको पानी पार्दी खोलाका नामबाट बगेको छ ।

रूपा र बेगनासताल पोखरा बजारबाट करिब १२.८ किलोमिटर पूर्वमा रहेका छन् । पचबैया डाँडाले छुट्याएका यी तालहरूलाई उक्त डाँडाको बीचमा उभिएर हेर्न सकिन्छ । बेगनास तालको पानी खुदी खोलाका रूपमा निष्कासन भएको छ भने रूपा तालको पानी ताल खोलाका रूपमा निस्किएको छ । यी दुवै तालहरू सुक्ने क्रममा निरन्तर अग्रसर देखिन्छन् ।

यहाँ नदीनाला र ताल-पोखरी छन् भन्ने कुराको चित्रण यहाँका लोकगीतले गरेका छन्; जस्तै :

माछीलाई जाल पनि ताल पनि
म दुःखीलाई आम्दैन काल पनि ।
+ + + + + +
हरपन खोला बडेर डम्मै छ
मनमा के छ भन्निलाई सम्मै छ ।

## २.४ समाज

कास्की जिल्लाका बासिन्दाहरूको सांस्कृतिक र जातीय पृष्ठभूमि भिन्नभिन्न किसिमको छ । मातृभाषा नेपाली हुनेहरूको सङख्या अधिकतम छ भने त्यसपछिको स्थान गुरुङ भाषाले लिएको छ । त्यसपछि नेवारी, मगराँती, तामाङ आदि भाषाको स्थान रहेको देखिन्छ । नेपाली भाषालाई मातृभाषाका रूपमा बोल्ने मानिसहरूमा बाहुन, छेत्री, जोगी, कामी, दमाई, सार्की, गाइने आदि विभिन्न जातहरू पर्दछन् । गुरुङ, नेवारी र तामाङ मातृभाषा बोल्नेहरू नेपाली मातृभाषा बोल्नेहरू भन्दा सांस्कृतिक पृष्ठभूमिमा मात्र फरक नभई शारीरिक बनावट पनि फरक रहेको देखिन्छ ।

२०५८ सालको जनगणनाअनुसार कास्कीको कुल जनसङ्ख्या ३,८०,५२७ मध्ये हिन्दू ३,१०,९४६, बौद्ध ६०,४३५; इस्लाम २,६२०; किँरात १८०; जैन ३६; क्रिस्चियन ३,०१६; सीख ८२ र अन्य ३,२३२ रहेका छन् ।[द्दण]

## २.४.१ संस्कार

कास्की जिल्लामा हिन्दू र बौद्ध धर्म प्रचलित रहेको देखिन्छ । हिन्दू जीवनपद्दतिमा जन्मदेखि मृत्युपर्यन्त गरिने संस्कारहरूलाई षोडश संस्कार भनिन्छ । बालक जन्मेको छ दिनमा छैठी, ९ वा ११ दिनमा नामकरण (न्वारान) गरिन्छ । बालक छ महिनाको भएपछि पास्नी, ८ वर्ष पुगेपछि बालकको व्रतबन्ध र बालिकाको विवाह, अछुत मानिएका जातका बालकहरूको छेवर गर्ने चलन यहाँ पहिले थियो । मृत्यु हुने बेलामा वैतरणी, चौरासी वर्ष पुगेपछि चौरासी, मुत्यु भएपछि काजक्रिया र बर्सैपिच्छे पिण्डदान गर्ने चलन कास्कीमा पहिले व्याप्त रहेको पाइन्छ । कास्की जिल्लाकै पृष्ठभूमिमा विचार गर्ने हो भने नेवार, तामाङ तथा यस्तै अन्य जातिहरू अल्प संख्यामा भएकाले यहाँ मुख्य चर्चायोग्य जातजातिहरू नेपाली मातृभाषा भएका जातिहरू र गुरुङ मातृभाषा भएका मात्र हुन् । यिनीहरू कास्की जिल्लामा मात्र पाइने नभएर नेपालमा अन्यत्र पनि पाइने जातजातिहरू हुन् । हिन्दू धर्मअन्तर्गतको जात प्रथामा पर्ने बाहुन, छेत्री, जोगी, कामी, दमाई आदि जातिहरू देशव्यापी हिन्दू धर्म र हिन्दू सभ्यताको फैलावटको क्रममा यहाँ पनि फैलन आइपुगेका हुन् । यी जातहरूमा कसैको पनि आफ्नै मौलिक भौगाोलिक परिवेश छैन । गण्डकी अञ्चलको पहाडी भाग गुरुङहरूको मूलथलो हो । यस अञ्चलको सीमानाका आधारमा गुरुङ जातिको परिवेशलाई हेर्दा यस अञ्चलमा यस जातिको सबभन्दा बढी संख्या लमजुङ जिल्लामा रहेको देखिन्छ ।[द्दज्ञ]

---

[द्दण] **कास्की जिल्ला एक चिनारी,** जिल्ला विकास समितिको कार्यालय, सूचना तथा अभिलेख केन्द्र, कास्की, २०६२ ।

[द्दज्ञ] **मेची देखि महाकाली** (भाग ३), पूर्ववत्, पृ,. ३२३ -३२४।

कास्की जिल्लाका गुरुङहरूले गर्ने संस्कारहरूमा नाम राशि जुराउनु, छैठी, न्वारान, पास्नी, पुटपुटे, छ्यौर, विवाह, अन्त्यष्टि क्रिया, अर्घुं, आदि पर्दछन् ।[द्द] कास्कीका मगर जातिको संकार ब्राह्मणसँग मिल्दोजुल्दो रहेको पाइन्छ । कास्कीमा छेत्रीहरूलाई काजी, मगरलाई बर्कुमारी, गुरुङलाई मुखिया, दमाईलाई नगरकोटी कटुवाल, कामीलाई विश्वकर्मा, सार्कीलाई मिजार, गाइनेलाई गन्धर्व, ब्राह्मणलाई बाजे, ज्योतिषीलाई जैसी र व्यापारीलाई साहुजी भन्ने चलन रहेको देखिन्छ ।[द्घ] गुरुङ माज चारजाते र सोरजाते दुई समूहमा बाँडिएका छन् । चारजाते गुरुङका थरहरू घले, घोताने, लामा र लामिछाने हुन् । अहरू थरहरूलाई भन्दा घलेलाई बढी सामाजिक मान्यता प्राप्त छ भनिन्छ ।[द्ढ] घले थर हुनेहरूले कुखुरा र राँगाको मासु खाँदैनन् । केही घलेहरूले आफूलाई गुरुङ भन्दा बेग्लै भनेको पनि पाइन्छ । लामा थरका गुरुङले पुरोहित भई कर्मकाण्ड चलाउने गर्दछन् । विभिन्न तिब्बती बौद्ध ग्रन्थहरू लामाविद्या अभ्यास गर्ने गुरुङहरूलाई पनि लामा नै भनिएको पाइन्छ । लामालाई गुरुङ समाजमा सम्मानका दृष्टिले हेरिन्छ । पढेर लामा भएका मानिसका सन्तानले पनि पछि लामा थर अपनाउने गर्दछन् । लामाहरूको कर्मकाण्ड लामाबाट नै हुनुपर्ने र सोरजाते गुरुङहरूको कर्मकाण्ड घ्याप्रिङ पुरोहितबाट हुने गर्दछ ।[द्छ]सोरजाते समूहमा १६ भन्दा बढी थर रहेका देखिन्छन् । ती हुनः कोम्जे, चोर्मे, दोर्जाली, योज्मे, क्यब्जे, जङग्रे, पाइगी, रिलामे, खात्र, थिमे, पोम्मे, सोगुन, खोलाली, थोर्जामी, ह्मज्यु, घ्याब्रे, थोर्छे, मिगी ।

सोरजाते गुरुङहरू आफ्नो नाम लेख्दा थर नलेखी गुरुङ मात्र लेख्ने गर्दछन् । कुनैकुनै सोरजाते गुरुङले चारजाते गुरुङसँग वैवाहिक सम्बन्ध पनि जोडेको पाइन्छ ।कास्कीका लोकगीतमा कस्केली संस्कारको अभिव्यक्ति भएको पाइन्छ; जस्तैः

फुका केस जम्ला हात ठुलो हाम्रो वरत
आजका र दिनभरि ठुलो हाम्रो वरत ।

---

[द्द] राजाराम सुवेदी, पूर्ववत् , पृ. २१४ ।

[द्घ] ऐजन ।

[द्ढ] **मेचीदेखि महाकाली** (भाग ३). पूर्ववत्, पृ. १९७ ।

[द्छ] ऐजन पृ. १९८ ।

### २.४.२ लवाइखवाइ

कास्की जिल्लामा मौसम र श्रमअनुसार बेग्लाबेग्लै प्रकारको खाना खाइन्छ । दाल, भात, तरकारी, चट्नी, छोप, अचार, रोटी, जाउलो, खोले, पान्रोटी, ताप्केरोटी, भुटेका मकै, भुटेको जुनेलो, लटे, उसिनेको पिँडालु, बफाएको गाभा, पोलेका गिठा, भ्यागुर, तरुल, तितौरा-मस्यौरा, गुन्द्रुक, सिन्की,अर्मले, हलहले, बाकन, सिप्लीकान, न्युरो, जलुका, सकरखण्ड, छत्रे आदि परिकार यहाँका खाद्यवस्तु हुन् । सुन्तला, निबुवा, कागती, बेलौती, ज्यामिर, अमला, दमौरा, बिमिरा, ऐँसेलु, चुत्रो, काफल, किंम्काफल, मलो, केरा, नास्पती, कडास्याउ, मेवा, आँप, आरुवखडा, मेहेल, कटुस, लौसी, गुएली, तामा-टुसा, कालीकाठ आदि यहाँका फलफूल र कन्दमूल हुन् । मौसमअनुसार यी फलफूल र कन्दमूलको उपभोग कास्कीमा हुने गरेको पाइन्छ । जात्रा, मेला र पर्वमा तयार गरिने परिकारमा सेल, खीर, लावा, च्युरा, सिरौला, अर्सा, लाउन, ख्युनी, मालपुवा, पुवा, फिनी, झिलिङ्गा, हलुवा, चाम्रे, पुरी, कुरौनी, लटे, फुरौला, पकौडी, कसार, न्वागी आदि पर्दछन् । दूध, दही, मही, घ्यू आदि उपल्लो वर्गका र ठूलो जात मानिएका मानिसहरूले खाने गरेको पाइन्छ भन रक्सी, जाँड, मासु, ठेटा आदि तल्लो जात मानिएका मानिसहरूले प्रयोग गर्ने गरेको पाइन्छ ।[२८]

कास्कीमा जात, पेसा, उमेर, परिस्थिति र समयका आधारमा छुट्टाछुट्टै प्रकारका लुगा लगाउने चलन रहेको पाइन्छ । लुगा जस्तै गरगहना पनि अलगअलग लगाउने चलन रहेको पाइन्छ । पुरुषहरूले लगाउने लुगा फेटा वा फेता, साफा, ठाडो भोटो, पटुका, इस्टकोट, कछाड, भाङ्ग्रा, टोपी, धोती, जुत्ता, चप्पल, खराउ, दोचा, हाफ्लुङ आदि हुन् । उनीहरूले लगाउने गहनाहरूमा कानका मुन्द्री, टप, बाँधेका दाँत, हातका पोटली, बाला, सुनका जन्तर, रुद्राक्ष, माहुर, कम्मरपोस, गलाको माला, आदि पर्दछन् ।[२९]

---

[२८] राजाराम सुवेदी, **पूर्ववत**, पृ. २१४-२१५ ।

[२९] ऐजन, पृ. २१६-२१७ ।

नारीहरूले लगाउने लुगाहरू हुन् - मजेत्रो, टिकी, घलेक, गुन्यू, चोलो, पटुका, दोसल्ला, झोलुङगी, सोसा, ढाका, घाघर आदि । उनीहरूले लगाउने गहनामा नाकाका नत्थी, फुली,बुलाकी, टिकी, चन्द्रमा, शिरफूला, शिरबन्दी, तिलहरी, ढुङ्ग्री, गिल्टेका बाला र कल्ली, डोरी, माडबारी, सिलमुन्द्री, कण्ठी, नौगेडी, मुगा, पोते, चुरी, असर्फीका औँठी, माला, जन्तर, झोक, चेप्टे सुन, झम्केफुली, कल्ली, चारपाटे काँडेवाला, काँडेगेडी, बिन्दी, अडिस, रैया, सैँया आदि पर्दछन् ।[६ड]राती प्रयोग हुने कपडामा सिरक, डसना, तकिया, काम्लो, थाग्नो, पाखी, दोलाई, कम्बल, दरी, घुम, खाम्लेखुम्ले, छटकी, कानेटोपी, सुरवाल, बक्खु, मोचा, पन्जा, च्याले, आदि पर्दछन् यसरी कास्की जिल्लामा उमेर, परिस्थिति, जात र समयअनुसार अलगअलग कपडा र गहनाहरूको प्रयोग भएको पाइन्छ ।

यहाँको लवाइखवाइको चित्रण यहाँ प्रचलित लोकगीतले यसरी गरेको पाइन्छ; जस्तै :

पातली नानीलाई फरिया किन्दा
छ बीस रिन लायो ।
+ + + + + +
मियाका टुप्पामा बसिहालो कोइली
आजका दँदेरालाई घिउका चोइली ।

### २.४.३ जातजाति

वि.सं. २०५८ को जनगणनाअनुसार कास्कीमा ८३ प्रकारका जातजातिको बसोबास भएको पाइएको छ । तिनीहरूको सङ्ख्या यस प्रकार रहेको छ :[६ढ]

१. छेत्री ५५,९१८

२. ब्राह्मण -पहाडी १,१४,८९९

३. मगर २३,५२२

---

[६ड] ऐजन ।

[६ढ] **कास्की जिल्ला एक चिनारी**, पूर्ववत् ।

४. थारू ९१७

५. तामाङ ७,९८३

६. नेवार २०,११७

७ मुस्लिम २,६४२

८. कामी २६,२८०

९. यादव २५८

१० राई १,८३८

११ गुरुङ ६९,०३८

१२ दमाई/ढोली १४,८६४

१३. लिम्बू २६४

१४ ठकुरी ४,७८५

१५. सार्की ९,३१५

१६. तेली ३२६

१७. चमार/हरिजन ९२

१८. कोइरी ११६

१९. कुर्मी २३

२०. सत्यार ३,७७३

२१. धानुक ७

२२. मुसहर ६

२३. दुसाद/पासवान ६

२४. सेर्पा ६०५

२५. सुनार ४,३८४

२६. किरात ५५

२७. ब्राह्मण तराई ३९५

२८. बानियाँ ४८४

२९. घर्ती/भुजेल ४,७९४

३०. मल्ल २१

३१. कल्बार २४८

३२. कुमाल १,७६४

३३. हजाम/ठाकुर १९७

३४. कनु ४०

३५. राजवंशी १३

३६. सुनुवार ८६

३७. सुधीन २५

३८. लोहार १३

३९. धोबी २६

४०. माझी २६५

४१. कमहर १९

४२. चेपाङ्ग(पर्जा) १८

४३. हलुवाई १२

४४. राजपुत ५९

४५. कायस्थ ८६

४६. बाधिम १०

४७. मारवाडी ८६

४८. सन्थाल/सतार १

४९. धगार/झागर ६

५०. कहर १२

५१. गन्गाई ९३

५२. राजबहार १८

५३. थामी ७

५४. धमाल ३२

५५. धोती ५५

५६. बीङ्ग/बिन्दा ३

५७. भिडियार/गान्धी ८

५८. नुराङ्ग ९८

५९. दराई १८

६०. ताजपुरिया १

६१. थकाली १,९९७

६२. चिडिमार ७

६३. माली ४

६४. बङ्गाली ४९

६५. छन्त्याल १३६

६६. कमार १७

६७. बोटे २२

६८. ब्राह्मु/बरमु २

६९. गाईने ५०५

७०. जिरेल ११

७१. आदिवासी/जनजाति ५

७२. दुरा २०९

७३. बादी ५

७४. मेचे ३

७५. लेप्चा ६

७६. हलखोर १

७७. पञ्जाबी /सीख ५

७८. किसान ३

७९. राजी ७

८०. हायु १

८१. धुनिया १

८२. दलित/पहिचान नभएको ५,०२२

८३. पहिचान नभएको १,४७३

यसरी कास्की जिल्लामा पहिचान भएका ८१ जातजाति र पहिचान नभएका दुई जातजाति गरी ८३ प्रकारका जातजातिको बसोबास रहेको देखिन्छ । उपयुक्त तालिका हेर्दा कास्कीमा सबैभन्दा धेरै ब्राह्मण-पहाडी (१,१४,८९९) र सबैभन्दा थोरै सन्थाल वा सतार, ताजपुरिया, लहखोर, हायु, धुनिया (१-१ जना) रहेका देखिन्छन् ।

## २.५ शैक्षिक स्थिति

नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, जिल्ला शिक्षा कार्यालय, कास्कीले प्रकाशन गरेको 'कास्की जिल्लाको शैक्षिक विवरण-२०६३' अनुसार कास्की जिल्लामा जम्मा सामुदायिक विद्यालय ४३० रहेका छन् । तीमध्ये प्राथमिक विद्यालय २९७, निम्नमाध्यमिक विद्यालय ४०, माध्यमिक विद्यालय ६७ र उच्च माध्यमिक विद्यालय २२ रहेका छन् । संस्थागततर्फ प्राथमिक विद्यालय ५६, निम्न माध्यमिक विद्यालय १९, माध्यमिक विद्यालय १०० र उच्च माध्यमिक विद्यालय १६ गरी जम्मा १९१ रहेका छन् । त्यस्तै पोखरा विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, इन्जिनियरिङ अध्ययन संस्थान, वनविज्ञान अध्ययन संस्थान र नर्सिङ्ग क्याम्पस १-१ गरी ५ र अन्य सम्बन्धन प्राप्त क्याम्पस १० गरी जम्मा १५ क्याम्पस वा विश्वविद्यालय कास्की जिल्लामा रहेका छन् । कास्की जिल्लाको साक्षरता प्रतिशत २०६३ सालको तथ्याङ्कअनुसार ७२% रहेको छ ।[घण]

कास्की जिल्लाका लोकगीतमा शिक्षाका बारेमा चर्चा भएको पाइन्छ; जस्तै :

वेदमा अच्छेर काला हुन्चन्, राजै नपड राजै पोस्तक ।

## २.६ प्रसिद्ध ठाउँहरू

कास्की जिल्लामा थुप्रै प्रसिद्ध स्थानहरू छन् । ती स्थानहरूले धार्मिक र ऐतिहासिक महत्त्व बोकेका छन् । तीमध्ये केही प्रमुख स्थानहरूको परिचय तल दिइएको छ ।

---

[घण] **कास्की जिल्लाको शैक्षिक विवरण,** (कास्की : जिल्ला शिक्षा कार्यलय, २०६३), पृ.२ ।

## २.६.१ पोखरा बजार

कास्की जिल्लाको दक्षिण सिमानामा पर्ने पोखरा बजार पश्चिमाञ्चल विकास क्षेत्र, गण्डकी अञ्चल र कास्की जिल्लाको सदरमुकाम हो । पोखरा बजारको पूर्वतर्फ लेखनाथ नगरपालिका, दक्षिणतर्फ निर्मलपोखरी, कृस्तीनाच्नेचौर र पुम्दीभुम्दी गा.वि.स., पश्चिमतर्फ सराङ्कोट गा.वि.स., उत्तरतर्फ काहुँ र आर्वाविजय गा.वि.स. पर्दछन् । पोखराबाट उत्तरतिर देखिने माछापुच्छ्रे हिमालको अलौकिक सुन्दरता र अन्नपूर्ण हिमशृङ्खलाको मनोरम दृश्य एकातिर छन् भने पोखरा उपत्यकाभित्र नै बजारको दक्षिणतिर विशाल फेवाताल र बजारको बीचमा जमिनलाई सोझै चिरेर सयौं फिट तलबाट बगेको साँगुरो, सेतो र गहिरो सेती गण्डकी नदी त्यत्तिकै आकर्षक छन् ।[घज्ञ] यी तथा अन्य विभिन्न कारणहरूले गर्दा पोखरा नेपालको एउटा अत्यन्त महत्त्वपूर्ण पर्यटकीय स्थलका रूपमा विकसित हुँदै गइरहेको छ । यो स्थान पश्चिम नेपालका विभिन्न हिमशृङलाहरू आरोहण गर्ने संयोजनस्थल बन्नाका साथै कालीगण्डकी उपत्यकातिर पैदलयात्रा गर्ने पर्यटकहरूको आधार शिविर पनि हुन पुगेको छ । उत्तरदेखि दक्षिणसम्म फैलिएको यो बजार ६ किलोमिटर लामो छ । यसको दक्षिणीछेउमा डेभिडफल भन्ने ठाउँ छ जहाँ फेवातालबाट निस्केको पानी जमिनमुनि दबेर जान्छ ।

वि.सं. २०२२ सालमा निर्मित महेन्द्रपुल, फेवातालको बीचमा अवस्थित तालबाराही मन्दिर, पोखरा बजारबाट उत्तरपश्चिमतिर रहेको विन्ध्यवासिनी मन्दिर, उत्तरतर्फको महेन्द्रगुफा, डेभिडफल (पालाले छाँगो) देखि दक्षिणतर्फ नजिकै रहेको गुप्तेश्वर महादेवगुफा, गण्डकी नदीको के.आई.सिंह पुल, बजारको पूर्वपट्टि रहेको भद्रकाली मन्दिर, पोखराको नदीपुरमा अवस्थित नारायणथान मन्दिर, गण्डकी अस्पतालको पछाडिपट्टि रहेको रामघाट, पोखराको नयाँबजारमा अवस्थित क्षेत्रीय सङ्ग्रहालय, पोखरा विमानस्थल, पृथ्वीनारायण क्याम्पसभित्र रहेको सङ्ग्रहालय आदि पोखरा बजारका महत्त्वपूर्ण आकर्षण हुन् । वि.सं. २००९ देखि हवाई सेवा सुरु भएपछि

---

[घज्ञ] **मेचीदेखि महाकाली** (भाग-३), पूर्ववत् पृ. ३१४ ।

यस बजारको विकास द्रुततर गतिमा अगाडि बढेको पाइन्छ । फिसटेल होटल, क्रिस्टल होटल, होटल फेवा प्रिन्स, हङ्ग्रीआइ होटल, अन्नपूर्ण होटल, रोदी होटल, फूलबारी रिसोर्ट होटल, स्नो ल्यान्ड, होटल रवि, होटल आनन्द आदि होटलहरूले स्वदेशी तथा विदेशी पाहुनालाई सेवा पुऱ्याई पोखरा बजारको विकासमा टेवा पुऱ्याएको देखिन्छ । पृथ्वीनारायण क्याम्पस, इन्जिनियरिङ्ग अध्ययन संस्थान, मणिपाल शिक्षण अस्पताल, वनविज्ञान अध्ययन संस्थान, पोखरा नर्सिङ्ग क्याम्पस, जनप्रिय बहुमुखी क्याम्पस, कालिका बहुमुखी क्याम्पस आदि उच्च शैक्षिक संघसंस्थाले पोखराबाट शैक्षिक जनशक्ति विकास गर्ने कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ ।

पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, मणिपाल शिक्षण अस्पताल, फिसटेल हस्पिटल, पोखरा हस्पिटल, पद्मनर्सिङ् होम, फेवा सिटी हस्पिटल आदि अस्पतालहरूले विरामीहरूको उपचार गरेर स्वास्थ्य क्षेत्रमा योगदान पुऱ्याएको देखिन्छ । मर्दी खोलाबाट ल्याइएको पानी पोखरा बजारका बासीन्दाले उपभोग गर्दछन् । यसरी पोखरा बजार कास्की जिल्लाको महत्त्वपूर्ण स्थानमध्ये पहिलो हो भन्न सकिन्छ ।

### २.६.२ कास्कीकोट कालिका मन्दिर

कास्की जिल्लाको सदरमुकाम पोखराबाट ११ किलोमिटर पश्चिममा रहेको कास्कीकोट गा.वि.स.को उत्तरतर्फ पर्ने कास्कीकोट कालिका मन्दिर ऐतिहासिक तथा धार्मिक दृष्टिले महत्त्पूर्ण स्थल मानिन्छ । यस मन्दिरका वरिपरि मौलो (नाथ) भग्न दरबार, काहाल बनाउने ढुङ्गो, रानीले कपाल कोर्ने ढुङगो, राजारानीले घाम ताप्ने ढुङ्गा, ठूलीपोखरी झाँक्रीथान, थामाको गरो, मनकान्छीको थान, रक्षक बस्ने ढोका, गाइने बारी, न्याय दिने ढुङ्गो, सुरुङ र गुप्ती बाटो, पानी खन्याउने ढुङ्गाको ओखल, भैरवथान, ठूलाढुङ्गाका सिँढी, राजाको इनार, सिकारी ढुङ्गो, पूजाका भाँडावर्तन, ऋषि कश्यपको कुटी र पोखरी, सराङ खेल्ने धुपीचौर, मानिस काटिएको पँधेरो, राँगापाडा गुल्ट्याउने भीर आदि ऐतिहासिक स्थानहरू छन् । यस मन्दिरका पुजारीलाई पाडा पुजारी भन्ने गरिन्छ । यी पुजारीहरूले चैतेदसैं, वडादसैं तथा अन्य चाडपर्वमा पूजा गर्दछन् भने यस मन्दिरमा नियमित रूपमा पनि पूजा हुने गर्दछ । अन्य समयमा भन्दा

बडादसैँमा यस मन्दिरमा धूमधामसँग पूजा हुने गर्दछ । त्यस अवसरमा कुँवर क्षेत्रीले सराङ खेल्ने, शाह राजाका प्रतिनिधिले राजबराज्यूको पूजा गर्ने, मगल्यानीले मागल गाउने, वरकुमारी (बरकुम्ली) ले लिपपोत गर्ने, कल्स्यौलीहरूले कलस बोक्ने, नगरकोटीले नगरा बजाउने गन्धर्वले सारङ्गी बजाउने पुजारीले पूजा गर्ने, ज्योतिषीहरूले रागमाश्री गाउने, त्रिपाठीहरूले वेदपाठ गर्ने राना मगरहरूले गुप्तकालिकाको पूजा गर्ने, राजगुरुले स्वस्तिवाचन गर्ने चुवाईहरूले मौल नाथ ल्याउने परम्परा रहेको पाइन्छ ।[घद्द]

## २.६.३ अन्य केही प्रसिद्ध स्थलहरू

कविशिरोमणि लेखनाथ पौड्यालको जन्म भएको ठाउँ अर्चले, पोखरा उपत्यका र अरू ठाउँको मनोरम दृश्य हेर्न सकिने सराङकोट, काहुँडाँडा, बुद्धविहार, ढुङ्गेसाँगु, ऋषिकुल आश्रम (तल्लो जेम्जा) चुरुङ्गा शिवालय (पुरन्चौर), धारापानी शिवालय ( ढिकुरपोखरी), सार्दीखोलाको नुनिलो तातोपानी, शान्ति स्तूप, तक्मेल देउराली ( पुरुन्चौर) पुरानो घलेले राज्य गरेको ठाउँ (अर्मलाकोट), सदाशिव मन्दिर ढुङ्गे साँघु, चीसाखोला ब्रह्मचर्याश्रम (सराङकोट) ह्याङ्जाको मौलादेवी मन्दिर (धिताल), अजिमलादेवी मन्दिर (रूपाकोट), खड्गाउँकोट (कास्कीकोट), सराङकोट (पर्यटकीय स्थल), पाङ्दुरकोट (पाङदुर), अर्घौकोट (अर्घौं), राजाको चौतारो (सिसुवा), रूपाकोट, घान्द्रुक, (पर्यटकीय स्थल), वेगनासताल, रूपाताल, फेवाताल, दिक्पाङताल, खास्टेताल, मैदीताल, न्युरेनीताल गुँदेताल, बुडुवाताल, काहुँको भ्यू टावर, अन्नपूर्ण बेसक्याम्प, पञ्चासे डाँडा विजयपुर खोलो, कोत्रे खोलो, इदी खोलो, मर्दी खोलो, काली खोलो, काहुँ खोलो, हर्पन खोलो, सुइँखेत खोलो, सेती गण्डकी नदी, मादी नदी माझथुम्काको मन्दिर (कास्कीकोट) आदि पनि ऐतिहासिक, धर्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण मानिन्छन् ।

---

[घद्द] राजाराम सुवेदी, **पूर्ववत्**, पृ. ४०-४१ ।

## २.७ निष्कर्ष

वि.सं. १५४६ भन्दा पहिले स्थापना भएको कास्की राज्यको नामकरण कश्यप ऋषिको नामबाट गरिएको देखिन्छ । नेपालका चौध अञ्चलमध्ये गण्डकी अञ्चलमा पर्ने कास्की जिल्ला २८°६' देखि २८°३६' उत्तर अक्षांश र ८३°४०' देखि ८४°१२' पूर्वी देशान्तरभित्र फैलिएको छ । हिमाली, लेकाली, ठन्डा शीतोष्ण मनसुनी र अर्ध-उष्ण हावापानी भएको कास्की जिल्लामा अनेक प्रकारका वनस्पति र पशुपक्षी पाइन्छन् । सेती गण्डकी, मर्दी लगायतका थुप्रै नदीहरू र फेवा, वेगनास, रूपाजस्ता थुप्रै तालहरू भएको यस जिल्लामा पातालेछाँगो नामक एउटा झरना छ । धेरै जनसङ्ख्या हिन्दू धर्मावलम्बीहरू रहेको यस जिल्लामा बौद्ध, इस्लाम, किरात, जैन, क्रिस्चियन, सीख आदि धर्मावलम्बीहरूको सङ्ख्या पनि उल्लेख रहेको देखिन्छ । विभिन्न जातजातिअनुसारको संस्कार पाइने यस जिल्लामा जात, पेसा, उमेर, परिस्थिति र समयअनुसार लाउनेखाने चलन पाइन्छ । एकासी प्रकारका पहिचान भएका र दुई प्रकारका पहिचान हुन नसकेका गरी ८३ प्रकारका जातजाति बस्ने कास्की जिल्लाको साक्षरता प्रतिशत बहत्तर रहेको देखिन्छ । पोखरा बजार, कास्कीकोटको कालिका मन्दिर, फेवा ताल, बेगनास ताल लगायतका थुप्रै ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण स्थानहरू यस जिल्लामा रहेका छन् । लोकसाहित्यका दृष्टिले पनि यो जिल्ला प्रसिद्ध र महत्त्वपूर्ण रहेको छ ।

# तेस्रो परिच्छेद

# लोकगीतको सैद्धान्तिक परिचय

## ३.१ पृष्ठभूमि

लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोकगीत एक विधा हो । शाब्दिक रूपमा हेर्दा लोकको साहित्य नै लोकसाहित्य हो । युगौँदेखि मौखिक वा श्रुतिपरम्पराबाट आउने र एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने अलिखित साहित्य नै लोकसाहित्य हो । व्यक्तिविशेषको रचना भएर पनि सामूहिक हुनु र अलिखित रूपमा हुर्केर पनि जनमानसमा रहिरहनु यसका पहिचान हुन् ।[३३] लोकसाहित्यका लोककथा, लोकगीत, लोकगाथा, लोकनाटक, उखान, टुक्का र गाउँखाने कथा गरी मुख्य भेद हुन् ।

लोकसाहित्यका भेदहरूमध्ये लोकगीत प्रमुख भेद हो । कुनै पनि व्यक्ति, समुदाय र राष्ट्र लोकगीतबाट प्रभावित भएकै हुन्छन् । लोकगीतको रचनाकार र रचनाकाल अज्ञात हुन्छ । यसको मौलिक स्वरूपका बारेमा किटान गरेर भन्न सकिँदैन । यस सन्दर्भमा लोकगीतलाई कुनै महानदीमा हजारौँ वर्षसम्म बग्दै हजारौँ किलोमिटरको दूरी पार गरेको ढुङ्गासँग तुलना गरेको पाइन्छ ।[३४] नदीमा बग्न सुरु गर्नु भन्दाअगिको ढुङ्गाको स्वरूपबारे किटानसाथ भन्न नसकिएझैं आजको स्वरूपमा आइपुग्दा लोकगीतमा देखापरेका परिवर्तनका बारेमा पनि निश्चित गर्न सकिँदैन । आरम्भिक कालदेखि वर्तमानसम्म आइपुग्दा लोकगीतमा देखापरेका भाषिक, साङ्गीतिक, प्रस्तुतिगत र भावगत परिवर्तनबारे यकिनसाथ भन्न सकिँदैन ।

आदिम मानिसले वाणीको पहिलो साक्षात्कार गीतका रूपमा गऱ्यो भनेर मात्र नभई लोकगीतको विशाल सङ्ख्या र प्रचुर व्याप्तिले पनि लोकसाहित्यमा प्रमुख स्थान रहेको देखिन्छ । बालबालिकाका रूपमा बुर्कुसी मार्दै वा तिनैलाई झोलुङ्गामा

---

[३३] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक,** (काठमाडौं: वीणा प्रकाशन, २०५७), पृ.२६ ।

[३४] गोविन्द आचार्य, **लोकगीतको विश्लेषण** (काठमाडौं :पैरवी प्रकाशन, २०६२) , पृ. १ ।

हल्लाउँदै, जाँतो-ढिकी चलाउँदै, खेतबारी र वनपाखामा ढल्किँदै अनि मेलाहरूमा रमाउँदै र चाडपर्वमा रौसिदै लोकगीतका भाकाहरू गाइन्छन् ।[३५]

शोक र वियोगका सुस्केरा लोकगीतमा सुसेलिन्छन् । राष्ट्रिय र जातीय गौरव, सांस्कारिक क्रियाकलाप, धार्मिक पूजाआजा आदिलाई पनि लोकगीतले टिपेकै हुन्छन् । यसमा विद्यमान् शृङ्गार, करुण, वीर, हास्य, शान्त आदि रसका भावातिरेकमा लोकगायक र श्रोताले आफैँलाई बिर्सिदिन्छन् । वस्तु पक्ष भन्दा भावपक्ष र मस्तिष्क भन्दा हृदय लोकगीतमा आएको हुन्छ ।[३६]

थोरै शब्दमा धेरै कुरा अटाउने र कर्णप्रिय तथा गेयसाध्य हुने भएकाले पनि लोकगीत सारै लोकप्रिय विधाका रूपमा स्थापित छ । मानिस सुखदुःखका संवेदनाले आन्दोलित हुँदा स्वभाविक रूपले गीतका अज्ञात लय ओठमा खेल्छ । मानिसले जब अनुभूतिसँग साक्षात्कार गर्छ त्यस बेला उसको रागात्मक प्रवृत्ति लयबद्ध भई भावमा उनिएर निस्कन्छ र त्यसले गीतको रूप लिन्छ ।[३७] लोकगीतलाई लोकपद्यको छोटो, चुट्किलो र आख्यानरहित गेय रचनाका रूपमा लिइन्छ । सम्पूर्ण लोकमानसमा चेतन वा अचेतन अवस्थामा रहेका भावना जब सरल र सहज रूपमा गीतिबद्ध भएर अभिव्यक्त हुन्छन् तब ती लोकगीत बन्दछन् । लोकगीत ग्रामीण संस्कृतिको गर्भबाट निस्कने नदीले प्रवाहजस्तै भए पनि यसले ग्रामीण समाजलाई मात्र प्रवाहित नगरी समग्र मानवसमाजलाई नै शीतलता दिने काम गरिरहन्छ । सलसलाउँदो नदीले झासझुस, फोहोरमैला बगाएर लगेजस्तै लोकजीवनले पनि गीतद्वारा आफ्ना जीवनका दुःखपीडा विषमतालाई धुन्छन्, पखाल्छन् र त्यसैमा रम्छन्, भुल्छन् । यसरी लोकले जीवनसङघर्षमा पाएका अनुभवलाई सँगेट्ने लोकगीत त्यस्तो वृक्ष हो जसमा सधैँ नयाँ

---

[३५]जीवेन्द्रदेव गिरी, **लोकसाहित्यको अवलोकन**, (काठमाडौं : एकता प्रकाशन २०५७), पृ. २५।

[३६] ऐजन ।

[३७] कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. ४३ ।

हाँगा र पात लाग्दै, फूल फुल्दै जान्छन् ।[३८] यसै वृक्षको छायाँमा लोकजीवनले आफ्नो गीत सञ्चरित गर्दै लान्छ ।

लोकगीत मानवजीवनको सुरुआतसँगै अस्तित्वमा आएको पाइन्छ । लोकजीवनको गतिशीलतासँगै यो पल्लवित र पुष्पित हुँदै वर्तमानअवस्थासम्म आइपुगेको देखिन्छ । यसक्रममा कति लोकगीतहरू अस्तित्वमा आए र बिलाए भने कतिचाहिँ समय र लोकगायक अनुरूप परिवर्तन हुँदै हाल पनि अस्तित्वमा नै छन् हिजोआज त मौखिक परम्परामा बाँचेका भन्दा कसैले सिर्जना गरेका लोकगीतहरूको बाहुल्य रहेको देखिन्छ ।

## ३.२ लोकगीतको परिभाषा

लोकगीतको अध्ययन प्रारम्भ भएपछि विभिन्न विद्वान्हरूले विभिन्न प्रकारले लोककगीतलाई चिनाएका छन् । कुनै पनि गतिशील विधालाई एउटै परिभाषामा समेट्न सकिँदैन । यसको स्वरूपलाई हेरेर विभिन्न विद्वान्हरूले आआफ्नै प्रकारले लोकगीतलाई परिभाषित् गरेका छन् । यस्ता केही परिभाषा तल प्रस्तुत गरिन्छ :

(क) चूडामणि बन्धु : लोकगीत भनेको लोकजीवनको रागात्मक स्वतःस्फूर्त लयात्मक अभिव्याक्ति हो ।[३९]

(ख) कृष्णप्रसाद पराजुली : लोकगीत लोकहृदयको स्वस्फूर्त सुकोमल लयात्मक अभिव्यक्ति हो ।[४०]

(ग) धर्मराज थापाः चोखो लय र शब्दको प्रभावबाट उठी जनजीवनलाई प्रभाव पार्न सक्षम भएको छ लोकगीत । यसैले मानवसिर्जनाको पहिलो प्रस्फुरण लोकगीत नै हो ।[४१]

---

[३८] ऐजन, पृ. ४४।

[३९] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य,** (काठमाडौं: एकता बुक्स, २०५८), पृ. ११५।

[४०] कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. ६९ ।

[४१] धर्मराज थापा, **गण्डकीका सुसेली** (काठमाडौं: ने.रा.प्र.प्र., २०३०) पृ. ख ।

(घ) गोविन्द आचार्य : लोकगीत भनेको सहज-स्वाभाविक उद्‌गार हो ।[४२]

(ङ) मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलः लोकभावना वा लोकविचारको मौखिक एवं श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने लयात्मक र गेय अवैयक्तिक भाषिक संरचनालाई लोकगीत भनिन्छ ।[४३]

बन्धुका परिभाषाअनुसार लोकगीतको उत्पत्ति लोकजीवनमा स्वतःस्फूर्त रूपमा हुन्छ । रागात्मक हुनु यसको विशेषता हो । लोकगाथा पनि लयात्मक हुने हुँदा लोकगीत र लोकगाथाबीचको भिन्नता यस परिभाषाले ठम्याउन नसकेको देखिन्छ । यसर्थ उनको परिभाषा अतिव्याप्ति दोषयुक्त रहेको पाइन्छ ।

बन्धु र पराजुलीका परिभाषामा शाब्दिक रूपमा दुईवटा अन्तर छन् : बन्धुको परिभाषामा रागात्मक र पराजुलीको परिभाषामा सुकोमल । यी दुई शब्दका प्रयोगगत तात्पर्यमा चाहिं खासै भिन्नता छैन । यसर्थ पराजुलीको परिभाषामा पनि लोकगाथा र लोकगीतबीचको भिन्नता छुट्याउन असमर्थ देखिन्छ । लोकगीतको परिभाषाले लोकगाथालाई पनि समेट्ने हुँदा उक्त परिभाषा पनि अतिव्याप्ति दोषयुक्त देखिन्छ ।

थापाको परिभाषाको पहिलो वाक्यले लयात्मकतातिर जोड दिएकाले लोकगीतलाई केही हदसम्म चिनाएको देखिन्छ तर लयात्मकता लोकगाथामा पनि हुने भएकाले उनको परिभाषा पनि माथिका परिभाषाहरूजस्तै अतिव्याप्ति दोषयुक्त नै देखिन्छ । दोस्रो वाक्यले लोकगीतको परिभाषाभन्दा उत्पत्तितर्फ सङ्केत गरेको पाइन्छ ।

आचार्यको परिभाषामा लोकगीतलाई सहजस्वाभाविक उद्‌गार मानिएको छ । लोकसाहित्यका हरेक विधा सहजस्वाभाविक हुन्छन् । यसकारण लोकसाहित्यको एउटा विधा लोकगीतलाई उनको परिभाषाले पटक्कै चिनाउन सकेको देखिँदैन । लोकगीतलाई चिनाउन खोज्दा समग्र लोकसाहित्य नै समेटिएकाले उक्त परिभाषा पनि अतिव्याप्ति दोषयुक्त नै देखिन्छ ।

---

[४२] गोविन्द आचार्य, पूर्ववत्, पृ.२ ।

[४३] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **लोकवार्ताविज्ञान र लोकसाहित्य** (काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, २०६३), पृ.७४।

शर्मा र लुइटेलको परिभाषाअनुसार लोकगीतको विषयवस्तु लोकको भावना वा विस्तार हुन्छ । यो श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जान्छ । यो लयात्मक र गाउन सकिने हुन्छ । प्रारम्भमा एउटा व्यक्तिले रचना गरेको भए पनि कालान्तरमा यो सामूहिक बन्दछ । यसको अभिव्यक्तिको माध्यम भाषा हो । यो एउटा निश्चित संरचनामा आबद्ध हुन्छ । यस परिभाषामा प्रस्तुत गरिएका 'लोकभावना वा विचार' र 'लयात्मक' शब्दावलीलाई लोकगीतका परिचायक आधार मान्न सकिन्छ । यसमा भाषिक संरचनाका बारेमा पनि थप चिनारी दिइएको छ ।

लोकगीतका परिभाषासम्बन्धी उपर्युक्त विश्लेषणपछि लोकगीतलाई यसरी परिभाषित गर्न सकिन्छ :

लोकभावना वा विचार लयात्मक मौखिक अभिव्यक्तिमा प्रस्तुत हुने अवैयक्तिक वा सामूहिक भाषिक संरचना नै लोकगीत हो ।

यस परिभाषाअनुसार लोकको भावना वा विचार लोकगीतको विषयवस्तु हुन्छ । यो लयात्मक हुन्छ र मौखिक रूपमा अभिव्यक्ति हुन्छ । यो निश्चित भाषिक संरचनामा प्रस्तुत गरिएको हुन्छ ।

## ३.३ लोकगीतका विशेषता

लोकसाहित्यका अन्य विधाहरूबाट लोकगीतलाई पृथक गराउने तत्त्वहरू नै लोकगीतका विशेषता हुन् । लोकगीतका परिभाषाहरू अलगअलग भएजस्तै यसका विशेषताका बारेमा पनि विद्वान्हरूले विभिन्न ढङ्गले चर्चा गरेका छन् । धर्मराज थापा र हंसपुरे सुवेदीले लोकगीतका विषेशताको उल्लेख गर्ने क्रममा निम्नलिखित ६ वटा बुँदाहरू दिएका छन्: १. गीतमा तीव्रता वा लयालुपना हुनु २. सरल, सरस र प्रभाविलो अभिव्यक्ति तथा शब्दविन्यास हुनु ३.सार्वजनिक मौलिक संवेग पाइनु ४.सूक्ष्म विश्लेषणको अपेक्षा प्रभावोत्पादक स्थूल चित्रण हुनु ५. कृतिमता (बनावटी) नहुनु ६. स्थान र सामायिकताको प्रभाव (छाप) पाइनु ।[द्धद्ध] कालीभक्त पन्तले स्थानीयता,

[द्धद्ध] धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना,** (काठमाडौ.: पाठ्यक्रम विकासकेन्द्र, त्रि.वि., २०४१), पृ.८२ ।

सामयिकता, भिन्न प्रसंगता (अप्रसंग),घटनात्मकता र छन्दोभङ्गतालाई लोकगीतका विशेषता मानेका छन् ।[द्धछ] कृष्णप्रसाद पराजुलीले अज्ञात रचयिता, सामूहिक भावभूमि , सहजता र स्वाभाविकता, मौखिक परम्परा, मौलिक र सरलता, कथनविविधता र स्वच्छन्दतालाई लोकगीतका विशेषता मानेका छन् ।[द्धट] चूडामणि बन्धुले रागात्मकता, स्वतःस्फूर्तता र लयात्मकतालाई लोकगीतका विशेषता मानेको पाइन्छ ।[द्धठ] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले निम्नलिखित १४ वटा बुँदामा लोकगीतका विशेषता उल्लेख गरेका छन् : १. रचनाकार र रचनाकाल अज्ञात २. मौखिक श्रुतिपरम्परामा आधारित ३.सामूहिक अभिव्यक्ति ४.परिवर्तनशील ५.सरल र सहज ६.लयात्मक र सङ्गीतात्मक ७. स्थायीको पुनरावृत्ति ८.मनोरञ्जनात्मक र उपदेशात्मक ९. स्वच्छन्द प्रकृति १०.मर्मस्पर्शी र प्रभावकारी ११. हार्दिकताको प्रधानता १२. लोकतत्त्वको प्रधानता १३.भावगत एकोन्मुखता १४.प्रगीतात्मक ।[द्धड] यी सबै चर्चा परिचर्चालाई विश्लेषण गर्दा र लोकगीतको स्वरूपलाई हेर्दा यसका निम्नलिखित विशेषता देखापर्छन् ।

### ३.३.१ अज्ञात रचयिता

लोकगीतको रचनाकार अज्ञात हुन्छ । कुन लोकगीत कुन कलाकारले कहिले, कहाँ रच्यो भन्ने थाहा हुँदैन । लोकगीत समयको सीमालाई उछिनेर निरन्तर प्रवाहमा बग्दै जान्छ र यसको स्रष्टाचाहिँ पार्श्वभूमिमा नै छिपेको हुन्छ । लोकगीतका रचयिताले तत्काल गीत सिर्जन्छन्, जनतालाई सुम्पन्छन् अनि म आफू अदृश्य नै रहन्छन् । कुनै पनि लोकगीत जहाँ जसले गाएको भए पनि लोकले आफ्नै गीत ठान्दछ । लोकगीत नै लिपिबद्ध नहुने हुँदा यसमा रचनाकारको महत्त्व गौण हुन्छ र यो समय तथा

[द्धछ] कालिभक्त पन्त, **हाम्रो सांस्कृतिक इतिहास,** दो.सं. (काठमाडौं : लेखक स्वयम्, २०४३), पृ.११४ ।

[द्धट] कृष्णप्रसाद पराजुली, **पूर्ववत्,**,पृ.१३८-१४० ।

[द्धठ] चूडामणि बन्धु, **पूर्ववत्,** पृ. ११५ ।

[द्धड] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **पूर्ववत्,** पृ. ७७-७८ ।

स्थानअनुसार संशोधन वा परिवर्तन पनि भइरहन्छ ।[४९] यसरी रचयिता वा गीतकार अज्ञात रहनु लोकगीतको एउटा विशेषता हो ।

### ३.३.२ सामूहिकता

लोकगीत लोकजीवनअन्तर्गत सामूहिक भावभूमिमा आउने अभिव्यक्ति हो । यसमा व्यक्तिव्यक्तिको शृङ्खला जोडिएर त्यसले परस्पर संवेद्य रूप लिन पुगेको हुन्छ । लोकगीत जसले गाए पनि यसमा निहित उल्लास र पीडाका स्वर समूहका स्वर भएर गुन्जन्छन् । लोकगीतमा सामाजिक मूल्य र मान्यता अभिव्यक्त गर्ने शक्ति रहेको हुन्छ । लोकगीत अभिव्यक्तिगत उपज भएकाले यसमा समाजको यथार्थ चित्रण हुनाका साथै देशकालपरिस्थितिअनुसार सामाजिक भावभूमि लुकेको हुन्छ । करुणा, प्रेम, नम्रता, धैर्य, परिश्रम र एकताको भावना भरेर समूहमा परिणत हुने गुण यसमा पाइन्छ ।[५०] यो पनि लोकगीतको विशेषता हो ।

### ३.३.३ लयात्मकता

लोकगीत पूर्णत : लयात्मक र साङ्गीतिक हुन्छ । गेयता र साङ्गीतिकतालाई लोकगीतको अनिवार्य पहिचान मानिन्छ । यसको लयविधान, साङ्गीतिकता र गायन शास्त्रीय परिपाटीको नभई स्वच्छन्द प्रकारको हुन्छ । एक्लै, दोक्लै वा समूहमा गाउन नसकिने रचनालाई लोकगीत भनिँदैन । यो श्रुतिमधुर हुन्छ । लोकगीतले सङ्गीतको समुचित प्रयोग गर्छ । कतिपय लोकगीतमा निरर्थक शब्दको समेत प्रयोग हुने हुँदा साङ्गीतिक धुनको प्रधानता रहन्छ । यसलाई बाँसुरी, मादल आदि विभिन्न वाद्ययन्त्रहरूको प्रयोगबाट सङ्गीतपूर्ण बनाइन्छ । यसमा गीत र सङ्गीत सघन रूपमा बाँधिएर रहने हुँदा तिनको विभाजन अत्यन्त कठिन हुन्छ ।[५१]

---

[४९] कृष्णप्रसाद पराजुली, **पूर्ववत्** पृ. १३८ ।

[५०] ऐजन ।

[५१] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ.७८ ।

### ३.३.४ मौखिक परम्परा

सबै भाषाका लोकगीत आफ्नै किसिमका साङ्गीतिक वेद बनेर मौखिक वा श्रुतिपरम्परामा हुर्कदै आएको पाइन्छ । जुनसुकै लोकगीतलाई लिपिबद्ध गरी सङ्कलन गर्न सकिन्छ तर रच्छु भनेर रच्न सकिन्न । लोकगीतलाई लिपिबद्ध गर्दा नै पनि यसको अस्तित्व बाँचिरहन्छ । लोकगीत एक जिब्रोबाट अर्को जिब्रोमा, एक बिसौनीबाट अर्को बिसौनीमा, एक खोलाबाट अर्को खोलामा, एक ऋतुबाट अर्को ऋतुमा, एक युगबाट अर्को युगमा सदै प्रवाहित हुँदै आउँछ ।[५२] मौखिक परम्परा हुँदाहुदै पनि यो गतिशील र परिवर्तनशील हुन्छ र आफैले नयाँ शृङ्खला जोड्दै जान्छ । लोकसिर्जनाका चिल्लाबान्की थप्दै मौखिक परम्परामा हुर्कनु लोकगीतको अर्को प्रमुख विशेषता हो ।

### ३.३.५ मौलिकता र सरलता

अभिव्यक्ति स्वच्छ र सरल हुनु एक किसिमको विशेष गुण हो । यसै गुणले युक्त हुने हुनाले लोकगीत सरल र सरस हुन्छ । चोखोपनमा नभिजी र सरल तथा सरस नभई लोकगीतलाई लोकमानसले पचाउन सक्दैन । लोकमानसले नपचाई त्यो प्रिय पनि हुन सक्तैन । लोकगीतको भाषा आफ्नै मौलिक विशेषताले युक्त हुन्छ । यसमा प्रयुक्त भाषा हृदयका उद्गार एवम् झङ्कार व्यक्त गर्न पर्याप्त सक्षम रहेको छ । लोकगीतमा पाइने अनुप्रास तथा ध्वनिमय रूप वा स्वरूपले पनि रागमय एवम् लयदार भएर हृदयलाई छुन्छ । यही विशेषताले लोकगीतको भाव सजिलै बुझ्न र ग्रहण गर्न सकिन्छ ।

### ३.३.६ स्वच्छन्दता

लोकगीत कुनै पनि निर्धारित नियम एवम् शास्त्रीय विधानका अनुशासनमा नबाँधिई लोकजीवनले आफै पहिल्याएको गीत र लयमा प्रवाहित भइरहेको हुन्छ । सामाजिक चेतना तथा लोकभावनामा आधारित भएर कलकलाउने गीतलाई शास्त्रीय नियमविधानमा बाँध्नु र परम्परागत छन्द, अलङ्कार, रस आदिका सीमामा राखेर

---

[५२] कृष्णप्रसाद पराजुली, पूर्ववत् पृ.१३९ ।

पर्गेल्नु सम्भव हुने कुरो पनि होइन ।[५३] लोकगीत त लोकसर्जकद्वारा आफ्नै अनुभव र अनुभूतिमा निःसृत हुने गीत हो । यही आफ्नो पनले गर्दा लोकगीतका छन्द वा लय पनि लोकजीवनमै प्रचलित भइसकेका र निक्खरा हुन्छन् । अर्कोतिर लोकगीतका निम्ति उन्मुक्त वातावरणको आवश्यकता हुन्छ र त्यो वातावरण लोकभूमिमै प्राप्त हुन्छ । यिनै विविध कारणले लोकगीतको अभिव्यक्ति स्वच्छन्द हुन्छ ।

यसरी रचनाकाल रचनाकार अज्ञात हुनु, सामूहिक हुनु, लगात्मक हुनु, मौखिक परम्परामा जीवित हुनु मौलिक र सरल हुनु तथा स्वच्छन्द हुनु लोकगीतका विशेषता हुन् ।

## ३.४ लोकगीतका तत्त्व

लोकगीतलाई लोकगीतका रूपमा उभ्याउने वा साकार पार्ने अवयव वा अङ्गहरू लोकगीतका तत्त्व हुन् । लोकगीतको स्वरूपअनुसार यसका तत्त्वहरू पनि फरक हुन सक्छन् । यसै कारण यसका तत्त्व भनेर विद्वान्हरूले अलगअलग रूपमा चर्चा गरेको पाइन्छ । कृष्णप्रसाद पराजुलीले संरचना, लय, गेयता, कथनपद्धति, भाषा र भावलाई अनिवार्य अनि नृत्य र वाद्यलाई लोकगीतका सहायक तत्त्व मानेका छन् ।[५४] चूडामणि बन्धुले कथ्य, भाषा, चरन वा पाद, स्थायी र अन्तरा, रहनी र कथन तथा लय र भाकालाई लोकगीतको संरचना (तत्त्व) मानेको पाइन्छ ।[५५] त्यस्तै मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले भाव वा विचार, उद्देश्य, भाषा र शैली[५६] लाई लोकगीतका तत्त्व मानेको देखिन्छ । अर्कोतिर गोविन्द आचार्यले लोकगीतका तत्त्वलाई अनिवार्य र ऐच्छिक गरी दुई प्रकारमा विभाजन गर्दै अनिवार्य अन्तर्गत भाषा, सङ्गीतअन्तर्गत गायक-गायिका र कथ्य वा भावलाई राखेका छन् भने ऐच्छिक अन्तर्गत काव्यात्मकता, रहनी वा थेगो, निरर्थक अंश, फाँकी, स्थायी अन्तरा, वाद्य,

---

[५३] ऐजन, पृ.१४० ।

[५४] ऐजन, पृ.७६ ।

[५५] चूडामणि बन्धु , पूर्ववत्. ११५।

[५६] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. ७५ ।

नृन्य, अभिनय, पहिरन श्रोता वा दर्शक राखेको पाइन्छ ।[५७] मोतीलाल पराजुलीले कथ्य विषयवस्तु वा भाव, भाषा, स्थायी अन्तरा र थेगो, लय वा भाका र सङ्गीत गरी लोकगीतका पाँच तत्त्व मानेका छन् ।[छड]

विद्वान्हरूका उपर्युक्त मतका आधारमा लोकगीतका तत्त्वहरू निम्नलिखित देखापर्छन् ।

### ३.४.१ कथ्य वा भाव

लोकगीतमा प्रस्तुत भएको विषय कथ्य वा भावका रूपमा प्रकटित हुन्छ । कुनै घटना, परिवेश वा अन्तक्रियाद्वारा भावको सिर्जना हुन्छ र यसले नै लोकगीतमा प्राण भर्छ । मानिस कहिले सुख र कहिले दुःखको अनुभूति गरिरहेको हुन्छ भने कल्पनामा पनि विचरण गर्न पुगिरहेको हुन्छ । मानसिक स्थितिसँगै परिचालित हुने अभिव्यक्तिले मानिसलाई सुखका उल्लासपूर्ण स्वर दिन्छ र दुःखमय बहबिलौनाका लहरमा पनि पुऱ्याउँछ । यिनै विविध गीतविधिबाट नै लोकगीतले केन्द्रीय भावको खास बिन्दुमा पुऱ्याउँछ[५९] यही भावले कथ्यलाई सम्प्रेषणीयता दिन्छ र भावलाई संवेद्य तुल्याउँछ । मानिसका भावना, वेदना, तृष्णा, इच्छा, दुःख, सुख, हाँसो आदि लोकगीतमा प्रकट हुन्छन् र तिनै विषय लोकगीतका कथ्य वा भाव कहलिन्छन् ।

### ३.४.२ लय र भाषा

लय लोकगीतको अनिवार्य तत्त्व हो । लय वर्ण, पदको आवृत्ति, समानता आदिबाट उत्पन्न हुन्छ । लोकगीतमा भाव वा कथ्यलाई अभिव्यक्त गर्ने र सम्प्रेष्य बनाउने काम लयमा आबद्ध पदावलीद्वारा हुन्छ । कथ्यलाई भावात्मक गहिराइमा पुऱ्याएर रागात्मक साहचर्य प्रदान गर्ने काम पनि लयले नै गर्छ । कथ्य वा भावलाई लयमा उनेर अभिव्यक्त गरिन्छ । लयमा ठाउँअनुसार भाकाको परिवर्तन हुन सक्छ ।

---

[५७] गोविन्द आचार्य, पूर्ववत्, पृ. ३ ।

[छड] मोतीलाल पराजुली, “लोकगीतको संरचना” **कुञ्जिनी** , (वर्ष ११, अङ्क ८ , २०६०), पृ. २१ ।

[५९] कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. ८४ ।

लोकगीतमा जुनरूपमा लय स्थापित हुन्छ त्यसैले गीतलाई निजीरूप प्रदान गरेर स्वर सङ्गीतको मोह लाग्दो स्थितिमा पुऱ्याउँछ । स्वरको लच्काइद्वारा गायकका आवेग-संवेगलाई सम्प्रेषित गर्ने काम पनि लयद्वारा नै हुन्छ ।[६०]

लोकगीतको कथ्य लयात्मक भाषाका माध्यमद्वारा अभिव्यक्त हुन्छ । यस दृष्टिले हेर्दा कथ्य वा भाव र लयजस्तै भाषा पनि लोकगीतको अनिवार्य तत्त्व हो । लोकगीत लोकजीवनले बोल्दै सुसेल्दै आएको लोकभाषामा आधारित हुन्छ । यसैले यसमा झर्रा, सङ्ला मौलिक शब्द हुन्छन् । अनुकरणात्मका शब्द र निपात प्रयोग गरिन्छन्, थेगा र रहनीका रमाइला बान्की रहन्छन् । लोकगीतमा सचेत रूपले नभए पनि सहज रूपले लक्षणा र व्यञ्जना आएका हुन्छन् अनि अनुप्रासयुक्त शब्दालङकारको स्वतःप्रयोग भएको पाइन्छ । अन्त्यानुप्रास त लोकगीतले कवितालाई दिएको योगदान नै हो ।[६१] साथसाथै लोकगीतमा सहजै निष्पन्न उपमा, रूपक आदि अलङ्कारका प्रयोग पनि बिछट्टै स्वादिला भएका देखिन्छन् । लोकजीवनले खारेको, पचाएको र सँगेटेको छरितो भाषाको प्रयोग यसमा हुन्छ । लोकगीतमा प्रयुक्त शब्दावलीद्वारा आलङ्कारिकता र लाक्षणिकता एवम् व्यञ्जनात्मकता सिर्जिन्छ भने वाक्यद्वारा भने सरलता कायम गरिन्छ ।

### ३.४.३ उद्देश्य

उद्देश्य पनि लोकगीतको अनिवार्य तत्त्व मानिन्छ । लोकगीतको प्रयोजन नै त्यसको उद्देश्य हो । प्रत्येक  लोकगीतको केही न केही उद्देश्य रहेको हुन्छ । विना उद्देश्यको लोकगीत निरर्थक रचना ठहरिने हुँदा यसको स्थान अझ उच्च रहेको पाइन्छ ।  उद्देश्यहरू कतै प्रत्यक्ष र कतै परोक्ष रुपमा रहन्छन् । प्रायः लोकगीतमा उद्देश्य पुछारतिर रहने भएकाले त्यसलाई खोजेर निकाल्नुपर्छ । अधिकांश लोकगीतहरू उपदेश दिने उद्देश्यले रचिन्छन् त्यसैले यसको प्रयोजन शिक्षा दिने र ज्ञान बढाउने रहेको छ । यसैगरी केही लोकगीतहरू यथार्थको प्रकटीकरण गर्ने उद्देश्यले पनि रचिन्छन् । त्यस्ता

---

[६०] ऐजन्, पृ. ७७ ।

[६१] ऐजन, पृ. ८३ ।

लोकगीतमा सामाजिक जीवनको वास्तविक भोगाई अभिव्यञ्जित भएको पाइन्छ । नेपाली लोकगीत  यी तीनमध्ये कुनै एक उद्देश्य पूरा गर्ने खालको हुन्छ । उद्देश्य विना लोकगीत निष्फल सिर्जना बन्ने हुँदा यसलाई अनिवार्य तत्त्व मानिन्छ ।

### ३.४.४ संरचना

यो लोकगीतको मूल तत्त्व नभई कृतिगत ढाँचा हो । लोकगीतका सन्दर्भमा संरचनाको तात्पर्य लोकगीतको बनोट वा बुनोट हो ।यसबाट लोकगीतको तयारी हुने अवस्था बुझिन्छ । मौखिक रूपमा गेयात्मकता आउने गरी सहज र स्वतःस्फूर्त हुने लोकगीत कथिने-भनिने प्रक्रिया नै संरचना हो र यो लोकगीतको प्रमुख तत्त्व वा पर्याधार पनि हो । संरचनाका दृष्टिले लोकगीतका बाह्य र आन्तरिक दुई तह हुन्छन् । बाह्य संरचना गीतको आवरण वा पहिरन हो र यो वर्ण, शब्द तथा सुललित वाक्य र अनुच्छेद हुँदै सङ्कथनसम्म पुगेको हुन्छ । आन्तरिक संरचना चाहिँ वस्तुको सिलसिलाबाट संयोजन गरिएको रासपूर्ण टुङ्ग्याउनी हो । लोकगीतको संरचनामा कुनै लयलाई समातेर शब्दशब्दलाई उन्दै पदमैत्री कायम गरेपछि तिनको संयोजनबाट सिङ्गो आकार तयार हुन्छ ।[६२] यस प्रक्रियामा भावानुकूल शब्दचयन गरेर पङ्क्तिगत रूपमा खासखास अडानकायम गर्दै तिनको समायोजन गरिन्छ । यो क्रम लोकगीतको प्रवृत्तिअनुरूप केही क्रियापङ्क्तिमा पनि हुन सक्छ आख्यानको आड लिँदै लामो गीत वा गाथासम्म पनि लम्बिन सक्छ । लोकगीतको आन्तरिक संरचना केन्द्रीय कथ्य वा भावको शृङ्खलाबद्ध संयोजन हो । कथ्य एउटा मियोमा उनिँदै र घुम्दै अन्तमा सारभूत वस्तु वा मर्मतर्फ केन्द्रित हुने प्रवृत्ति आन्तरिक संरचनामा हुन्छ । यसैभित्र आरम्भ, विकास र निष्कर्षका स्रोताहरू आआफ्नै गीतमा भुल्किँदै जान्छन् । गीतको आन्तरिक बनोट पूरा गर्ने वा फन्को मार्ने क्रमचक्रीय (भावको नागबेली विस्तार) वा वृत्तीय ( भावको केन्द्रीय पुनरावृत्ति) कुनै हुन सक्छ । लोकगीतमा यी दुवै प्रविधि खास गरी वृत्तीय पाराले मनोरम भावबिम्बको झनझनाहट पैदा हुन्छ र गीत भावकसमक्ष सर्सराउन पुग्छ ।

[६२] ऐजन, पृ. ७६ ।

यसरी कथ्य वा भाव, लय, भाषा, र संरचनालाई पनि लोकगीतका तत्त्व मानिएका छन् । यिनीहरूका अतिरिक्त सङ्गीत, वाद्यवादन आदि पनि लोकगीतमा समायोजन गर्न सकिन्छ तर ती यसका अनिवार्य नभएर ऐच्छिक तत्त्व हुन् ।

## ३.५ लोकगीतका प्रकार

समानताका आधारमा लोकगीतहरूलाई विभिन्न वर्ग वा समूहमा छुट्याएर प्रकारहरू निर्धारण गरिन्छ । लोकगीतको वर्गीकरण वा प्रकार निर्धारणमा धेरै अन्योल रहेको पाइन्छ । लोकगीतलाई विभिन्न विद्वानहरूले विभिन्न किसिमले वर्गीकरण गरेका छन् । यस क्रममा धर्मराजा थापा र हंसपुरे सुवेदीले लोकगीतलाई ७ प्रकारमा वर्गीकरण गरेका छन् । ती हुन् : (१) सामान्यगीत (२) संस्कारगीत (३) ऋतु वा व्रतसम्बन्धी गीत (४) कर्मगीत (५) पर्वगीत (६) नृत्यगीत वा लोकनृत्य (७) विविध ।[टघ] कालीभक्त पन्तले ९ किसिमका नेपाली लोकगीत रहेको उल्लेख गरेका छन् । ती हुन् : (१) राष्ट्रभाषास्तरीय (२) जिल्लास्तरीय (३) ग्रामस्तरीय (४) जातिभाषा स्तरीय (५) पर्वस्तरीय (६) लोकनाट्यस्तरीय (७) कार्यस्तरीय (८) जातिस्तरीय (९) ऋतुस्तरीय ।[टढ] कृष्णप्रसाद पराजुलीले लोकगीतको वर्गीकरण क्षेत्रका दृष्टिमा, जातीय दृष्टिमा, उमेर वा लिङ्गका दृष्टिमा, कार्यावस्थाका दृष्टिमा, स्वरूपका दृष्टिमा र प्रस्तुतीका दृष्टिमा गर्न सकिने उल्लेख गर्दै विषयात्मक वर्गीकरणलाई प्राथमिकता दिएका छन् । यसअन्तर्गत वर्षचक्रीय लोकगीत र जीवनचक्रीय लोकगीत गरी दुई भेदमा लोकगीतको वर्गीकरण गरेका छन् । वर्षचक्रीयअन्तर्गत बाह्रमासे र ऋतुकालीन लोकगीतलाई समेट्दै ऋतुकालीन अन्तर्गत पनि पर्वगीत र कर्मगीतलाई समेटेका छन् । जीवनचक्रीय लोकगीत अन्तर्गत चाहीँ सँस्कारगीत, धार्मिकगीत, उमेरअवस्थाकालीन गीत र नृत्यगीत राखेका छन् ।[टछ]चूडामणि बन्धुले लोकगीतलाई सहभागिताका आधारमा, लय वा भावका आधारमा र प्रकार्यका आधारमा वर्गीकरण गर्दै प्रंकार्यको आधारलाई प्राथमिकता दिएका छन् । यस अन्तर्गत धार्मिकगीत, अनुष्ठानमूलक तथा

---

[टघ] धर्मराज थापा र हंसपुरे सुवेदी, **पूर्ववत्,** पृ.९४ ।

[टढ] कालीभक्त पन्त, **हाम्रो सांस्कृतिक इतिहास,** दो.सं. (काठमाडौं : लेखक स्वयम् , २०४३), पृ.१४९ ।

[टछ] कृष्णप्रसाद पराजुली, **पूर्ववत्,** पृ. १४६-१४९ ।

सँस्कारगीत, ऋतुगीत तथा पर्वगीत र श्रमगीत पर्ने कुराको उल्लेख गरेका छन् ।[टट]त्यसैगरी मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले क्षेत्रीय, जातीय, उमेर, लिङ्ग, सहभागिता, बनोट, प्रस्तुति, विषय, आकार र समयका आधारमा लोकगीतको वर्गीकरण गरेको पाइन्छ ।[टठ]विद्वानहरूका उपर्युक्त मतहरूको विश्लेषणपश्चात् मुख्यतः निम्नलिखित आधारमा नेपाली लोकगीतका प्रकारहरू छुट्याउन सकिन्छ :

### ३.५.१ क्षेत्रीय आधारमा लोकगीतका प्रकार

यस आधारमा लोकगीतका प्रकारहरू निर्धारण गर्दा प्रचलन हुने क्षेत्र वा ठाउँलाई प्रमुखता दिइन्छ । लोकगीत विशेष प्रचलन हुने ठाउँ अथवा त्यसको थालनी हुने ठाउँका आधारमा लोकगीतका विभिन्नभेदहरू गरिन्छ । यसआधारमा नेपाली लोकगीतका निम्नलिखित प्रकारहरू देखापर्छन्:

(क) हिमाली लोकगीत (ख) पहाडी लोकगीत, (ग) तराईली लोकगीत, (घ) पुर्बेली लोकगीत, (ङ) पश्चिमेली लोकगीत, (च) डोटेली लोकगीत, (छ) पाल्पाली लोकगीत, (ज) स्याङ्जाली लोकगीत, (झ) धनकुटे लोकगीत, (ञ) तेरथुमे लोकगीत आदि[टड]

केही लोकगीतले क्षेत्रीय सीमा पार गरी राष्ट्रिय रूप लिएको पनि पाइन्छ । झयाउरे, मागल आदि यस्ता लोकगीत हुन् । एउटा क्षेत्रका आधारमा नामकरण गरिएको गीतको प्रयोग अन्य क्षेत्रमा पनि हुन सक्छ । त्यस अवस्थामा त्यसको रूप, भाषा एवम् प्रस्तुतिमा स्थानअनुसार भाका परिवर्तन पनि हुन सक्ने देखिन्छ ।

### ३.५.२ जातीय आधारमा लोकगीतका प्रकार

यस आधारमा लोकगीतका प्रकारहरू निर्धारण गर्दा गाउने जात वा जातिलाई प्रमुखता दिइन्छ । नेपाल बहुभाषिक र बहुजातीय देश भए पनि विभिन्न जातजातिले

---

[टट] चूडामणि बन्धु, **पूर्ववत्**, पृ.१२१-१२३ ।

[टठ] मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेल, **पूर्ववत्**, पृ.७९ -८४।

[टड] ऐजन, पृ. ७९-८० ।

नेपाली भाषामा गाउने लोकगीतलाई जातीय लोकगीत भनिन्छ । जुन लोकगीत जुन जातिमा विशेषतः प्रचलित छ त्यसैका आधारमा नामकरण गरी यसका प्रकारहरू छुट्याइन्छ । यस आधारमा लोकगीतका निम्नलिखित प्रकार देखापर्छन्ः

(क) थारु गीत, (ख) नेवारी गीत, (ग) तामाङ सेलो र भोटे सेलो, (घ) सेर्पा गीत, (ङ)वादी गीत, (च) दमाई गीत, (छ) दुरा गीत, (ज) गन्धर्व वा गाइने गीत, (झ) किराती गीत, (ञ) लिम्बू गीत, (ट) राई गीत, (ठ) मगर-गुरुङ गीत, (ड) बाहुन- क्षेत्री गीत आदि ।[टढ]

### ३.५.३ उमेरका आधारमा लोकगीतका प्रकार

यस आधारमा लोकगीतका प्रकार निर्धारण गर्दा गाउने उमेर समूहलाई प्रमुखता दिइन्छ । मानिसको बाल, युवा र वृद्धअवस्थाका गीतहरू भिन्नभिन्न हुन्छन् बाल अवस्थाका गीतहरू प्रायः रमाइला हुन्छन् युवा अवस्थाका गीतहरू प्रेमविरहका हुन्छन् भने बृद्ध अवस्थाका गीतहरू अलि बढी धार्मिक प्रकृतिका हुन्छन् । यसरी हेर्दा नेपालीमा उमेर समूहका आधारमा निम्नलिखित प्रकारका गीतहरू पाइन्छन्[ठण] :

(क) बालगीत/शिशुगीत

(ख) युवागीत

(ग) वृद्धगीत

### ३.५.४ लिङ्गका आधारमा लोकगीतका प्रकार

यस आधारमा लोकगीतका प्रकारहरू निर्धारण गर्दा गाउने नारी वा पुरुषलाई प्रमुखता दिइन्छ । नेपालीमा खासखास गीतहरू नारीले मात्र तथा खासखास गीतहरू पुरुषले मात्र गाउने खालका छन् । यस आधारमा नेपाली लोकगीतलाई निम्नलिखित प्रकारमा बाँडिएको पाइन्छ :

---

[टढ] ऐजन पृ. ८० ।

[ठण] ऐजन पृ.८०-८१ ।

(क) नारीगीत : तिजे, रत्यौली, भैली, सँगिनी आदि ।

(ख) पुरुषगीतः दाइँगीत, देउसी आदि ।

(ग) नारी -पुरुषगीत : भ्याउरे, देउडा आदि [ठञ]

### ३.५.५ सहभागिताका आधारमा लोकगीतका प्रकार

यस आधारमा लोकगीतका प्रकार निर्धारण गर्दा गीत गायनमा संलग्न व्यक्तिहरूको सहभागिता सङख्यालाई प्रमुखता दिइन्छ । नेपालीमा कुनै गीत एकजनाले, कुनै गीत दुईजनाले र कुनै गीत दुई भन्दा बढीको समूहले गाउने प्रचलन रहेको छ । यस आधारमा नेपाली लोकगीतका निम्नलिखित तीन प्रकारहरू पाइन्छन् :

(क) एकल लोकगीत : घाँसे, भ्याउरे, रोइला, शिशुगीत आदि ।

(ख) दोहोरी लोकगीत : सालैजो, ख्याली, असारे आदि ।

(ग) सामूहिक लोकगीत :भैलो, देउसी, सँगिनी, सैरेली आदि ।[ठद]

कतिपय एकल लोकगीत दोहरी पनि भएका पाइन्छन् र कतिपय लोकगीतहरू दोहोरीका साथै सामूहिक पनि भएका पान्छन् । उही गीत एकल दोहोरी वा सामूहिक रूपमा गाउन सकिन्छ ।

### ३.५.६ बनोटका आधारमा लोकगीतका प्रकार

यस आधारमा लोकगीतका प्रकार निर्धारण गर्दा त्यसको बनोटलाई प्राथमिकता दिइन्छ । बनोटका आधारमा अधिकांश नेपाली लोकगीत भाव वा विचारमा बुनोट गरिएका हुन्छन् भने केही लोकगीत सूक्ष्म घटनामा बुनोट गरिएका पनि पाइन्छन् । यिनलाई शिल्पगत आधार पनि मान्न सकिन्छ । यस आधारमा नेपाली लोकगीतहरू निम्नलिखित दुई प्रकारका पाइन्छन् :

(क) भावप्रधानः मागल, सगुन, देउडा, भजन आदि ।

(ख) घटनाप्रधानः शिशुगीत, सँगिनी,जेठे आदि । [ठघ]

---

[ठञ] ऐजन पृ.८१ ।

[ठद] ऐजन पृ.८१

[ठघ] ऐजन पृ.८२ ।

### ३.५.७ प्रस्तुतिका आधारमा लोकगीतका प्रकार

लोकगीतका प्रकारहरू निर्धारण गर्दा प्रस्तुतिलाई पनि प्रमुखता दिइन्छ । लोकगीतहरूको प्रस्तुति वाद्यरहित, वाद्यसहित र नृत्यसहित ढङगले गरिन्छ । वाद्यरहित र वाद्यसहित गीतको प्रस्तुति मुख्यतः श्रव्यात्मक हुन्छ भने नृत्यसहित गीतको प्रस्तुति दृश्यात्मक पनि भएको पाइन्छ । यस आधारमा नेपालीका लोकगीतलाई निम्नलिखित तीन प्रकारमा बाँडिएको पाइन्छ :

(क) कण्ठयगीत : देउडा, चुड्का, जेठे, सँगिनी आदि ।

(ख) वाद्यगीत : गाईने गीत, बालुन, मारुनी आदि ।

(ग) नृत्यगीत : रत्यौली, तिजे, धाननाच आदि ।[ठद्ध]

### ३.५.८ विषयका आधारमा लोकगीतका प्रकार

यस आधारमा लोकगीतका प्रकारहरू निर्धारण गर्दा गीतमा प्रयुक्त विषयलाई प्रमुखता दिइन्छ । गीतका वर्गीकरणको यो सबैभन्दा मुख्य र विभेदक आधार हो । यसमा मानिसका आस्था, विश्वास, दिनचर्या, रीतिथिति, कर्म व्यवहार आदि यावत् विषयहरूलाई समावेश गरिएको पाइन्छ । यस आधारमा नेपाली लोकगीतका निम्नलिखित प्रकारहरू पाइन्छन् :

(क) धार्मिक गीत : यसअन्तर्गत व्रतगीत, भजनकीर्तन, आरती, प्रार्थना गीत, मङ्गलगीत र देवीदेवतासम्बन्धी गीतलाई समावेश गरिएको पाइन्छ ।

(ख) सांस्कारिक गीत : यसअन्तर्गत संस्कारगीत र पर्वगीतलाई समावेश गरिएको पाइन्छ ।

(ग) श्रमगीतः जेठे, असारे, साउने गीत, कात्तिके, दाइँगीत आदिलाई यस वर्गअन्तर्गत समावेश गर्न सकिन्छ ।[ठछ]

---

[ठद्ध] ऐजन पृ.८२ ।

[ठछ] ऐजन, पृ.८३ ।

### ३.५.९ आकारका आधारमा लोकगीतका प्रकार :

यस आधारमा लोकगीतका प्रकार निर्धारण गर्दा त्यसको आकारलाई प्रधानता दिइन्छ । यो गीत वर्गीकरणको बाह्य आधार हो । नेपालीमा केही लोकगीत दुईतीन पङ्क्तिका लघुतम आकारका छन् । भने केही गीत दुई-तीन पङ्क्ति भन्दा बढीका छन् । लोकगीत अन्तर्गत पर्ने ज्यादै लामा गीतहरूमा पनि समान भावको आवृत्ति भइरहने हुँदा ती लामा भएर पनि लघु आकारमै पर्छन् । यस आधारमा नेपाली लोकगीतलाई निम्नलिखित दुई प्रकारमा बाँडेको पाइन्छ :

(क) लघुतम : सगुन, चुड्का, रोइला आदि ।

(ख) लघु : झ्याउरे, देउडा, बारमासा आदि ।[ठट]

### ३.५.१० समयका आधारमा लोकगीतका प्रकार

यस आधारमा लोकगीतका प्रकार निर्धारण गर्दा मुख्य गीत गाइने समय र अवसरलाई प्रधानता दिइन्छ । यस दृष्टिबाट नेपालीका केही लोकगीतहरू खासखास समयमा मात्र गाइन्छन् भने केही लोकगीतहरू जुनसुकै समयमा पनि गाइन्छन् । यस आधारमा नेपालीका लोकगीतहरू निम्नलिखित दुई प्रकारका छन् :

(क) सामयिक लोकगीतः कात्तिके, ऋतुगीत, दाइँगीत, रोपाइँ गीत आदि ।

(ख) सदाकालिक लोकगीतः चुड्का, भजन, बारमासा, टुङ्ना हाक्पारे, शिशुगीत आदि ।[ठठ]

## ३.६ कास्कीमा लोकगीतको अध्ययन-परम्परा

कास्की जिल्लामा लोकगीतको अध्ययनको इतिहास लगभग छ दशक लामो देखापर्छ । सङ्कलित रूपमा कृतिहरू प्रकाशित नभए पनि एल्बमहरूमा सङ्कलन

---

[ठट] ऐजन, पृ.८४ ।

[ठठ] ऐजन, पृ.८४ ।

नभए पनि कास्कीमा मौखिक रूपमा पहिलेदेखि नै लोकगीत गाइँदै आएको पाइन्छ । त्यस्ता लोकगायकहरू तथा पुस्तक र एल्बम निकाल्ने अनि दोहोरी साँझ-कार्यक्रमहरूमा गाउने लोकगीतहरूको नामावली सङ्कलन यहाँ गरिएको छ । त्यस्तै कास्कीमा भएका लोकगीतसम्बन्धी अध्ययन तथा सङ्कलन कार्यहरूको विवरण पनि यहाँ प्रस्तुत गरिएको छ ।

### ३.६.१ लोकगायकहरू

कास्की जिल्लाभित्रका लोकगायकहरू र तिनको ठेगाना तल दिइएको छ :

| **लोकगायक** | **ठेगाना** |
|---|---|
| (१) अलिमियाँ | मियाँपाटन, पोखरा |
| (२) धर्मराज थापा | बाटुलेचौर, पोखरा |
| (३) झलकमान गन्धर्व | बाटुलेचौर, पोखरा |
| (४) जगमानसिंह गन्धर्व | हेम्जा, पोखरा |
| (५) खीमे गाइने | बाटुलेचौर, पोखरा |
| (६)हरिदेवी कोइराला | गणेशटोल, पोखरा |
| (७) बाबा राणा | वगर-१, पोखरा |
| (८) प्रजापति पराजुली | चैनपुर, कास्की |
| (९) बद्री पराजुली | चैनपुर, कास्की |
| (१०) तारापति सुवेदी | कास्कीकोट, कास्की |
| (११) ऋषि अधिकारी | सुईखेत |
| (१२) छवि पराजुली | चैनपुर |

| | |
|---|---|
| (१३) पार्वती जी.सी. | घाचोक |
| (१४) जीवन दाहाल | ढिकुरपोखरी |
| (१५) कृष्ण देवकोटा | चापाकोट |
| (१६) चोलेन्द्र पौडेल | भलाम |
| (१७) पदम गुरुङ | धम्पुस |
| (१८) बाबुराम पौडेल | सल्यान |
| (१९) रतिमाया खड्का | सिग्लेस |
| (२०) श्रीराम अधिकारी | लाहाचोक |
| (२१) कृष्ण लामिछाने | लेखनाथ न.पा. |
| (२२) कृष्ण भण्डारी | ठूलाखेत |
| (२३) राजेन्द्र सुवेदी | हंसपुर |
| (२४) निशा वि.क. | धम्पुस |
| (२५) केशव देवकोटा | आर्वा |
| (२६) अम्बर धिताल | आर्वा |
| (२७) माया गिरी | सिमपानी |
| (२८) लक्ष्मी सुवेदी | पुम्दी |
| (२९) बाला अधिकारी | ढिकुरपोखरी |
| (३०) टेक क्षेत्री | लुम्ले |

| | |
|---|---|
| (३१) अम्बिका शर्मा | लेखनाथ न.पा. |
| (३२) श्रीराम पौडेल | सल्यान |
| (३३) राजाराम दाहाल | प्याउदी |
| (३४) कमला ल्वागुन | भदौरे तमागी |
| (३५) भगवती विरही | हर्पन |
| (३६) बद्री भुजेल | हर्पन |
| (३७) सीता के.सी. | रामबजार |
| (३८) ज्योति गौतम | अर्मला |
| (३९) प्रेम अधिकारी | ढिकुरपोखरी |
| (४०) रामजी पौडेल | हर्पन |
| (४१) देवराज अधिकारी | लेखनाथ न.पा. |
| (४२) कृष्णा परियार | नदीपुर |
| (४३) लालबहादुर गन्धर्व | हेम्जा |

कास्की जिल्लामा अरू पनि लोकगायकहरू छन् । यहाँ व्यावसायिक रूपमा लोकगीत गाउने लोकगायकहरूलाई मात्र समेटिएको छ ।

### ३.६.२ लोकगीतका अध्ययन–सङ्कलन कार्यहरू

लगभग छ दशकअगिदेखि कास्की जिल्लामा लोकगीतको सङ्कलन कार्य आरम्भ भएको पाइन्छ । यसतर्फ दृष्टि दिँदा सर्वप्रथम लोककवि अलिमियाँ आफ्ना कृतिहरूमार्फत देखापर्छन । उनले लोकजीवनमा गाइने गीतका भाका र लयलाई टिपेर लोकगीतकै टेकाहरूसमेत प्रयोग गरी आफ्ना मनमा जागेका मायाप्रीति, दुःख वेदना,

हर्षविस्मात् प्रकृतिप्रेम, देशप्रेम आदिका भावनालाई पोख्ने काम गरेको पाइन्छ । उनका कृतिहरू निम्नलिखित हुन् :[७८]

(क) विरक्त-लहरी (२००६)

(ख) नेपाली झ्याउरे गीतसङ्ग्रह (२०११)

(ग) न्याउलीको पुकारा (प्रकाशन-साल नदिइएको )

(घ) पहाडको उद्‌गार (प्रकाशन-साल नदिइएको )

(ङ) सेतीको सुस्केरा (२०२९)

(च) उज्यालो भैसक्यो (२०२९)

(छ) सम्झनाको दियो (२०५१)

(ज) अलि मियाँको आवाज (२०५८)

(झ) अलि मियाँ (२०३८, पुस्तिका)

त्यस्तै लोकगायक धर्मराज थापाका **मेरो नेपाल भ्रमण** (२०१६), **हाम्रो लोकगीत** (२०२०), **गण्डकीका सुसेली** (२०३०) र **नेपाली लोकसाहित्यको विवेचना** (सहलेखन, २०४१) प्रकाशित छन् । हंसपुरे सुवेदीका **नेपाली लोकसाहित्यको विवेचना** (सहलेखन, २०४१) र **नेपाली लोकजीवन लोकविश्वास** (२०५५) प्रकाशित छन् । कुसुमाकर न्यौपानेको **कास्की जिल्लामा प्रचलित लोकगीतमा वृक्ष, वनस्पति र वन** (२०४९) प्रकाशित भएको पाइन्छ । लोकगायिका हरिदेवी कोइरालाका **आफ्नै गीत आफ्नै भाका** (२०६२) र **माइतै रमाइलो** (तीज गीतिसङ्ग्रहः २०६३) प्रकाशित भएका पाइन्छन् । त्यस्तै प्रजापति पराजुलीको **वेदना र मर्म** (प्रकाशन समय उल्लेख नभएको) प्रकाशित छ ।

---

[७८] रविलाल अधिकारी, **अलि मियाँः व्यक्ति र कृति** (पोखराः अलि मियाँ लोकवाङ्मय प्रतिष्ठान, २०६०) पृ. १४।

कास्की जिल्लाबाट लोकगीतसम्बन्धी अध्ययन- अनुसन्धान कार्यहरू पनि भएका देखिन्छन् । तिनीहरूको विवरण यस प्रकार छ :

(१) पुण्यप्रसाद शर्मा, **बाटुलेचौरका गाईने जातिमा प्रचलित लोकगीतको अध्ययन** (२०५०)

(२) सुमित्रा पौडेल, **पोखरेली तीजगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०५५)

(३) उषा वरुवाल, **पोखरेली नारी गीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०५८)

(४) भरतमणि भट्टराई, **हंसपुर गा.वि.स.मा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६२)

(५) भूपेन्द्र चापागाइँ, **भूक क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६३)

पोखराको पृथ्वीनारायण क्याम्पसमा स्नातकोत्तर उपाधि हासिल गर्नाका लागि प्रस्तुत गरिएका उपर्युक्त अप्रकाशित शोधपत्रहरूमा स्थान र विषयका लोकगीतको अध्ययन गरिएको पाइन्छ । यसरी कास्की जिल्लामा लोकगीतको सङ्कलन, वर्गीकरण, विश्लेषण आदि विभिन्न अध्ययन-अनुसन्धान कार्य भएको पाइन्छ ।

### ३.७ निष्कर्ष

लोकसाहित्यका विधाहरूमध्ये लोकगीत एक प्रमुख विधा हो । विभिन्न विद्वान्हरूले विभिन्न तरिकाले यसलाई परिभाषित गरे पनि यो एक गतिशील विधा भएकाले च्वाट्ट एउटै परिभाषामा समेटिन सकेको देखिँदैन । रचनाकाल र रचनाकार अज्ञात हुनु, सामूहिक सम्पत्ति हुनु, लयात्मक हुनु, मौखिक परम्परामा जीवन्त हुनु, मौलिक र सरल हुनु तथा स्वच्छन्द हुनु यसका विशेषता हुन् । यसका कथ्य वा भाव, लय र भाषा र उद्देश्य यसका तत्त्वहरू मानिन्छन् । संरचना यसको कृतिगत ढाँचा हो

। लोकगीतलाई क्षेत्रीयआधारमा, जातीय आधारमा, लिङ्गका आधारमा, सहभागिताका आधारमा, बनोटका आधारमा, प्रस्तुतिका आधारमा, विषयका आधारमा, आकारका आधारमा तथा समयका आधारमा वर्गीकरण गर्न सकिन्छ । कास्की जिल्लामा झन्डै छ दशकदेखि लोकगीतको अध्ययन तथा सङ्कलन कार्य भएको पाइन्छ ।

# चौथो परिच्छेद

## कास्की जिल्लामा प्रचलित लोकगीतको सङ्कलन,वर्गीकरण र विश्लेषण

### ४.१ पृष्ठभूमि

कास्की जिल्लामा अनेक प्रकारका लोकगीतहरू प्रचलनमा रहेका पाइन्छन् । यस परिच्छेदमा कास्की जिल्लाका कास्कीकोट, सराङकोट, ढिकुरपोखरी र लुम्ले गाउँ विकास समितिमा प्रचलित नेपाली लोकगीतहरूको वर्गीकरण र विश्लेषण गरिएको छ । लोकगीतको वर्गीकरणका विभिन्न आधारहरू मध्ये प्रचलित आधारलाई नै प्रमुख आधार मानिएको छ ।

### ४.२ कास्की जिल्लामा प्रचलित नेपाली लोकगीतको सङकलन र वर्गीकरण

कास्की जिल्लाका कास्कीकोट, सराङकोट, ढिकुरपोखरी र लुम्ले गाउँ विकास समितिमा प्रचलित नेपाली लोकगीतहरूलाई विषयका आधारमा यसरी वर्गीकरण गर्न सकिन्छ ।

**कास्की जिल्लाका लोकगीतहरू**

| **बारमासे गीत** | **कर्म गीत** | **पर्व गीत** | **संस्कार गीत** | **धार्मिक गीत** |
|---|---|---|---|---|
| बालगीत | जेठेगीत | तीजेगीत | रत्यौली | कीर्तन |
| गोठालेगीत | असारेगीत | भैलीगीत | सिलोक | भजन |
| झ्याउरे | साउनेगीत | देउसीगीत | मागल/सगुनगीत | आरती |
| दोहोरी | भदौरेगीत | मालसिरी | | व्रतगीत |
| | दाइँगीत | | | |

#### ४.२.१ बारमासे गीत

वर्षभरि गाईने गीतलाई बारमासे गीत भनिन्छ । यस्ता गीत गाउन विशेष अवसर, चाड, पर्व आदि पर्खिइरहनु पर्दैन । जुन बेला जसलाई गाउन मन लाग्छ उसले उति नै बेला गाउन सक्ने भएकाले यस्ता लोकगीतलाई बारमासे लोकगीत भनिएको

हो । कास्की जिल्लाका उपर्युक्त चार गा.वि.स.हरूमा बालगीत, गोठालेगीत, झ्याउरेगीत र दोहरीगीत गरी ४ प्रकारका बारमासे लोकगीतहरू गाइन्छन् । यस्ता लोकगीतहरूको परिचय तल दिइएको छ :

**(क) बालगीत**

बालबालिकाहरूलाई गाउनका निम्ति निर्मित वा बालबालिकाहरूले गाउने लोकगीतलाई बालगीत भनिन्छ । बालगीतलाई शिशुगीत पनि भनिएको पाइन्छ । बालगीत बालबच्चालाई फकाउन-फुल्याउन गाईन्छ अथवा उनीहरूले नै खेल्दै-रम्दै यस्ता गीत गाउने गर्दछन् । बालबालिकाद्वारा लोकलयमा गाईने सरल पाराका मनमोहक गीत नै बालगीत हुन् । यस्ता गीतमा अभिनय गरिन्छ तर वाद्य वा सङ्गीतको प्रयोग भने गरिँदैन । यस्ता गीत जुनसुकै बेला र एक्लै वा समूहमा पनि गाउन सकिन्छ ।

भाषामा बालसुलभ सरलता, लयविधानमा मौलिकता र आकारमा छरितोपन बालगीतका विशेषता हुन ।[ठढ] बालबालिकालाई आनन्द र मनोरञ्जन दिने उद्देश्य रहने बाललोकगीत सरल र उपदेशात्मक हुन्छन् । कास्की जिल्लाका उपर्युक्त चार गा.वि.स. मा गाइने केही बाललोकगीतका नमुना तल प्रस्तुत छन्:

१. हरहर महादेउ पानी देउ,
यतिले पुयन अलि देउ ।
खरानीको डल्लो कति सारो,
महादेउलाई पानी दिन कति गारो ॥

२. नाचन नानी नाचन
पैसा दिम्ला पाँचान ।
बारुली कम्मर भाँचन,
नाचन नानी नाचन ॥

---

[ठढ] कृष्णप्रसाद पराजुली, **पूर्ववत**, पृ.३३७ ।

३. बस बस रे
बसुन्धरा बैनी
घिउ खाने डाडु
पन्चरत्ने बाजा
घुमाउने टपरीमा
झिनियाको खाजा
खेली खेली बसिजाउ न ।

४. ऐया बाबा घैया पाक्यो
चिउरी कुटाइदेउ न ।
पारिबाट जन्ति आए
बेउली लुकाइदेउन ॥

५. यो घर कसको ? आलेको
भित्र बाइर टालेको
भोटे कुक्कुर पालेको
स्याखु बुन्न थालेको
नजानेर फालेको

६. दसैं आयो
खाम्ला पिम्ला
काँ जाम्ला
चोरी ल्याम्ला
धत् पापी
मत छुट्टै बसम्ला ॥

७. कुखुरी काँ
बासी भात खाँ
खोइ बासी भात ?
बिरालाले खायो ।

खोइ विरालो ?

मुसा मार्न गयो ।

खोइ मुसो ?

दुलाभित्र पस्यो ।

खोइ दुलो ?

गाईले कुल्च्यो

खोई गाई

खोलाले बगायो ।

खोइ खोलो ?

सुको ।

८. तारा बाजी लैलै

मामा आए घोडा

माइजु आइन् डोली

पापा ल्याइन् सोली

खान दिन्चिन् भोलि

बुबु माम सुपुक्क

बिरालो भन्च म्याउँ

अगुल्टो भन्च उच्छिट्याउँ ।

उपर्युक्त बालगीतहरूमा 'भन्च', 'दिन्चिन', 'बसम्ला', 'दिम्ला', जस्तो कास्की जिल्लाको स्थानीय भाषाको प्रयोग भएको पाइन्छ ।

### (ख) गोठाले गीत

गाईबस्तु चराउन वनमा जाँदा समय काट्न गाइने लोकगीतलाई गोठाले लोकगीत भनिन्छ । प्रश्न र उत्तरको शैलीमा गाइने यस्ता लोकगीतलाई गोठाले झ्याँगा गीत पनि भनिन्छ । प्रश्नकर्ताले गरेको प्रश्नको उत्तर अर्को पक्षबाट नआएमा स्वयम् प्रश्नकर्ताले नै उत्तर दिन्छन् । प्रश्नको बार हाल्ने प्रक्रियालाई झ्याङ भनिन्छ र

भ्याङबाटै भ्याँगा भएको हो भन्ने मान्यता पाइन्छ ।[डण] कास्की जिल्लाका उपर्युक्त चार गा.वि.स. मा प्रचलित केही गोठाले लोकगीतहरू तल प्रस्तुत गरिएका छन् :

१. ए लहरे
होई पहरे
तेरा गाईले कति खायो ?
मुरीका मुरी ।
तेरा गाईले कति मुतो ?
धाराका धारा ।
तेरा गाईले कति हगो ?
थाप्राका थाप्रा ।
तेरी छोरीको बिहा कइले ?
बुधबार ।
के खसी ?
बुडो खसी ।
म आम्तो ?
आइजा ।

२. हुटिट्याँउको फूल माली गाईले कुल्चिन्
किन कुल्च्यौ मालाी गाई ? गोठालाले हेरेन
किन हेरिनस् गोठाला ? बजैले खान दिइनन्
किन दिइनौ बजै खान ? पात टिपी ल्याएन
किन ल्याइनस पात टिपी ? क्याउनी पलाएन
किन पलाईनस क्याउनी ? बर्खा लाएन
किन लाईनस् बर्खा ? भ्याँगुती कराएन
किन कराइनस् भ्याँगुती ? सर्पले डस्च

[डण] ऐजन, पृ. १०२ ।

किन डस्चस् सर्प ? मेरो आहारा त्यै हो ।

उपर्युक्त गोठाले गीतहरूमा 'मुतो', 'हगो', 'बर्खा', 'डस्च' जस्ता कास्की जिल्लामा प्रयोग हुने शब्दहरू पाइन्छन् ।

**(ग) झ्याउरेगीत**

झ्याउरे लोकगीत समग्र नेपाली लोकगीतकै मुटु भएर रहेको छ । बारै महिना गाउन सकिने भएकाले यसलाई बारमासे लोकगीतअन्तर्गत राखिएको हो । नेपाली लोकगीतका जति पनि भेद र लय छन् ती सबैलाई झ्याउरेकै भेदोपभेद मानिन्छ । यस्ता लोकगीतलाई समयानुसार विभिन्न भाकामा गाउने गरिन्छ । झ्याउरे लोकगीतका ठाडो, तेर्सो, लामो, छोटो आदि थुप्रै भेद पाइन्छन् । यस्ता लोकगीतलाई एक्लै वा सँगोलमा तथा वाद्यसहित वा वाद्यरहित गाउन सकिन्छ । झ्याउरे गीत प्रायः मादलको तालमा उठेर, घुम्दै, उफ्रदै, नाच्तै गाउने गरिन्छ । झ्याउरेका सम्पूर्ण लय गणना गर्ने हो भने १०८ भन्दा बढी भेद-उपभेद हुन्छन् ।[डञ] सँगिनी, असारे, तीजे, ख्याली, सोरठी, भैली, लहरी, भजन, चुड्का, रोइला, माहल (मागल), कर्खा आदि लोकगीतहरूलाई पनि लोकगीतकै शाखा मानिएको पाइन्छ ।[डद] यस लोकगीतलाई गणवाल-कुमाउँतिरबाट आएका पौड्यालहरूले आफूसँगै ल्याएका र समयक्रममा नेपाली लोकगीतका सम्वाहक मनवीर खत्री र गोन्या सिरसले गाउन थालेपछि फिँजारिँदै गएका गीतहरूको विकसित भेदका रूपमा लिइन्छ ।[डघ] कास्की जिल्लाका उपर्युक्त चार गा.वि.स.हरूमा प्रचलित केही झ्याउरे लोकगीतहरूका नमुना तल प्रस्तुत गरिएको छः

१. आज मैले घाँस काटेँ वनमाराका ठेटा ।
   काँ को तिमी काँ को हामी जोगमेसाले भेट ॥
२. घाँस काट्यो आँसिले छेकेर
   रुन्च मन करिम देखेर ।

---

[डञ] ऐजन , पृ. १११ ।

[डद] धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, पूर्ववत्, पृ. ७१ ।

[डघ] कृष्णप्रसाद पराजुली, पूर्ववत् पृ. १५३ ।

३. धानको बाला मासले जेलेको

धन्न जोबन बयली खेलेको ।

४. यो मायालाई देखने बित्तिकै

लाग्च मलाई झुल्के घाम जत्तिकै

५. संसारमा मै रैचु दुःखी

मर्चु क्यारे उमेरै नपुगी ।

उपर्युक्त झ्याउरे गीतहरूमा 'मर्चु', 'रैचु' 'लाग्च','रुन्च' जस्ता कास्की जिल्लामा प्रयोग गरिने शब्दहरू समाविष्ट छन् ।

**(घ) दोहोरी गीत**

युवायुवतीहरूले प्रत्युत्तरात्मक शैलीमा गाउने लोकगीतलाई दोहोरी लोकगीत भनिन्छ । मेला, पर्व तथा अन्य अवसरहरूमा यस्ता गीतहरू गाईन्छ । हिजोआज दोहोरी गीतका चन्द्रमा दाहिने भएका छन् । जतातत्तै दोहोरी गीतका क्यासेट तथा सि.डी., दोहोरी साँझ र रेस्टुरेन्ट, दोहोरी प्रतियोगिताहरू देख्न सकिन्छ । यस्ता आधुनिक दोहोरी गीत र लोकदोहोरीमा केही भिन्नता पनि पाइन्छ । पहिलेका दोहोरी गीत व्यक्तिगत भईकन पनि सामूहिक रचना हुन्छन् र यस्ता गीतका रचनाकार अज्ञात हुन्छन् तर अहिलेका दोहोरी गीतका रचनाकार ज्ञात हुन्छन् । दोहोरी गीतमा प्रेमप्रसङ्ग, मानवीय मनोभाव र सामाजिक परिस्थितिहरूको सजीव चित्रण पाइन्छ । सामान्यतया यस्ता गीत ३-४/३-४ जनाको दुईवटा समूहले गाउने गर्दछन् भने कहिलेकाहीँ एक्लै पनि गाउने गरिन्छ । दुई पक्षमध्ये कसको जीत हुन्छ भन्ने कुतुहलताले गर्दा यस्ता गीत सुन्न ज्यादै रमाइलो हुन्छ । त्यस्तै एक पक्षले अर्को पक्षलाई गर्ने घोचपेचले पनि यस्ता गीतमा रोचकता पैदा गराउँछ । कास्की जिल्लाका उपर्युक्त चार गाउँ विकास समितिमा गाईने केही दोहोरी लोकगीतका बान्की तल प्रस्तुत छन्:

१.केटा : पानी परो भएन बिदो

मेरो माया छ छैन देउ निदो ।

केटी : यो मायाले हिजै हो टोलेको

मै हुनाले हाँसेर बोलेको ।

केटा : सुनसरी ज्यान मैले दिएको

खै त माया हात थापी लिएको ।

केटी : मेरो माया छ किन छैन र

छ भनेर बोलाउन भैन र ।

केटा : मेरो माया कत्तिको खुनी

सुनसरी ज्यान दिँदा नहुनी ।

२. केटा : कस्की छोरी कस्की हौ बुआरी

आउ न ओर, खेलौँला जुआरी

बरको डालिमा

घरबार जोडौँ कि यसै पालिमा

केटी : बाउकी छोरी के खेल्नु जुहारी

हेन म त कसैकि बुआरी

बरको ------

घरबार जोडौँ कि यसै पालिमा

केटा : लाउन माया मै माया लाछैन

मेरो पनि बिए नै भाछैन

बरको ------

केटी : यो त कस्तो माछाको जाल

घरकी छोडी भो हत्ते नहाल

बरको --------

केटा : खाचु कसम कुमारै छु नि म

हाँसिखेली बिताउँला जीवन

बरको -----

केटी : चौतारीमा बरपिपल सारेर

छोड्चौ पछि अलन्तर पारेर

बरको -----

केटा : कुरो मिल्यो लौ हिँड आजै जाम

बिताउँ जीवन बिरे हो मेरो नाम

बरको ---

केटी : धानको बाला मस्याङले जेलेर

बिताउँ जीवन हाँसेर खेलेर

बरको------ ।

उपर्युक्त दोहोरी गीतहरूमा 'भैन', 'परो', 'नहुनि', 'जुआरी' आदि कास्की जिल्लामा बोलिने शब्दहरू प्रयुक्त छन् ।

### ४.२.२ कर्मगीत

काम गर्दा गाईने लोकगीतलाई कर्मगीत भनिन्छ । यस्ता गीत विशेषगरी खेतीपाती लाउने, गोडमेल गर्ने र बालीनाली थन्क्याउने बेलामा नै बढी मात्रामा गाउने गरिन्छ ।[ङ्ढ] काम मात्र गरिरहँदा जीवन नीरस हुन सक्ने भएकाले काम गर्दागर्दै वा थाकेर विश्राम लिदाँ गीत गाउने गरिन्छ । यसरी श्रम गर्ने क्रममा गाइने हुनाले

---

[ङ्ढ] कृष्णप्रसाद पराजुली, पूर्ववत् पृ, २०७ ।

यस्ता गीतलाई श्रमगीत पनि भनिएको पाइन्छ ।[ड्छ] यस्ता गीत प्रत्येक ऋतु वा मौसममा गरिने कामका प्रकृतिअनुसार गाईने गरिन्छन् । त्यतिखेर अरू गीत पनि गाईन्छन् तर पनि कर्म वा श्रमसँग सम्बन्धित गीतले त्यतिखेर प्रमुख स्थान पाएका हुन्छन् । कास्की जिल्लाका उपर्युक्त चार गाउँ विकास समितिमा खास गरी जेठेगीत, असारेगीत, साउने भदौरे र दाईंगीत प्रमुख कर्मगीत मानिन्छन् । यिनीहरूको चिनारी तल दिइएको छ :

**(क) जेठेगीत**

जेठ महिनामा काम गर्दै गाईने कर्मगीतलाई जेठेगीत भन्निछ । कोदो रोप्तै र मकै गोड्दै, डल्ला फोर्दै र कोदालो नचाउँदै यस्ता गीत गाईन्छन् । कास्की जिल्लाका कास्कीकोट, सराङकोट, ढिकुरपोखरी र लुम्ले गाउँविकास समितिमा मकै गोड्ने र कोदो रोप्ने समय एकैचोटि हुन्छ । त्यतिखेर ती स्थानहरूमा गाईने जेठे गीतका केही बान्की तल प्रस्तुत गरिएको छ :

१. जेठै र मासका यति चर्का घाम
कोदो र रोपन जानु छ ।
सासु र ज्यूको त्यो रुखो बचन
रातदिन टोकसो खानु छ ।

२. देउताजस्ता ससुरा बाबा
उइ पनि पराइ भए नि
आफना भन्ने हितैका स्वामी
उइ पनि देसाँ गए नि
जेठै र मासका ----- ।

३. भोकुमा लाइी पियासै लायो
खाजा र पानी को देला ?
आमैमा जस्ती सासु र बज्यै

[ड्छ] चूडामणि बन्धु , पूर्ववत् , पृ, १७३ ।

उइ पनि बैरी भइन् नि
जेठै र मासका ---- ।

४. आँखै र दुख्यो जियै र दुख्यो
कठैमा भन्ने को छ र खै
दाजै र जस्ता जेठाजु थिए
उइ पनि पराया भए नि
जेठै र मासका --- ।

उपर्युक्त जेठेगीतहरूमा 'उई', 'भोकु' जस्ता कास्की जिल्लामा प्रचलित शब्दहरूको प्रयोग गरिएको पाइन्छ ।

**(ख) असारे गीत**

असार महिनामा खेतमा काम गर्दै गाईने कर्मगीतलाई असारे गीत भनिन्छ । नेपाल कृषिप्रधान देश भएकाले असार महिनामा कृषकहरू खेतमा व्यस्त हुन्छन् । पहाडी खेतका गराहरूमा जोतेर हिलो पार्ने हलीहरू, कोदाली चलाउने बाउसेहरू र एक हातमा धानका मुठा लिदै अर्का हातले रोप्ने रोपाहाराहरूको सामूहिक स्वरलहरीले असारको तात्कालिक विषय लिँदा असारे गीत जन्मन्छन् ।[डट] कतैकतै रोपाइँ गर्दा पन्चेबाजा बजाउने र बेठी बस्ने परम्परा पनि पाइन्छ । यस्ता गीतमा असार महिनाको वातावरण, रोपाइँको चित्रण र सामाजिक सम्बन्धहरूको पृष्ठभूमिमा लोकमानसको अभिव्यक्ति हुन्छ ।[डठ] कास्की जिल्लाका उपर्युक्त चार गाउँ विकास समितिमा गाईने असारे गीतका केही बान्की तल प्रस्तुत गरिएको छ :

१. छुपुमा छुपु धानै र रोपम्
हातमा बीउ छउन्जेल
हातमा बीउ छउन्जेल
भलै र खाम्ला भलै र लाम्ला बाबाको जिउ छउन्जेल ।

---

[डट] चूडामणि बन्धु, पूर्ववत् , पृ.१७६ ।
[डठ] ऐजन ।

रिमी र झिमी पानी है परो सेखु छैन रुजायो

सेखु छैन रुजायो

आफैँ र रोयो आफैँ र हाँस्यो आफैँ मन बुजायो ।

**दोहोरी भाकाको असारे :**

२. हली ⁄ बाउसे : बिहानैदेखि मेलामा आयो फर्किने रातैमा

जाउँ हाम्रा घर खेताल्नी नानी लैजान्चु साथैमा ।

खेताल्नी : मुखमा रामराम मनैमा छुरा खाइ तिम्रो भर छैन

माइतीमा गछौँ ढली र मली जानलाई कर छैन ।

हली ⁄ बाउसे : माइतीलाई भेट्न जाउँला नि कान्छि पुर्ने र औँसीमा

माया र प्रेमका गरौँला कुरा बसेर कौसीका ।

खेताल्नी : गाईलाई बाााध्ने त्यो गोठघर बाखालाई खोर होला

मनपरि धेरै बोल्दामा दाजु मुखैमा कोर होला ।

३. असार मासको दबदबे हिलो छि मलाई घिन लाग्यो

पातलि नानीलाई फरिया किन्दा छ बीस रिन लाग्यो

हो कि मा होइन हो भनि देउ न छ बीस रिन लाग्यो ।

४. छुपुमा छुपु खेतै र रोपम् लैहाल्यो हल्काले

लैहाल्यो हल्काले

त्यो जाने को हो फर्केर हेर बाबाको झल्काले

ख्याल हैन साँचो बेलौती काँचो बाबाको झल्काले ।

माथिका असारे गीतहरूमा ‘रोपम्’, ‘सेखु’, ‘रुजायो’ ‘बुजायो’, ‘लैजान्चु’ जस्ता कास्की जिल्लामा बोलिने भाषा प्रयुक्त छ ।

### (ग) साउने गीत

साउन महिनामा खेतमा काम गर्दा गाइने कर्मगीतलाई साउने गीत भनिन्छ । नेपालका पहाडी भेगतिर धान नहुने ठाउँमा पाखे खेती गरी कोदो रोप्ने चलन छ । कोदो धेरैजसो साउन महिनामै रोपिन्छ । यसै बेला गाइने लोकगीतलाई साउने लोकगीत भनिन्छ । यस गीतको लय असारेसँगै मिल्ने भए तापनि कोदो रोप्ने बेला प्रायः साउन महिनामा गाइने भएकाले यस गीतको भाकालाई नै ‘साउने सालैजो’ वा ‘कोदो रोप्ताको गीत’ पनि भनिएको पाइन्छ ।[ङङ] कास्की जिल्लाका उपर्युक्त चार गाउँ विकास समितिमा गाइने साउने लोकगीतका केही बान्की तल प्रस्तुत छन् :

तिनै र सहर यो नेपालैमा घमाइलो लाग्दैन
सुखिया ज्यानलाई नभेटेसम्म रमाइलो लाग्दैन
आजलाई मैले अचम्मै देखेँ रुखमाथी रुखै छ
जतामा जान्चु दुःखीको छोरो दुखमाथि दुखै छ ।
हिमालैचुली त्यो पल्लोपटि चौँरी गाईको गोवर
भरौँ त पाथी जोखौँ त तुलो कस्को माया दोब्बर ।
सिडै र लामु पुच्छरै छोटो मदिसे राँगाको
घर पनि छैन घर पनि छैन बैरागी नागाको ।

यी गीतहरूमा प्रयुक्त ‘सुखिया’, ‘जान्चु’ जस्ता कास्की जिल्लामा प्रचलित शब्दहरूको प्रयोग गरिएको छ ।

### (घ) भदौरे गीत

भदौ महिनामा काम गर्दा गाईने वा भदौ महिनाको वर्णन गरिएको गीतलाई भदौरे गीत भनिन्छ । खेतमा धान गोड्दा र बारीमा कोदो गोड्दा गाईने भएकाले

[ङङ] कृष्णप्रसाद पराजुली , पूर्ववत् , पृ.२१५ ।

भदौरे गीतमा बाद्यवादनको प्रयोग गरिँदैन । स्त्री र पुरुष दुवैले गाउने यो गीत झन्डै-झन्डै साउने जस्तै हुन्छ तर यसमा सूक्ष्म रूपमा लयगत भिन्नता पाइन्छ । कास्की जिल्लाका उपर्युक्त चार गाउँ विकास समितिमा कोदो र धान गोड्दै गाईने भदौरे गीतका केही नमुना तल प्रस्तुत छन् :

घुमिमा घुमी अक्कासै पुग्यो चील हैन बाजै हो
पिरती लाको वर्ष दिन भयो भेट भको आजै हो
बाबा र ज्यूको पुरानो बारी हरियो जौ भयो
बालख दिनमा लाएको माया छुटन धौ भयो ।

'अक्कासै', 'भको' जस्ता शब्दहरूले उपर्युक्त गीतको भाषा कास्की जिल्लाको हो भन्ने पुष्टि हुन्छ ।

**(ङ) दाइँगीत**

मङ्सिर महिनामा दाइँ गर्दै गाईने गीतलाई दाइँगीत भनिन्छ । असार महिनामा रोपेको धान मङ्सिरमा पाकेपछि धान काटेर खलोमा थुपारिन्छ र कुनियो लगाईन्छ । त्यही कुनीयोबाट धानका बिटा झिक्दै धान झार्ने गरिन्छ । धान झरिसकेका बिटा दाइँ गर्न खलामा छिरोलिन्छ । खलाको बीचमा गाडिएको मियोमा बाँधिएका ८/१० वटा गोरुलाई वरिपरि घुमाउँदै दाइँ गरिन्छ । दाइँ गर्ने दँदेराहरूले गाउने गीत नै दाइँगीत हो । कास्की जिल्लाका उपर्युक्त चार गा.वि.स.मा गाईने केही दाइँगीतका नमुना तल प्रस्तुत छन् :

१. हो माडो बरादु घुमीखेल भाइ
चाँडोचाँडो पाउ चलाई
हो--हो-- हो--हो--।

मियाको टुप्पामा बसिहाल्यो कोइली
आजका दँदेरालाई घिउका चोइली
हो -- हो -- माडो बरादु हो -- हो ।

गोरुका सिङमा परालको तान्रो
गोरु खेद्ने केटालाई मुसाको आन्रो
हो -- हो -- माडो बरादु हो -- हो ।

दाइँ गर बरादु हो दाइँ गर
आकाशमा हेर झिलिमिली तारा
हाम्रो खलाभरी सहका धारा
कुखुरी काँ कुखुरा बास्च
हाम्रो खलाभरि अन्नपूर्ण रास छ
हो -- हो -- माडो बरादु हो -- हो ।

असी मुरी झरुवा बार बीस रास
दाइँ ढिलो गरेउ भने हुन्च यहीँ बास
कानले बताइदेउ पुच्छरले डोलाईदेउ
सिङले बोकिदेउ माड भाइ माड ।

२. माली गाईको छोरो तारी गायको नाति
हुन थाल्यो दाइँ धानपरालमाथि
खला ओरिपरि सिमलचरी रिङ
हाम्रा बराजुका लामालामा सिङ
ह----ह----ह----ह-----।

'तान्रो', 'आन्द्रो', 'बास्च,' 'हुन्च' जस्ता शब्दहरूले उपर्युक्त दाइँगीतको भाषा कास्की जिल्लाको हो भन्ने पुष्टि हुन्छ ।

### ४.२.३ पर्वगीत

चाडपर्वमा गाईने लोकगीतलाई पर्वगीत भनिन्छ । चाडपर्व मनाइनुमा मानिसभित्रको सामाजिक-धार्मिक आस्था पनि प्रबल कारकका रूपमा रहेकाले समाजमा उत्सव मनाउने, पूजाआजा गर्ने, जाग्राम बस्ने, मेला भर्न जाने प्रचलन त छँदै छन्; साथसाथै चाडपर्व मनाइँदा परिवार, आफन्त वा इष्टमित्रहरूसँग बसेर

रमाइलो गर्ने, उत्सव मनाएर आनन्द लिने, मीठोमसिनो खाने र सुखदुःखलाई अभिव्यक्त गर्ने समाजिक पक्ष पनि त्यतिकै सबल देखापर्छन ।[ङढ]पर्वलाई सांस्कृतिक चेतना तथा शिक्षाको साधनका रूपमा पनि लिन सकिन्छ । नेपाली समाजमा वर्षभरिमा आउने चाडपर्वका अवसर आउँदा लोकजीवनद्वारा जुनजुन गीत गाईन्छन् ती लोकगीत नै पर्वगीत हुन् ।[ढण]कास्की जिल्लाका उपर्युक्त चार गा.वि.स. हरूमा पर्वगीतअन्तर्गत प्रमुख रूपमा तीजेगीत, भैलीगीत, देउसीगीत र मालसिरी गाउने परम्परा रहेको पाइन्छ । यी गीतहरूको चिनारी तल दिइएको छः

(क) **तीजेगीत**

तीजका अवसरमा नारीहरूद्वारा गाइने गीतलाई तीजेगीत भनिन्छ ।तीजका अवसरमा दर खुवाउनका लागि विवाहिता दिदीबहिनीलाई माइतीहरू लिन जान्छन् । दर खाने दिनको राती र तीजकै दिन व्रत बस्ता नारीहरू तीजको गीत गाउँछन् । माइत जानेहरूका आनन्द र उमङ्ग अनि माइत जान नपाउनेहरूका व्यथा र मर्महरूलाई तीजका गीतहरूमा व्यक्त गरिएको हुन्छ ।[ढज्ञ]हिजोआजका तीजेगीतहरूमा शोषणका विरुद्धको नारी विद्रोह र सञ्चेतनाका स्वर पनि सुनिन थालेका छन् ।[ढद]

तीजेगीतमा बालविवाह र अनमेल विवाहले ल्याएका समस्याहरू सासूको प्रताडना र थिचोमिचोले जन्माएका पीडाहरू, संस्कारगत र सामाजिक विधिले दिएका दुःख र वेदनाहरूलाई अभिव्यक्त गएिको हुन्छ ।[ढघ] एक्लै, दोहोरीका रूपमा र सामूहिक रूपमा गाईने तीजेगीतले समाजमा नारीको अवस्थालाई स्पष्ट पारेका हुन्छन् । घरको काममा अल्झेर वर्ष दिनसम्म माइत आउन नपाएका छोरीचेलीलाई तीजमा माइत आउँदा ठूलो उन्मुक्तिको बोध हुन्छ । उनीहरू दिदीबहिनी र साथीसङ्गीहरूसँग भेटेर निर्धक्कसित बोल्छन्, भलाकुसारी गर्छन् अनि गीतैमा आफ्ना दुःख, मर्म र वेदना

[ङढ] ऐजन, पृ. १७४-१७५ ।

[ढण] ऐजन, पृ. १७५ ।

[ढज्ञ] चूडामणि बन्धु, **पूर्ववत्**, प. १६४ ।

[ढद] ऐजन ।

[ढघ] ऐजन ।

पोख्छन् ।[ढद्ध]कास्की जिल्लाका उपर्युक्त चार गाउँ विकास समितिमा नेपालका अन्य ठाउँहरूमा जस्तै तीजेगीत गाउने चलन छ जसका केही नमुना तल प्रस्तुत छन् :

१. रमै र झमै तीजै आयो भन्चन्, कमाइद्यौ राजै शिरफूल
तिमी त प्यारी कालीमा छौं नि सुहाउँदैन शिरफूल
वेदमा अच्छेर काला हुन्चन् राजै नपड राजै पोस्तक --- ।

२. बाबाको दैलामुनि सुन्तलाको विरुवा
लहलह परेको पात बरिलै
जन्मघर छोडेर कर्मघर जाने
छोरीको हारेको जात बरिलै ।
बाबाको सम्पतिमा हक छैन छोरीको
पासो लगाई मरे पनि हुन्च डोरीको ।
तीजको बेलामा सबै जान्चन् माइत
मेरो माइती मुग्लान पारि छैन साइत ।
यो रमाइलो बेलामा जानुपरो मेलामा
म छोरीको आँसु खस्यो दैली ठेलामा ।

उपर्युक्त तीजेगीतहरूमा 'भन्चन्', 'कमाइद्यौ', 'पोस्तक', 'हुन्च', 'जानुपरो' जस्ता कास्की जिल्लामा बोलिने भाषाको प्रयोग गरिएको छ ।

**(ख) भैलीगीत**

तिहारमा भैली खेल्दा गाईने लोकगीतलाई भैलीगीत भनिन्छ । यो गीत खास गरी लक्ष्मीपूजाका दिन राती र कतैकतै यसभन्दा पछिसम्म पनि गाएर खेल्ने गरिन्छ । लक्ष्मीपूजा वा गाईतिहारको राती औंसीको अँध्यारोलाई चिर्दै घरघरमा बत्ती बालेर

[ढद्ध] कृष्णप्रसाद पराजुली, पूर्ववत् पृ. १७७-१७८ ।

लक्ष्मीको पूजा गरिने हुँदा यसै दिनलाई दीपावली पनि भनिएको पाइन्छ ।[ढछ]यस दिन साँझ परेपछि गाउँघरका आइमाई किशोरीको जमात लाल्टिन, मैन्टुल, राँको आदि बालेर घरघरमा गई खुसीयाली मनाउँदै भैली गाउँछन् । सामान्यतया ४-५ जनादेखि १०-१५ जनासम्मको समूह बनाएर खेलिने भैलीमा एउटाले शब्द जोड्दै भट्याउने र अरूले सँगसँगै गाउने वा दोहोऱ्याउने गर्छन् । कास्की जिल्लाका उपर्युक्त चार गाउँ विकास समितिमा गाइने भैलीगीतका केही बान्की तल प्रस्तुत छन् :

१. भैलिनी आइन् आँगन
औँसीको दान मागन
हे औँसीबार गाईतिहार भैली ।

आजको औँसी के बार ?
लच्छिमी गाईको तिहार
हे औँसीबार गाईतिहार भैली ।

२. हे भनभन साथी भैलिराम ।
राम्ररी भन भैलिराम
रातो माटो भैलिराम
चिप्लो बाटो भैलिराम
लड्दै पड्दै भैलिराम
आएका हामी भैलिराम

उपर्युक्त भैलीगीतमा प्रयुक्त ‘लच्छिमी’ शब्दले कास्की जिल्लाको भाषालाई चिनाउँछ ।

## (ग) देउसीगीत

तिहारमा देउसी खेल्दा गाईने लोकगीतलाई देउसीगीत भनिन्छ । लक्ष्मीपूजाको भोलिपल्ट साँझको बत्ती बालेपछि गाउँका किशोर र प्रौढहरू देउसीको गीत गाउँदै घरघर डुल्छन् । भैली विशेष गरी नारीहरूको पर्व हो भने देउसीचाहिँ विशेष गरी

[ढछ] ऐजन, पृ. १८७ ।

पुरुषहरूको हो तर कतिपय ठाउँमा देउसी खेल्न नारीहरूले पनि सहभागिता जनाउने गर्दछन् । देउसी खेल्नेहरूलाई देउसे भनिन्छ । भैलीमा जस्तै देउसीमा पनि एकजनाले भट्याउँछ र अरूले 'द्यौसिरे' भन्दछन् । निर्माण, सामाजिक परिवर्तन, र विकासका सन्देशहरूलाई जनस्तरसम्म पुऱ्याउने परम्परागत माध्यमका रूपमा देउसीको प्रयोग गरिएको पाइन्छ ।[ढट]कास्की जिल्लाका उपर्युक्त चार गा.वि.स.मा पनि देउसी धूमधामसाथ खेल्ने गरिन्छ । यहाँ खेलिने केही देउसी गीतका नमुना तल प्रस्तुत छन् :

| | |
|---|---|
| ए मेरा भाइ हो | देउसिरे |
| देउसिरे भन | देउसिरे |
| स्वर मिलाइकन | देउसिरे |
| ए झिलिमिली झिलिमिली | देउसिरे |
| ए केको झिलिमिली | देउसिरे |
| बत्तीको झिलिमिली | देउसिरे |
| फूलको झिलिमिली | देउसिरे |
| यो घरमा | देउसिरे |
| लच्छिमीले | देउसिरे |
| बासै गरून् | देउसिरे |
| आँटेको पुगोस | देउसिरे |
| सोचेको पुगोस | देउसिरे |

### (घ) मालसिरी

'मालश्री' शब्दबाट बनेको 'मालसिरी' नेपालीहरूको महान् चाड दसैँमा गाईने लोकगीत हो । यो गीत दसैँको नौरथा सुरु भएदेखि महानवमीको दिनसम्म साँझ बिहान दुर्गा भवानीको आराधना गर्दा गाउने गरिन्छ । मालसिरी खास गरी राजधानीवरपरका देवीका मन्दिरहरूमा र केही मात्रामा पूर्व-पश्चिम पहाडी नगरका मन्दिरहरूमा पनि प्रचलित रहेको पाइन्छ ।[ढठ] कास्की जिल्लाको उपर्युक्त चार जिल्लामा पनि मालसिरी गीत गाइन्छ । कास्कीकोट गा.वि.स.मा रहेको कालिका

---

[ढट] चूडामणि बन्धु, पूर्ववत् पृ. १७० ।

[ढठ] कृष्णप्रसाद पराजुली , पूर्ववत् पृ. १८५ ।

मन्दिरमा त नौरथाको अवसर पारेर भव्य रूपमा मालसिरी गाउने गरिन्छ । यहाँ गाइने मालसिरीको केही अंश यहाँ दिइएको छ :

हाँ हाँ देवि जयहु जय जय जगत्रके प्रतिपालनि,
हाँ हाँ रे आदि परेवा कुम्भ थापनु देवि देव धराइए ।
चन्द्रमा बीच भानु दिपक द्विज दधि बढाइए । हाँ हाँ देवि -----

तिनहै तिनलोक समगम अधर वेणु बजाइए,
अधर फारस फरस कङ्कण देविका । हाँ हाँ देवि ----

चौथि है गुणवेदके चरणते अव चारिए,
पन्चमि परमहात्म देविके माइका गुण गाईए । हाँ -------

खष्टि हे रथ साजिलेनो सप्तमि फुल आनिए ,
अस्टमि घरघर खड्ग थापनो कालिका निसिभोगिनि । हाँ ----

नवमि घरघर छाग लोनि जगत्र मङ्गल गाईए,
राज खजाना मृदङ्ग बाजे खड्ग चमरु निसानए । हाँ -----[ढड]

दसैंको सप्तमीका दिन स्थानीय ज्योतिषीहरूले मालसिरी गाउँछन् । कास्कीकोटमा रहेको कालिका मन्दिरमा उक्त मालसिरी गाउँदा कुँवरहरूले सरङ खेल्ने चलन रहेको छ ।

### ४.२.४ संस्कारगीत

नेपालीहरूका जन्मदेखि मृत्युसम्म गरिने संस्कारहरूमा गाईने लोकगीतलाई संस्कारगीत भनिन्छ । संस्कार भन्नाले स्वच्छता, शुद्धतालाई अँगाल्ने प्रक्रिया हुँदा यसले परम्परालाई मात्र नलिएर वर्तमानको चेतनात्मक स्थिति र भविष्यको मङ्गलकारी भावनालाई पनि इङ्गित गरिरहेको हुन्छ ।[ढढ]संस्कारद्वारा नै मानिसको जीवनशैली,

---

[ढड] राजाराम सुवेदी , पूर्ववत् , पृ. २२६ ।

[ढढ] कृष्णप्रसाद पराजुली पूर्ववत् , पृ.२२३ ।

विचार, चिन्तन र व्यावहारिक कुराको विकास भएको हुन्छ । मानिसका अधिकांश कियाकलाप पनि संस्कारद्वारा नै निर्देशित हुन्छन् । नेपालीहरूमा गर्भाधानदेखि मृत्युसम्म १६ संस्कार गरिन्छन् । ती हुनः

ज्ञ। गर्भाधान (गर्भधारण गर्दा गरिने संस्कार)

द्द। पुसंवन (गर्भवती भएको तेस्रो महिनामा गरिने संस्कार)

घ। सीमन्तोन्नयन (गर्भवती भएको छैटौं महिनामा गरिने संस्कार)

द्ध। जातकर्म (बालक जन्मँदा गरिने संस्कार)

छ। नामकर्म (न्वारान)

ट। निष्क्रमण (बाहिर निकाली सूर्यदर्शन गराउने संस्कार)

ठ। अन्नप्रासन (पास्नी)

ड। कर्णवेध (कानछेडाई)

ढ। चूडाकर्म (छेवर)

ज्ञण। विद्यारम्भ

ज्ञज्ञ। उपनयन (ब्रतबन्ध)

ज्ञद्द। वेदारम्भ

ज्ञघ। केशान्त

ज्ञद्ध। समावर्तन(अध्ययन पूरा गरी गुरुकुलबाट गृहस्थाश्रममा फर्किंदा गरिने संस्कार)

ज्ञछ। विवाह

ज्ञट। अन्त्येष्टि ।[ज्ञण्ण]

यस्ता जन्मदेखि मृत्युपर्यन्त गरिने संस्कारहरूमा गाइने गीत नै संस्कारगीत हुन् । कास्की जिल्लाका उपर्युक्त चार गाउँ विकास समितिमा रत्यौली, सिलोक र मागल वा सगुन गरी ३ प्रकारका संस्कारगीत गाईन्छन् । यिनीहरूको परिचय तल दिइएको छ

**(क) रत्यौली**

विवाहको उत्सवमा जन्ती बेहुलीघरतिर गइसकेपछि दुलाहापट्टिका गाउँघर, नाताकुटुम्ब र छरछिमेकका आइमाईहरूद्वारा बेहुलाकै घरमा गाईने गीतलाई रत्यौली

[ज्ञण्ण] ऐजन, पृ.२२३-२२४ ।

भनिन्छ । यस गीतको चलन विशेष गरी बाहुन, क्षेत्री, दमाई, कामी, सार्की तथा केही अन्य जातजातिमा समेत रहेको पाइन्छ । बेहुलालाई अन्माउँदा ग्रहशान्तिका निम्ति विधिवत् दियो बालेर दुलही नभित्र्याइन्जेल ननिभाई कुर्नुपर्ने हुन्छ । त्यसै बेला नृत्यसहित वा रहित गाईने संस्कार गीत नै रत्यौली हो । कास्की जिल्लाका उपर्युक्त चार गा.वि.स.मा गाईने केही रत्यौली गीतका नमुना तल प्रस्तुत छन् :

१. नाचनीलाई पाँचनी दिम्ला
हेरनीलाई छकितै पारम्ला ।
छमछम नाचनी मायालाई
फूल टिपेर लाईदिम्कि पहेँलै ॥

२. राजै के दिल बस्यो आजै चमेली फूलमा
राजै के दिल बस्यो चमेली फूलमा
कालिलेकको कैलासमा जोगी बस्यो ध्यान
कल्ले देला अर्तीबुद्धि कल्ले देला ज्ञान
राजै ----------
कालिलेकको कैलासमा जोगी बस्यो ध्यान
बाबा देलान् अर्तीबुद्धि गुरु देलान् ज्ञान ।

३. आमा तिम्ले जन्माइछौं के दिनमा
बस्न परो अर्कैको अधिनमा ।
कति घोटाइ छालाको चन्दन
जता हेरो उतै छ बन्दन ।

४. तानी तानी ले लुठा तानी तानी ले
ख्यार मति ख्यार

दुलहाकि आमालाई आँगनीमा झार ।

आँगनीमा झार लुठा आँगनीमा झार

दुलहाकि आमालाई आँगनीमा झार ।

बारीका डल्ला सयसाठी

दुलहाकि आमाले पोइ साटी ।

उपर्युक्त रत्यौली गीतहरूमा प्रयुक्त 'पारम्ला', 'दिम्ला', 'कल्ले', 'तिम्ले', 'हेरो' जस्ता शब्दहरूले कास्की जिल्लाको स्थानीयतालाई झल्काएका छन् ।

## (ख) सिलोक

सिलोक एकप्रकारको पद्य वा कविता हो । सिलोक प्रायः छन्दमा हुन्छन् । खास गरी शार्दूलविक्रीडित, उपजाति, बसन्ततिलका, आदिमा रचिएका सिलोक घरमा बसिबियाँलो गर्दा, चौतारीमा बस्दा, आराम गर्दा, साँझ-बिहान जुनसुकै बेला पनि गाउन सकिन्छ तथापि विवाहका अवसरमा सवालजवाफका रूपमा बेहुला र बेहुलीपट्टिका बूढापाकाले गाउने चलन अत्यधिक मात्रामा पाइन्छ । सिलोकमा आशीर्वादात्मक र उपदेशाात्मक मात्र नभएर मिलन, बिछोड र छेडपेच पनि वस्तुका रूपमा आएका देखिन्छन् । कास्की जिल्लाका उपर्युक्त चार गा.वि.स.मा सिलोक हाल्ने परम्परा निकै सशक्त देखिन्छ । यहाँ गाइने केही सिलोक गीतका नमुना तल प्रस्तुत छन् :

१. ए नानी तिमी त अत्यन्त रूपकी दन्तै हँसिला अति

कस्ता छन् तिमरा देवर जेठाजु कस्ता छन् तिम्रा पति ?

जेठाजु रूपका देवर सीपका मुखै सुवासका पति

जुन काम पतिको तयार नहुँदा लाग्दैन माया रति ।

२. चिलिम टिपी आगो लिन जान्चे

भाँडा बजारी खरानी लाउँचे ।

मानो पनि खोज्दिन मनैले जोख्चे

छाकमा तीनमुठी चामलै पोख्चे ॥

३. सुत्चु खाटमा देख्चु रातमा

झलक्क व्युझँदा छैनन साथमा

हान्चु जालले पानीले लान्च

दुःख पाउनु छ आफ्ना बानीले ।

उपर्युक्त सिलोकहरूमा प्रयुक्त 'तिमरा', जान्चे, 'लाउँचे', 'जोख्चे' 'पोक्चे', 'देख्चु', 'हान्चु', 'लान्चु' जस्ता कास्की जिल्लामा प्रयोग हुने शब्दहरू समाविष्ट छन् ।

**(ग) मागल/सगुन**

विवाह, तीजको पञ्चमी जस्ता मङ्गलकार्यमा महिलाहरूले मात्र गाउने गीतलाई मागल गीत वा सगुन गीत भनिन्छ । मागल गीतलाई मङगल गीत पनि भनिएको पाइन्छ ।[ज्ञण्ज्ञ] वेदी बनाउने माटो झिक्दा, कसार बटार्दा ब्रतबन्धमा भीक्षा दिँदा-लिँदा, जनै लगाउँदा, परदेश जाँदा, विवाहमा गोडा धुँदा, जन्ती पसँदा, स्वयम्बर गर्दा र सिन्दुर हाल्दा मागल गीत गाउने गरिन्छ । कास्की जिल्लाका उपर्युक्त चार गा.वि.स.मा मागल वा सगुन उक्त अवसरहरूमा गाउने गरिन्छन् । तिनका केही नमुना तल प्रस्तुत छन् :

१. सिली धानको अछेती त माली गाईको दही

पर्छिद्यौन मेरा बाबा मेरा यिनै जन्तिलाई ।

सिली धानको अछेती त माली गायको दही

धोइद्यौन मेरा बाबा दुबै पाउलाई ॥

२. दसैं मैना कोखिबास गरैं मेरी आमा आए जोगी बरितै

देउन आमा देउन आमा पाँचै मुठी भिक

सात घर हिँडेम आमै सातै मुठी भयो कसरी पालम्ला गुरुबाबालाई

[ज्ञण्ज्ञ] ऐजन, पृ. २२६ ।

रुद्राच्छे माला गुरुबाबाले दिए भयौं हामी बैरागी भेष ॥

३. फुका केश जम्ला हात ठूलो हाम्रो बरित नि है

देउन बाबा देउन बाबा बरितको दियो नि है ।

बरितको दियो चेली सातै भाइको साजा

लैजाउ चेली लैजाउ चेली सुवर्णको दियो नि है ।

उपर्युक्त मागल/सगुन गीतहरूमा 'अछेती', 'द्यौन', 'भिक', 'रुद्राच्छे', 'हिँडेम', 'साजा' जस्ता शब्दहरू कास्की जिल्लामा बोलिन्छ । यस्तो भाषाले कास्कीको आफ्नोपनलाई झल्काएको छ ।

### ४.२.५ धार्मिक गीत

विभिन्न धार्मिक क्रियाकलापमा गाईने लोकगीतलाई धार्मिक लोकगीत भनिन्छ । यी गीत धार्मिक भावना, अनुष्ठान, पूजाआजा, व्रत, प्रार्थना, भजनकीर्तन आरती, आराधना, स्तुति, मङ्गलकामना तथा देवीदेवतासँग सम्बन्धित हुन्छन ।[ज्ञण्द] कास्की जिल्लाका उपर्युक्त चार गाउँ विकास समितिमा धार्मिक लोकगीत अन्तर्गत कीर्तन, भजन, आरती र ब्रतगीत गाइन्छन् । यिनीहरूको चर्चा तल गएिको छ :

#### (क) कीर्तन

देवीदेवताको उपासना गरिसकेपछि उनीहरूको गुणगान गर्दै र उनीहरूप्रति भक्तिभाव प्रकट गर्दै गाइने गीतलाई कीर्तन भनिन्छ । उपासनापछि जाग्राम बस्दा मनले चिताएको फल मिल्छ भन्ने कामनाले गाईने यी गीतको धार्मिक महत्त्व छ । कीर्तन भजनजस्तै शैलीको हुने भए तापनि यसको भाका छिटो र छरिटो हुने गर्छ । कास्की जिल्लाका उपर्युक्त चार गाउँ विकास समितिमा गाईने केही कीर्तनका नमुना तल प्रस्तुत छन्:

---

[ज्ञण्द] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल पूर्ववत् पृ. ८३ ।

१. हरे राम हरे राम

राम राम हरे हरे

हरे किस्न हरे किस्न

किस्न किस्न हरे हरे ।

२. जानी काँ होला जानी काँ होला

उनै रामलाई था होला जानी काँ होला

जपन रामलाई जपन रामलाई

सबै भक्त मिलेर जपन रामलाई ।

३. श्री किस्न गोविन्द हरे मुरारे

हेनाथ नारायेण वासुदेव

श्री श्याम नारायण हे मुकुन्द

लच्छिमीपते केशव वासुदेव ।

उपर्युक्त कीर्तनमा प्रयुक्त 'किस्न', 'जानी', 'था', 'लच्छिमी' जस्ता कास्की जिल्लामा बोलिने शब्दहरूको प्रयोग गरिएको छ ।

**(ख) भजन**

पूजाआजाका अवसरमा वा इश्वरको आराधाना गर्दा गाईने गीतलाई भजन भनिन्छ । भजन चुड्का, लम्बरी र प्रभाती गरी ३ किसिमको हुन्छ । चुड्का भजन सत्यनारायण, सप्ताह, स्वस्थानी आदिको पूजाआजाका अवसरमा, मेलापर्वमा तथा बालचतुर्दशीमा प्रमुख रूपमा गाउने गरिन्छ ।[ज्ञण्घ] लम्बरी भजन चुड्का भजनभन्दा केही लामो हुन्छ । यो भजन खास गरी बूढापाका, विधवा, जोगी, साधुसन्त आदिले गाउने गरेको पाइन्छ । ब्राहममुहूर्तमा गाईने भजनलाई प्रभाती भजन भनिन्छ । कास्की जिल्लाका उपर्युक्त चार गा.वि.स.मा गाईने भजनका केही नमुना तल दिइएका छन् :

---

[ज्ञण्घ] कृष्णप्रसाद पराजुली, **पूर्ववत्** , पृ. २३२ ।

१. नसम्जेर पो नसम्जेर पो

सम्जे हरि मनमा नसम्जेर पो ।

२. सम्पतिको घमन्डले गर्नुसम्म गरो

सोर्गलोक छोडेर पाताल जानुपरो ।

३. धनको भर नपर हरि भजन गर

धनको भर नपर ।

४. छैटौं गर्भसम्ममा कंसलाई दिइन्

सातौं गर्भ देवकीको रोहिणीले लिइन्

५. बन्दी खानमा किस्नले औतार लिनुभो

वन्दी खानमा किस्नले औतार लिनुभो ।

उपर्युक्त भजनमा प्रयुक्त 'नसम्जेर', 'सम्जे', 'गरो', 'सोर्गलोक', 'किस्न', 'औतार' जस्ता शब्दले कस्केली स्थानीयतालाई चिनाएका छन् ।

### (ग) आरती

भगवान्को नित्यपूजामा धूप, दीप, नैवेद्य चढाएर ज्योतिबत्ती बाली गरिने स्तुतिलाई आरती भनिन्छ । आरती पूजाआजाको अन्तिम चरणमा वा सन्ध्याकालमा बत्ती बालेर गाउने गरिन्छ । आरती शिवसम्बन्धी, विष्णुसम्बन्धी, गणेशसम्बन्धी, रामसम्बन्धी आदि विविध प्रकारका हुने गर्छन् । यसै कारण आरतीलाई धार्मिक गीतअन्तर्गत राखिएको हो । कास्की जिल्लाका उपर्युक्त ४ गाउँ विकास समितिमा चलनमा रहेका आरतीका केही नमुना तल प्रस्तुत छन् :

जय गणेश जय गणेश जय गणेश देव

माताजी पारबती पिता महादेव

सन्जे जगाउ भक्त आरती जगाउ

जय आरतीको बेला भो

प्रभु रामभक्त आरती जगाउ

हरि हरि, साँझकालको बेला भो

आरती जगाउ

प्रभुको आरती जगाउ ।

ल्वाङ्को फूल जाइको माला

रामलाई चडाम्ला

रामबाट हामीले बरदान पाम्ला ।

उपर्युक्त आरतीमा 'पारबती', 'सन्जे', 'पाम्ला' जस्ता शब्द प्रयुक्त छन् जसले कास्कीको आफ्नोपनलाई चिनाएका छन् ।

**(घ) व्रतगीत**

नारीहरूद्वारा धार्मिक विश्वासले गरिने व्रतमा गाइने गीतलाई व्रतगीत भनिन्छ । यस्ता गीतहरू ऋषिपञ्चमी, गङ्गादशहरा, ठूली एकादशी, यमपञ्चकजस्ता अवसरहरूमा व्रत बस्ता गाइन्छन् । प्रायः नारीहरूले गाउने व्रतगीतका विषयवस्तु पनि अवसरअनुसार फरक हुने गर्छन । कास्की जिल्लाका उपर्युक्त चार गा.वि.स. मा प्रचलित व्रतगीतका नमुना तल प्रस्तुत छन् :

१. कुनबेला जाउली कुन बेला आउली

कुन बेला गरौली देउतीको ध्यान ?

उदय जाम्ला अस्तय आम्ला

मध्यानीमा गरम्ला देउतीको ध्यान ।

फुकाकेश जम्ला हात ठूलो हाम्रो बरत

आजका र दिनभरी ठूलो हाम्रो बरत ।

२. मालिकाका देवताले हात जोडी बसेका

कल्ले गर्ला बरिलै देवताको ध्यान ?

हामी त जाने हो देवतालाई पुजन

हामीले नै गर्दछम् देवताको ध्यान ।

उपर्युक्त व्रतगीतमा प्रयुक्त ‘जाउली’, ‘गरउली’, ‘जाम्ला’, ‘गरम्ला’, ‘गर्दछम्’ जस्ता शब्दले कास्की जिल्लाको स्वत्वलाई चिनाएका छन् ।

## ४.३ कास्की जिल्लामा प्रचलित नेपाली लोकगीतको विश्लेषण

लोकगीत लोकसाहित्यका विधाहरूमा प्राचीन समयदेखि व्यापकरूपमा प्रचलित हुँदै आएको लोकप्रिय विधा हो । प्रकृतिबाटै स्वतः स्फूर्त रूपमा निःसृत लोकगीत समाज र संस्कृतिको परिचय दिन सक्षम विधा मानिन्छ । प्रकृति, संस्कृति, धर्म आदि यावत् विषयवस्तु समेट्न सक्ने लोकगीतको विश्लेषण गर्ने काम कठिन भए पनि तत्तत् विषयवस्तुका आधारमा ती विषय लोकगीतमा कसरी आएका छन् भनी हेर्न नसकिने चाहिँ होइन । लोकगीत लोकजीवनको दर्पण भएकाले यसमा सामाजिक र सामूहिक उद्‌गार बढी मात्रामा हुने गर्दछ । प्रकृति एवं सामाजिक सङ्गति-विसङ्गति, द्वन्द्व र सङ्घर्षको चाप-प्रतिचापबाट उद्‌बुद्ध हार्दिक अनुभूति नै लोकगीतको बीजभूमि भएकाले यसमा समाजभित्रकै रीतिरिवाज, व्यवहार, वस्तुतथ्य, कलासंस्कृति, प्राकृतिक सौन्दर्य आदि पोखिएका हुन्छन् । यसरी हेर्दा लोकगीतमा सामाजिक चित्रण, सांस्कृतिक चित्रण, आर्थिक चित्रण र प्रकृतिचित्रण खोज्नु युक्तिसङ्गत नै देखिन्छ । यिनै आधारहरूमा कास्की जिल्लाका उपर्युक्त चार गाउँ विकास समितिमा प्रचलित नेपाली लोकगीतहरूको विश्लेषण तल गरिएको छ ।

### ४.३.१ सामाजिक चित्रण

कास्की जिल्लाका कास्कीकोट, सराङकोट, ढिकुरपोखरी र लुम्ले गा.वि.स. मा प्रचलित लोकगीतमा स्वतः स्फूर्त रूपमा नै सामाजिक अवस्थाको चित्रण भएको पाइन्छ । पतिपत्नी, बाबुआमा, दाजुभाइ, दिदीबहिनी, मामामाइजू, नन्दभाउजू,

सासूबुहारी र तिनका व्यवहार तथा पारस्परिक जीवनमा पर्ने तथा घट्ने घटनाहरूको चर्चा यहाँका लोकगीतमा भएको देखिन्छ ।

नेपालीहरूको महान् चाड दसैं आउँदा ससाना बालबालिकाले व्यक्त गरेको खुसी लोकगीतमा यसरी व्यक्त भएको छः

दसैं आयो

खाम्ला पिम्ला । (बालगीत)

त्यस्तै गाईवस्तुलाई घाँस काटेर खुवाउनुपर्ने ग्रामीण समाजको चित्रण झ्याउरे गीतमा यसरी प्रकट भएको छ :

घाँस काट्यो आँसीले छेकेर

रुन्च मन करिम देखेर । (झ्याउरे गीत)

कास्कीमा खेतीयोग्य जमिन निकै भएकाले यहाँका गाउँलेहरू प्रायः कृषिमा आश्रित छन् । खेतमा धान फलेको कुराको चित्रण लोकगीतले यसरी गरेको देखिन्छ :

धानको बाला मस्याङले जेलेर

बिताउँ जीवन हाँसेर खेलेर । (दोहोरी गीत)

कास्की जिल्लामा धानखेती नहुने ठाउँमा कोदो रोप्ने चलन छ । यस चलनको चित्रण लोकगीतले यसरी गरेको पाइन्छ :

जेठै र मासका यति चर्का घाम

कोदा र रोपन जानु छ । (जेठेगीत)

नेपाली समाजमा सासूबुहारीको झगडा वा बुहार्तन पहिलेदेखि नै चलिआएको हो । यहाँका बुहारीले पनि बुहार्तन भोग्नु परेको कुरा लोकगीतमा यसरी व्यक्त भएको छ :

१. सासू र ज्यूको त्यो रुखो वचन

रातदिन टोकसो खानु छ । (जेठेगीत)

२. आमैमा जस्ती सासू र बज्यै

उइ पनि बैरी भइन् नि । (जेठेगीत)

विवाहित स्त्रीहरू घरको कामको चटारोदेखि टाढा अर्थात् माइत गएर केही क्षणका लागि भए पनि दुःख भुल्ने गर्छन् । लोकगीतमा यो कुरा यसरी व्यक्त भएको पाइन्छ :

माइतीलाई भेट्न जौँला नि कान्छी पुर्ने र औँसीमा

माया र प्रेमका गरौँला कुरा बसेर कौसीमा (असारे गीत)

गाउँमा फरिया, गुन्यूचोलो लगाएर काम गरिन्छ । यस कुराको पुष्टि तलका लोकगीतको अंशले गरेको छ :

असार मासको दबदबे हिलो छि मलाई घिन लाग्यो

पातली नानीलाई फरिया किन्दा छ बीस रिन लाग्यो । (असारेगीत)

कास्की जिल्लामा गाईवस्तु पाल्ने चलन भएको कुराको उल्लेख माथि नै भइसकेको छ । यहाँ पन्छीहरू पनि यत्रतत्र घुमिरहेका पाइन्छन् । गाउँमा मानो, पाथी, तुलो आदिबाट मापनको काम गरिन्छ भन्ने कुराको चित्रण यहाँका लोकगीतले यसरी गरेका छन् :

१. हिमालैचुली त्यो पल्लो पटि चौरी गाईको गोबर

भरौँ त पाथी जाखौं त तुलो कसको माया दोबर । (साउने गीत)

२. घुमीलाई घुमी आकासै पुग्यो चील हैन बाजै हो ।

पिरती लाको वर्ष दिन भयो भेट भको आजै हो । (भदौरे गीत)

खेतीपातीमा दरो काम गर्नुपर्दा शरीरलाई ताकत दिने खाद्यवस्तु खाइन्छ भन्ने कुराको चित्रण तलको अंशले गरेको छ :

मियाको टुप्पामा बसिहाल्यो कोइली

आजका दँदेरालाई घिउका चोइली । (दाइँगीत)

चाडपर्वमा नारीहरूले विशेष रूपमा गरगहना लगाउने गर्छन् भन्ने कुराको चित्रण लोकगीतको यस अंशले गरेको छ

रमै र झमै तीजै आयो भन्चन् कमाइद्यौ राजै शिरफूल

तिमी त प्यारी कालीमा छौ नि सुआउँदैन शिरफूल । (तीजेगीत)

गुरुबाट ज्ञानगुनका कुरा र आफूभन्दा ठूलाबाट अर्तीबुद्धि प्राप्त गरिने कास्कीको समाजको चित्रण लोकगीतमार्फत यसरी भएको देखिन्छः

कालीलेकको कैलाशैमा जोगी बस्यो ध्यान

बाबा देलान् अर्तीबुद्धि गुरु देलान् ज्ञान । (रत्यौली)

कास्कीमा बूढापाकाहरूले चिलिम तान्ने, पकाउँदा भाँडामा कालो लाग्न नदिन खरानी लाउने र खानाको अडकल गर्न मानाले नाप्ने ग्रामीण समाजको चित्रण यसरी गरिएको छ :

चिलिम टिपी आगो लिन जान्चे

भाँडा बजारी खरानी लाउँचे

मानो पनि खोज्दिन मनैले जोख्चे

छाकमा तीन मुठी चामलै पोख्चे । (सिलोक)

यसरी कास्की जिल्लाका उपर्युक्त चार गाउँ विकास समितिमा प्रचलित नेपाली लोकगीतमा सामाजिक मुल्य र मान्यता, मान र मर्यादा, माया र प्रीति, शिक्षा र स्वास्थ्य, दुःख र हाँसो, खेतीपाती र पशुपालन आदि समग्र सामाजिक पक्षको चित्रण भएको पाइन्छ ।

### ४.३.२ सांस्कृतिक चित्रण

लोकगीतमा संस्कृतिको चित्रण व्यापक रूपमा भएको हुन्छ । परापूर्वकालदेखि चलिआएका हुनाले हाल लोप भइसकेका कतिपय संस्कृति लोकगीतमा मात्र सास

फेरिरहेका भेटिन्छन् । नेपालीहरूका सोर संस्कार, चाडपर्व, दैनिक गरिने आरती, कीर्तन तथा विशेष अवसरमा गरिने भजनहरूमा मात्र नभएर सबै प्रकारका लोकगीतमा संस्कृतिको चित्रण भएको हुन्छ । कास्की जिल्लाका उपर्युक्त चार गाउँ विकास समितिमा प्रचलित लोकगीतहरूमा पनि नेपाली संस्कृतिको चित्रण भएको पाइन्छ ।

नेपालीहरू चौतारीमा वरपीपल रोप्छन् । वर र पीपललाई दीर्घजीवनको प्रतीक मानिन्छ । कास्कीमा पनि यो परम्परा विद्यमान् रहेको पाइन्छ । चौतारीमा बरपीपल लगाउनु यहाँको संस्कृति नै हो । लोकगीतमा यो संस्कृति यसरी प्रकट भएको छ :

चौतारीमा बरपीपल सारेर

छोड्चौ पछि अलन्तर पारेर (दोहोरी गीत)

कास्कीमा नारीहरूले तीजलाई भव्य रूपमा मनाउने गर्छन् । यो यहाँको संस्कार नै हो । तीजमा माइतीहरू चेली लिन जान्छन् र माइत आएका चेलीहरू दर खाने, पञ्चमीको व्रत बस्ने आदि कार्य गर्दछन् । यस संस्कारलाई कास्कीका लोकगीतले यसरी प्रकट गरेको छ :

रमै र झमै तीजै आयो भन्चन् कमाइद्यौं राजै शिरफूल

तिमी र प्यारी कालीमा छौ नि सुआउँदैन शिरफूल । (तीजेगीत)

छोरीलाई विवाह गरेर अर्काको घरमा दिनुपर्ने र छोरीले त्यहीँ कर्म गरेर खानुपर्ने नेपाली तथा कस्केली संस्कृतिको अभिव्यक्ति लोकगीतमा यसरी आएको छ :

जन्मघर छोडेर कर्मघर जाने

छोरीको हारेको जात बरिलै । (तीजेगीत)

बाबुको सम्पत्तिमा छोराको मात्र हक लाग्ने, छोरीको नलाग्ने कास्कीको पहिलेको संस्कृति लोकगीतमा व्यक्त भएको देखिन्छ :

बाबाको सम्पत्तिमा हक छैन छोरीको

पासो लगाई मरे पनि हुन्च डोरीको (तीजेगीत)

नेपालको राष्ट्रिय जनावर गाईलाई नेपालीहरू लक्ष्मीको रूप मानेर तिहारको गाईपूजाका दिन पूजा गर्छन । यस संस्कृतिको अभिव्यक्ति लोकगीतमा यसरी भएको छः

आजको औँसी के बार ?

लक्ष्मी गाईको तिहार

हे औँसीबार गाईतिहार भैली । (भैली गीत)

तिहारमा राती झिलिमिलि बत्ती बालेर लक्ष्मीलाई स्वागत गर्ने संस्कार छ । यस संस्कृतिको अभिव्यक्ति कास्कीका लोकगीतमा यसरी भएको छ :

ए झिलिमिली देउसिरे

ए केको झिलिमिली देउसिरे

बत्तीको झिलिमिली देउसिरे

फूलको झिलिमिली देउसिरे । (देउसी गीत)

नेपालीहरूको महान् चाड विजयादशमीमा कास्कीको कालिका मन्दिरमा भव्य रूपमा पूजा गरी मालसिरी गाउने संस्कार छ । त्यतिखेर देवीको पूजा गर्दा गाईने मालसिरीको नमुना यस्तो छ :

हाँ हाँ देखि जयहु जय जय जगत्रके प्रतिपालनि

हाँ हाँ रे आदि परेवा कुम्भ थापनु देवी देव धराइए

चन्द्रमा बिच भानु दीपक द्विज दधि बढाइए ।

हाँ हाँ देवी ------ । (मालसिरी)

कस्केली समाजमा विवाहका दिन जन्ती बेहुलीघर गइसकेपछि बेहुलाका घरमा बेहुलाकी आमालगायतका अन्य महिलाहरूले रत्यौली खेल्ने संस्कार रहेको छ । यसको अभिव्यक्ति लोकगीतले यसरी गरेको पाइन्छ :

दुलहाकी आमालाई आँगनीमा झार

आँगनीमा झार लुठा आँगनीमा झार

दुलाहाकी आमालाई आँगनीमा झार । (रत्यौली )

विवाहमा जन्ती पर्सने संस्कारको अभिव्यक्ति लोकगीतकमा यसरी भएको देखिन्छ :

सिली धानको अछेती त माली गाईको दही

पर्सीदेऊ न मेरा बाबा यिनै जन्तीलाई । (मागल/सगुन)

व्रतबन्ध गर्दा भिक्षा दिने संस्कृतिको अभिव्यक्ति लोकगीतमा भएको देखिन्छ :

दसै महिना कोखीबास गरेँ मेरी आमा आएँ जोगी बरितै

देऊ न आमा देऊ न आमा पाँच मुठी भीख । (मागल/सगनु)

श्रीरामलगायतका देवी देवतालाई पूजागर्ने, उनीहरूको भजन-कीर्तन गर्ने र वर माग्ने संस्कारको अभिव्यक्ति यसरी भएको छ :

जानी काँ होला जानी काँ होला

उनै रामलाई थाहा होला जानी काँ होला

जप न रामलाई जप न रामलाई

सबै भक्त मिलेर जप न रामलाई (कीर्तन)

धनको घमण्ड गर्दा स्वर्गलोक गुमाइन्छ र नर्कमा परिन्छ भन्ने कस्केली संस्कृतिको अभिव्यक्ति यसरी भएको देखिन्छ :

सम्पत्तिको घमण्डले गर्नुसम्म गऱ्यो

स्वर्गलोक छोडेर पाताल जानुपऱ्यो ।

धनको भर नपर हरिभजन गर

धनको भर नपर । (भजन)

हरेक दिन प्रभात र सन्ध्यामा ईश्वरको आरती गर्ने कस्केली समाजको सांस्कृतिक पक्ष लोकगीतमा यसरी प्रकटित छ :

सन्जे जगाउ भक्त आरती जगाऊ

जय आरतीको बेला भो

प्रभु रामभक्त आरती जगाऊ

हरिहरि साँझको बेला भो

आरती जगाऊ

प्रभुको आरती जगाऊ । (आरती)

तीजको पञ्चमीको व्रत लिँदा मध्याह्न्नमा पूजा गरिन्छ । यस संस्कारको अभिव्यक्ति कस्केली लोकगीतले यसरी गरेको छ :

उदय जाउँला अस्तय आउँला

मध्याह्न्नीमा गरुँला देउतीको ध्यान । (व्रतगीत)

### ४.३.३ आर्थिक चित्रण

जीवनको मूल आधार अर्थ भएकाले लोकगीतमा त्यसको महत्त्वको वर्णन विभिन्न प्रकारले गरिएको पाइन्छ । आर्थिक कमजोरीले गर्दा परदेश जानुपर्ने बाध्यता आउँछ भने पारिवारिक तथा सामाजिक स्थितिमा प्रभाव पार्ने, विसङ्गति ल्याउने र बेमेल गराउने अवस्था उत्पन्न हुन्छ । कास्की जिल्लाका उपर्युक्त चार गाउँ विकास समितिमा प्रचलित नेपाली लोकगीतमा विविधतवरले आर्थिक चित्रण भएको पाइन्छ जसको विश्लेषण तल गरिएको छ ।

स-साना बालबालिकाहरूलाई हौस्याउन-फुर्क्याउन पैसा दिने चलन कास्कीको समाजमा विद्यमान् छ । यस कुराको चित्रण यहाँका लोकगीतले यसरी गरेका छन् ।

नाच न नानी नाच न

पैसा दिउँला पाँच आना

बारुली कम्मर भाँचन । (बालगीत)

गाउँमा धन कमाउन नसकेर तथा आर्थिक अवस्था कमजोर भएर युवाहरू विदेसिनुपर्ने बाध्यताको चित्रण लोकगीतमा यसरी भएको छ :

आफ्ना भन्ने हितैका स्वामी

उही पनि देशमा गए नि है

जैठे र मासका यति चर्का घाम । (जेठेगीत )

आफ्नी नवविवाहिता श्रीमतीका इच्छा पूरा गर्न युवाले ऋण पनि गर्नुपर्ने बाध्यता रहेको कुरा कस्केली लोकगीतमार्फत यसरी व्यक्त भएको छ :

असार मासको दबदबे हिलो छि मलाई घीन लाग्यो

पातली नानीलाई फरिया किन्दा छ बीस ऋण लाग्यो । (आसारे गीत)

पुर्ख्यौली सम्पत्तिको उपभोग गर्ने अधिकार छोरालाई मात्र प्राप्त छ, छोरीलाई छैन । कास्कीमा विद्यमान् यस कुराको चित्रण लोकगीतमा यस प्रकार भएको देखिन्छ :

बाबाको सम्पत्तिमा हक छैन छोरीको

पासो लगाई मरे पनि हुन्छ डोरीको । (तीजे गीत)

तिहारमा देउसीभैली खेलेर रकम सङ्कलन गरी गाउँकै निम्ति खर्च गर्ने परम्परा कास्कीमा रहेको छ । यस कुराको चित्रण लोकगीतमा यसरी भएको पाइन्छ :

भैलिनी आइन् आँगन

औंसीको दान मागन

हे औँसीबार गाईतिहार भैली । (भैली गीत)

रत्यौलीका अवसरमा नाच्ने स्त्रीले पैसा पाउने कस्केली समाजको आर्थिक चित्रण पनि लोकगीतमा भएको पाइन्छ; जस्तै :

नाचनीलाई पाँच आनी दिउँला

हेरनीलाई छकितै पारुँला । (रत्यौली)

### ४.३.४ प्रकृतिचित्रण

लोकगीतको बीजभूमि नै प्रकृति हो । प्रकृतिकै काखमा लोकगीतले कोपिलाउने, फक्रने र फल्ने अवसर पाउँछ । नेपाली लोकगीत वनपाखा, गाउँवैँसी, हिमाल-पहाड-तराईबाट उब्जिएका र सिंचिएका छन् । घामपानी, हुरीबतास र असिनासँग सामना गर्नुपर्ने नेपालीले तिनैका उहापोहबाट लोकगीतको सिर्जना गरेको पाइन्छ । प्राकृतिक रूपबाट सङ्घर्ष गर्दै प्राप्त हुन आएका अनुभूतिको सहज प्रकाशन लोकले लयद्वारा वाणीमा गर्दछ र त्यही नै लोकगीत बनेर मेलापात, वनपाखा, गाउँबेंसी, सहरबजारमा घन्कन पुग्छ ।

कास्की जिल्लाका उपर्युक्त चार गाउँ विकास समितिमा प्रचलित लोकगीतमा विविध तरिकाले प्राकृतिक चित्रण भएको पाइन्छ जसको विश्लेषण तल गरिएको छ :

कास्की जिल्ला नेपालकै सबभन्दा धेरै पानी पर्ने क्षेत्र मानिन्छ । यस कारण यस क्षेत्रलाई नेपालकै चेरापुन्जी भन्ने गरिन्छ । यहाँ पानी पर्ने कुराको चित्रण लोकगीतमा यसरी भएको पाइन्छः

पानी पऱ्यो भएन बिदो

मेरो माया छ छैन देऊ निदो । (दोहोरी गीत)

जेठ महिनामा अति चर्का घाम लाग्ने र असार महिनामा पानी परेर हिलो हुने कुराको प्राकृतिक चित्रण लोकगीतमा यसरी भएको पाइन्छ :

१. जैठे र मासका यति चर्का घाम

कोदो र रोपन जानु छ । (जेठे गीत)

२. असार मासको दब्दबे हिलो छि मलाई घीन लाग्यो

पातली नानीलाई फरिया किन्दा छ बीस ऋण लाग्यो । (असारे गीत)

कास्की जिल्लाबाट टलल्ल टल्कने हिमालको मनोरम दृश्य देख्न सकिने कुराको चर्चा लोकगीतमा यसरी भएको छ :

हिमालैचुली त्यो पल्लोपट्टि चौँरी गाईको गोबर

भरौँ त पाथी जोखौँ त तुलो कसको माया दोबर । (साउने गीत)

प्राकृतिक छटाले भरिपूर्ण कास्की जिल्लामा विभिन्न खाले पशुपक्षी पाइन्छन् जसको चर्चा तलको लोकगीतले गरेको छः

घुमीमा घुमी आकाशै पुग्यो चील होइन बाजै हो

पिरतीलाको वर्ष दिन भयो भेट भको आजै हो । (भदौरे गीत)

कास्की जिल्लामा सुन्तलाको उत्पादन राम्ररी हुन्छ । यहाँका कृषकले सुन्तलाखेतीबाट राम्रो आयआर्जन गरेका छन् । त्यस्तै धेरै पानी पर्ने भएकाले कास्कीमा धानखेती पनि राम्ररी सप्रिन्छ । यस कुराको चित्रण यहाँका लोकगीतले यसरी गरेका छन् :

१. बाबाको दैलामुनी सुन्तलाको विरुवा

लहलह परेको पात बरी लै । (तीजे गीत)

२. छुपुमा छुपु धानै र रौपौँ हातमा बीउ छउँन्जेल

हातमा बीउ छउँन्जेल

भलै र खाउँला भलै र लाउँला बाबाको जीउ छउन्जेल । (असारे गीत)

कास्की जिल्लाका केही भूभागमा रातो माटो पाइन्छ । पानी परेपछि रातो माटो निकै चिप्लो हुने कुराको चित्रण लोकगीतमा यसरी गरिएको छ :

रातो माटो भैलीराम

चिप्लो बाटो भैलीराम

लड्दै पड्दै भैलीराम

आएका हामी भैलीराम (भैलीगीत)

कास्कीको भूगोल हिमाल, पहाड र समथर भूमि गरी तीन भागमा विभाजित छ । यहाँ लेकक्षेत्र छन् भन्ने कुराको चर्चा लोकगीतमा यसरी भएको छ :

कालीलेकको कैलाशैमा जोगी बस्यो ध्यान

बाबा देलान् अर्तीबुद्धि गुरु देलान् ज्ञान । (रत्यौली)

कास्की जिल्लाका केही ठाउँमा रुद्राक्ष नामको वनस्पति पाइन्छ । लोकगीतले यस कुराको चर्चा यसरी गरेको छ :

रुद्राक्ष माला गुरुबाले दिए

भयौं हामी वैरागी भेष । (मागल/सगुन)

### ४.४ निष्कर्ष

कास्की जिल्लाका कास्कीकोट, सराङकोट, ढिकुरपोखरी र लुम्ले गाउँ विकास समितिमा प्रचलित नेपाली लोकगीतलाई बारमासे, कर्म, पर्व, संस्कार र धार्मिक गरी पाँच प्रकारमा वर्गीकरण गर्न सकिन्छ । बालकहरूले वा बालकहरूका लागि गाइने बालगीत, गोठालो जाँदा समयकटनीका लागि गाइने गोठालेगीत सदावहार गाउन सकिने झ्याउरे गीत र स्त्रीपुरुष मिलेर प्रतिस्पर्धात्मक रूपमा गाईने दोहोरी गीतलाई बारमासे लोकगीतअन्तर्गत राख्न सकिन्छ । जेठ महिनामा बारीमा काम गर्दा गाइने जेठे गीत, असार महिनामा खेतमा रोपाइँको काम गर्दा गाईने असारे गीत, साउन महिनामा खेतमा धान गोड्दा गाइने साउने गीत, भदौ महिनामा खेतमा काम गर्दा गाईने भदौरे गीत र मङ्सिर महिनामा धान झार्दै दाइँ गर्दा गाइने दाइँगीत, कर्म गीतअन्तर्गत पर्दछन् भने तीजको बेलामा महिलाहरूले गाउने तीजेगीत, तिहारमा गाईने देउसी र भैली गीत तथा दसैँमा दुर्गा भवानीको उपासना गर्दै गाइने मालसिरीलाई पर्वगीतअन्तर्गत समेट्न सकिन्छ । विवाहमा जन्तीहरू बेहुलीको घरमा गएका बेलामा बेहुलाको घरमा नारीहरूले नाच्दै गाउने रत्यौली, ब्रतबन्ध र विवाहका अवसरमा गाईने मागल वा सगुन गीतलाई संस्कारगीत अन्तर्गत राख्न सकिन्छ । त्यस्तै कीर्तन, भजन, आरती र व्रतगीतलाई धार्मिक गीतअन्तर्गत समेट्न सक्ने देखिन्छ । यहाँका लोकगीतमा समाजको चित्रण, संस्कृतिको चित्रण, आर्थिक चित्रण र प्रकृतिको चित्रण व्यापक रूपमा भएको कुरा लोकगीतको विश्लेषणबाट थाहा पाइन्छ ।

# पाँचौ परिच्छेद

## शोधनिष्कर्ष

वि.सं. १५४६ भन्दा पहिले स्थापना भएको कास्की राज्यको नामकरण कश्यप ऋषिको नामबाट गरिएको देखिन्छ । नेपालका चौध अञ्चलमध्ये गण्डकी अञ्चलमा पर्ने कास्की जिल्ला २८°६' देखि २८°३६' उत्तर अक्षांश र ८३°४०' देखि ८४°१२' पूर्वी देशान्तरभित्र फैलिएको छ । हिमाली, लेकाली, ठन्डा शीतोष्ण मनसुनी र अर्धउष्ण हावापानी भएको कास्की जिल्लामा अनेक प्रकारका वनस्पति र पशुपक्षी पाइन्छन् । सेती गण्डकी, मर्दी लगायतका थुप्रै नदीहरू र फेवा, वेगनास, रूपाजस्ता थुप्रै तालहरू भएको यस जिल्लामा पातालेछाँगो नामक एउटा झरना छ । धेरै जनसङ्ख्या हिन्दू धर्मावलम्बीहरू रहेको यस जिल्लामा बौद्ध, इस्लाम, किरात, जैन, क्रिस्चियन, सीख आदि धर्मावलम्बीहरूको सङ्ख्या पनि उल्लेख रहेको देखिन्छ । विभिन्न जातजातिअनुसारको संस्कार पाइने यस जिल्लामा जात, पेसा, उमेर, परिस्थिति र समयअनुसार लाउनेखाने चलन पाइन्छ । एकासी प्रकारका पहिचान भएका र दुई प्रकारका पहिचान हुन नसकेका गरी ८३ प्रकारका जातजाति बस्ने कास्की जिल्लाको साक्षरता प्रतिशत बहत्तर रहेको देखिन्छ । पोखरा बजार, कास्कीकोटको कालिका मन्दिर, फेवाताल, बेगनासताल लगायतका थुप्रै ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण स्थानहरू यस जिल्लामा रहेका छन् ।

लोकसाहित्यका विधाहरूमध्ये लोकगीत एक प्रमुख विधा हो । विभिन्न विद्वान्हरूले विभिन्न तरिकाले यसलाई परिभाषित गरे पनि यो एक गतिशील विधा भएकाले च्वाट्ट एउटै परिभाषामा समेटिन सकेको देखिँदैन । रचनाकाल र रचनाकार अज्ञात हुनु, सामूहिक सम्पत्ति हुनु, लयात्मक हुनु, मौखिक परम्परामा जीवन्त हुनु, मौलिक र सरल हुनु तथा स्वच्छन्द हुनु यसका विशेषता हुन् । कथ्य वा भाव, लय, भाषा र संरचना यसका तत्त्वहरू मानिन्छन् । लोकगीतलाई क्षेत्रीयआधारमा, जातीय आधारमा, लिङ्गका आधारमा, सहभागिताका आधारमा, बनोटका आधारमा, प्रस्तुतिका आधारमा, विषयका आधारमा, आकारका आधारमा तथा समयका आधारमा वर्गीकरण

गर्न सकिन्छ । कास्की जिल्लामा झन्डै छ दशकदेखि लोकगीतको अध्ययन तथा सङ्कलन कार्य भएको पाइन्छ ।

कास्की जिल्लाका कास्कीकोट, सराङकोट, ढिकुरपोखरी र लुम्ले गाउँ विकास समितिमा प्रचलित नेपाली लोकगीतलाई बारमासे, कर्म, पर्व, संस्कार र धार्मिक गरी पाँच प्रकारमा वर्गीकरण गर्न सकिन्छ । बालकहरूले वा बालकहरूका लागि गाईने बालगीत, गोठालो जाँदा समयकटनीका लागि गाईने गोठालेगीत सदावहार गाउन सकिने झ्याउरे गीत र स्त्रीपुरुष मिलेर प्रतिस्पर्धात्मक रूपमा गाईने दोहोरी गीतलाई बारमासे लोकगीतअन्तर्गत राख्न सकिन्छ । जेठ महिनामा बारीमा काम गर्दा गाउने जेठे गीत, असार महिनामा खेतमा रोपाइँको काम गर्दा गाईने असारे गीत, साउन महिनामा खेतमा धान गोड्दा गाउने साउने गीत, भदौ महिनामा खेतमा काम गर्दा गाईने भदौरे गीत र मङ्सिर महिनामा धान झार्दै दाइँ गर्दा गाउने दाइँगीत, कर्म गीतअन्तर्गत पर्दछन् भने तीजको बेलामा महिलाहरूले गाउने तीजेगीत, तिहारमा गाईने देउसी र भैली गीत तथा दसैँमा दुर्गा भवानीको उपासना गर्दै गाउने मालसिरीलाई पर्वगीतअन्तर्गत समेट्न सकिन्छ । विवाहमा जन्तीहरू बेहुलीको घरमा गएका बेलामा बेहुलाको घरमा नारीहरूले नाच्दै गाउने रत्यौली, ब्रतबन्ध र विवाहका अवसरमा गाउने मागल वा सगुन गीतलाई संस्कारगीत अन्तर्गत राख्न सकिन्छ । त्यस्तै कीर्तन, भजन, आरती र व्रतगीतलाई धार्मिक गीतअन्तर्गत समेट्न सक्ने देखिन्छ । यहाँका लोकगीतमा समाजको चित्रण, संस्कृतिको चित्रण, आर्थिक चित्रण र प्रकृतिको चित्रण व्यापक रूपमा भएको कुरा लोकगीतको विश्लेषणबाट थाहा पाइन्छ ।

उपर्युक्त अध्ययन विश्लेषणपश्चात् कास्की जिल्लामा प्रचलित नेपाली लोकगीतका बारेमा केही निष्कर्ष निकालिएको छ जसलाई बुँदागत रुपमा तल प्रस्तुत गरिएको छ :

(क) कास्कीकोट, सराङकोट, ढिकुरपोखरी र लुम्ले गाउँ विकास समिति कास्की जिल्लामा अवस्थित निकटवर्ती गा.वि.स.हरू हुन् ।

(ख) उपर्युक्त गा.वि.स.हरूमा प्रचलित नेपाली लोकगीतहरू कास्की जिल्ला र छेउछाउका विभिन्न ठाउँका भन्दा शतप्रतिशत पृथक् नभई न्यून मात्रामा मात्र भिन्न छन् ।

(ग) कास्की जिल्लाका उल्लिखित गा.वि.स.हरूमा गाइने लोकगीत त्यहाँका ढुकढुकी हुन्, सांस्कृतिक सम्पत्ति हुन्, स्थानीय पहिचान हुन् त्यसैले यिनको जगेर्ना गर्नु आवश्यक देखिन्छ ।

**सम्भावित शोधशीर्षकहरू**

(१) कास्की जिल्लामा प्रचलित विभिन्न भाषाका लोकगीतको अध्ययन

(२) कास्की जिल्लाका प्रचलित लोकगीत र राष्ट्रिय लोकगीतको तुलनात्मक अध्ययन

(३) कास्की जिल्लामा प्रचलित लोकगीतमा स्थानीयता ।

## सन्दर्भसामग्रीसूची

### क) पुस्तकसूची


अधिकारी, रविलाल, **अलि मियाँः व्यक्ति र कृति**, पोखराः अलि मियाँ लोकवाङमय प्रतिष्ठान, २०६० ।

आचार्य, गोविन्द, **लोकगीतको विश्लेषण**, काठमाडौं : पैरवी प्रकाशन, २०६२ ।

गिरी, जीवेन्द्रदेव, **लोकसाहित्यको अवलोकन**,काठमाडौंः एकता प्रकाशन, २०५७ ।

थापा, धर्मराज, **गण्डकीका सुसेली,** काठमाडौंः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०३० ।

थापा, धर्मराज र सुवेदी, हंसपुरे, **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौंः पा.वि.के., त्रि.वि., २०४१ ।

न्यौपाने, कुसुमाकर, **कास्की जिल्लामा प्रचलित लोकगीतमा वृक्ष, वनस्पति र वन,** काठमाडौं : नेपाल अस्ट्रेलिया सामुदायिक वन परियोजना, २०४९ ।

पन्त, कालीभक्त, **हाम्रो सांस्कृतिक इतिहास,** दो.सं., काठमाडौंः लेखक स्वयम्, २०४३ ।

पराजुली, कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक**, काठमाडौंः वीणा प्रकाशन, २०५७ ।

बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य**, काठमाडौंः एकता प्रकाशन, २०५८ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **लोकवार्ताविज्ञान र लोकसाहित्य,** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

शर्मा, सुकुम, **आँधीखोला क्षेत्रमा प्रचलित उखानको अध्ययन**, काठमाडौंः निरन्तर प्रकाशन, २०६२ ।

सुवेदी, राजाराम, **कास्की राज्यको इतिहास,** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६० ।

**मेचीदेखि महाकाली** (भाग-३), श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, २०३१ ।

(ख) **पत्रपत्रिकासूची**

**कास्की जिल्लाः एक चिनारी,** कास्की : जिल्ला विकास समितिको कार्यालय, सूचना तथा अभिलेख केन्द्र, २०६२ ।

**कास्की जिल्लाको शैक्षिक विवरण,** कास्कीः जिल्ला शिक्षा कार्यालय, २०६३ ।

कोइराला, रमेश, "कास्कीः एक परिचय", **अन्तर्राष्ट्रिय मञ्च,** वर्ष १४, अङ्क १२, असोज, २०५५ ।

पराजुली , मोतीलाल, "लोकगीतको संरचना", **कुञ्जिनी,** वर्ष ११, अङ्क ८, २०६० ।

# परिशिष्ट

## कास्की जिल्लामा प्रचलित विविध लोकगीतको सङ्कलन

**१. बालगीत**

**प्रकाश शर्मा र सागर तिमिल्सिना**
**कास्कीकोट - १, ५ कास्की**

१. ओइसाथी
होइ
तेरा केरा पाके ?
पाके
खोइ तनि मलाइ ?
ए ! आटिका डिलाँ राखेको बिरालाले खाइदिएच ।

२. तिम्रा बाबा हाम्रा बाबा
माछा मार्न गए
तिम्लाई पुच्छर
मलाई टाउको
हा... हा.... हा.... हा.... ।

३. हरहर महादेउ पानी देउ,
यतीले पुयन अलि देउ ।
खरानीको डल्लो कति सारो
महादेउलाई पानी दिन कति गारो ।

४. ऐया बाबा घैया पाक्यो
चिउरी कुटाई देउन ।
पारिबाट जन्ती आए ।
बेउली लुकाई देउन ।

५. बस बस रे

बसुन्धरा बहिनी
घिउ खाने डाडु
पञ्चरत्ने बाजा
घुमाउने टपरीमा
झिनीयाको खाजा
खेलीखेली बसीजाउन ।

उठ उठ रे
उठन्धन्रा बहिनी
घिउ खाने डाडु
पन्चरत्ने बाजा
घुमाउने टपरीमा
झिनीयाको खाजा
खेलीखेली उठीजाउन ।

६. यो घर कस्को ? आलेको
भित्र बाइर टालेको
भोटे कुकुर पालेको
स्याखु बन्न थालेको
नजानेर फालेको ।

७. नाचन नानी नाचन
पैसा दिम्ला पाँचन
बारुली कम्मर भाँचन
नाचन नानी नाचन ।

८. कुखुरी काँ

बासी भात खाँ

खोई बासी भात ?

बिरालाले खायो ।

खोई बिरालो ?

मुसा मार्न गयो ।

खोई मुसो ?

दुलाभित्र पस्यो ।

खोई दुलो ?

गाईले कुल्च्यो ।

खोई गाई ?

खोलाले बगायो ।

खोई खोलो ?

सुको ।

९. ताराबाजी लै लै

मामा आए घोडा

माइजु आइन् डोली

पापा ल्याइन् सोली

बाँडी खाम्ला भोलि

बुबु माम सुपुक्क

बिरालो भन्च म्याउँ म्याउँ

अगुल्टो भन्च उछिट्याउँ ।

१०. दसैं आयो

खाम्ला पिम्ला

काँ जाम्ला

चोरी ल्याम्ला

धत् पापी

मत छुट्टै बसम्ला ।

**श्रीमती सीता नेपाली कास्कीकोट**
**-२, सार्कीथर**

## २. गोठालेगीत

१. हुटिट्याँउको फूल माली गाईले कुल्चिन्
किन कुल्च्यौ माली गाई ? गोठालाले हेरेन
किन हेरिनस् गोठाला ? बज्यैले खान दिइनन्
किन दिइनौ बज्यै खान ? पात टिपी ल्याएन
किन ल्याइनस् पात टिपी ? क्याउनी पलान
किन पलाइनस् क्याउनी ? बर्खा लाएन
किन लाइनस् बर्खा ? भ्याकुत्ती कराएन
किन कराइनस् भ्याकुती ? सर्पले डस्च
किन डस्चस् सर्प ? मेरो आहारा त्यै हो ।

**भानुभक्त अधिकारी**
**सराङ्कोट - ५, तोरिपानी**

२. ए ! लहरे
होइ पहरे
तेरा गाईले कति खायो ?

मुरीका मुरी

तेरा गाईले कति मुतो ?

धाराका धारा

तेरा गाईले कति हगो ?

थाप्राका थाप्रा ।

तेरा गाईले कति हिड्यो ?

बारीका बारी ।

तेरी छोरीको बिहा कईले ?

बुधबार ।

के खसी ?

बुडो खसी ।

म आम्तो ?

आइजा ।

**सुश्री तारा अधिकारी**

**कास्कीकोट ८,पोखरीमाथि**

**३. झ्याउरेगीत**

१. आज मैले घाँस काटें वनमाराका ठेटा ।
काँ को तिमी काँ को हामी जोगमेसाले भेट ॥
घाँस काट्यो आँसीले छेकेर ।
रुन्च मन करिम देखेर ॥
धानको बाला मासले जेलेको ।
धन्न जोबन बयली खेलेको ॥

२. यो मायालाई देखने बित्तिकै ।
लाग्च मलाई झुल्के घाम जत्तिकै ॥
संसारमा मैरैचु दःखी ।
मर्चु क्यारे उमेरै नपुगी ॥
छैन बेसार भन्त्यौनि आमा
हरपन खोला बगेर पँयलै ॥

**सुश्री कल्पना पौडेल**

**लुम्ले-८, तोल्का**

३. फूल फुलो क्या मिठो बासना
दिलखोली मुसुक्क हाँसन
माया तिम्रो मुआनी बोलिले
उड्ने चरी खसालो गोलीले
यो मायाले के गरो के गरो
माया लाउन सारै नै भुल गरो ।
लाउन माया ज्ञानी र मानी
नलाउ माया बिछोड भै जानी

पानी परो चार दिशा घेरेर

रुन्च मन तस्विर हेरेर

**श्रीमती गम्भिरा कार्की**

**कास्कीकोट -८, मान्द्रेढुङ्गा**

**४. दोहोरीगीत**

१. केटा : पानी परो भएन बिदो

मेरो माया छ छैन देउ निदो ।

केटी : यो मायाले हिजै हो टोलेको

मै हुनाले हाँसेर बोलेको ।

केटाः सुनसरी ज्यान मैले दिएको

खै त माया हात थापी लिएको ।

केटी : मेरो माया छ किन छैन र

छ भनेर बोलाउन भैन र ।

केटाः मेरो माया कत्तिको खुनी

सुनसरी ज्यान दिँदा नहुनी ।

**सुश्री सपना गुरुङ,**

**सुश्री नरमाया पौडेल**

**र बिष्णुहरि शर्मा,**

**लुम्ले - ८, तोल्का**

२. केटाः कस्की छोरी कस्की हौ बुआरी

आउन ओर, खेलौँला जुआरी

बरको डालीमा घर बार जोडौं कि यसै पालीमा ।

केटीः बाउकी छोरी के खेल्नु जुआरी

हैन म त कसैकी बुआरी

बरको.................।

केटाः	लाउन माया मै माया लाछैन
मेरो पनि बिएनै भछैन
बरको..............................।

केटी :	यो त कस्तो माछाको जाल
घरकी छाडी भो हत्ते नहाल
बरको ........................।

केटा :	खाचु कसम कुमारै छु नि म
हाँसीखेली बिताउँला जीवन
बरको.........................।

केटीः	चौतारीमा बरपिपल सारेर
छोड्चौ पछि अलन्तर पारेर
बरको .......................।

केटाः	कुरो मिल्यो लौ हिँड आजै जाम
बिताउँ जीवन बीरे हो मेरो नाम
बरको .............................।

केटी :	धानको बाला मस्याङले जेलेर
बिताउँ जीबन हाँसेर खेलेर
बरको ........................।

**श्रीमती दुर्गा अधिकारी**

**ढिकुपोखरी-३, नागडाँडा**

**५. जेठेगीत**

१.	जेठै र मासका यति चर्का घाम

कोदो र रोपन जानु छ।
सासु र ज्यूको त्यो रुखो वचन,
रातदिन टोकसो  खानु छ।

देउताजस्ता ससुरा बाबा
उइ पनि पराइ भए नि
आफना भन्ने हितैका स्वामी
उइ पनि देसाँ गए नि
जेठै र मासका ..........।
भोकुमा लायो पियासै लायो
खाजा र पानी को देला ?
आमैमा जस्ती सासु र बज्यै
उइ पनि वैरी भइन् नि
जेठे र मासका .............।

आँखै र दुख्यो जियैमा दुख्यो
कठैमा भन्ने को छ र खै
दाजै र जस्ता जेठाजु थिए
उइ पनि पराया भए नि
जेठै र मासका ................।

टाउकै फुट्ने जेठका घाम
एकलै एकलै मेलामा
सङ्गीमा जस्ती नन्दा थिइन्
उइ पनि बैरी भइन् नि
जेठै र मासका ................।

जिउ त भए फर्केर आउलान्
सत्तुरको जाल परे कि
बिरामी  भइ आएनन् केरे
यो मन सारै रुन्च नि
जेठै र मासका ................।

रोएको मन बुजाइदिने
आफना कोई छैनन् नि
कसरी बुजाम् रोएको मन
फर्केर घरमा आएनन्
जेठै र मासका ................।
भोकमा अन्न प्यासमा पानी
खानमा दिने को छ र ?
रोगै र लागी मर्चु कि मता ?
आफना भेट हुन्नन् कि ?
जेठै र मासका ................।

**श्रीमती पार्वती**

**बि.क.**

**सराङ्कोट-३, सुनारपोखरी**

## ६. असारेगीत

१. छुपुमा छुपु धानै र रोपम्
हातैमा बीउ छउन्जेल,
भलै र खाम्ला भलै र लाम्ला बाबाको जिउ छउन्जेल
रिमी र झिमी पानी है परो सेखु छैन रुजायो

सेखु छैन रुजायो
आफैँ र रोयो आफैँ र हाँस्यो आफैँ मन बुजायो ।
बाबा र ज्यूको त्यो नयाँ घर त्यो ढुङ्गे आँगनी
माइती भए धनी र मानी  मैँ भएँ मागनी ।
असार पन्द्र दइच्यूरा खानी साउनमा खानी खीर
घरमा छैन मसिनो वचन  मनमा छैन थीर ।

बाबा र ज्यूको त्यो गैरीखेत छोडम्ला रोपेर
दु:ख र पीर  परेको बेला रुन्चु मुख छोपेर ।

उर्लेर आयो हरपने खोला सकिन तर्नलाई
रोपने मेलो डम्केको होला बेर् भयो झर्नलाई ।

कालोमा बादल आकशैभरि सिमसिमे पानीले
हरपने खोला तारिमा देउ न अगाडि जानीले ।

लेकको घर बैँसीको खेत फाँटैमा जानुछ
एकै र मइना लाएको खेती बर्षदिन खानुछ ।

रिमी र झिमी पानीमा परो मकैको पातलाई
पेटमा भरि खानुमा छैन किसानको जातलाई ।

असारमास कुटेका च्युरा साउनमा घुन लाए
घरमा जाँदा अप्ठेरी सासु मेलामा जून लाए ।

**श्रीमती मङ्गली बि.क. र गणेश सुनार**

**कास्कीकोट -२, मौला**

**२. दोहोरी  भाकाको असारेगीत :**

हली/बाउसेः        बिहानै देखि मेलामा आयो फर्किने रातैमा
                  जाउँ हाम्रा घर खेताल्नी नानी लैजान्चु साथैमा ।

खेताल्नीः          मुखमा रामराम मनैमा छुरा खोइ तिम्रो भर छैन
                  माइतीमा  गर्छौं ढली र मली जानलाई कर छैन ।

हली/बाउसः         माइतीलाई भेट्न जाउँलानि कान्छी पूर्ने र औंसीमा
                  माया र प्रेमका गरौंला कुरा बसेर कौसीमा

खेताल्नीः          गाईलाई बाँध्ने त्यो गोठघर बाखालाई खोर होला
                  मनपरी धेरै बोल्दामा दाजु मुखैमा कोर होला ।

हली/बाउसेः        साथैमा जान्चु भन्तेउनि कान्छी बिर्से को हो र त ?
                  तिमीलाई तानी लगे नि कान्छी हुँदैन को र त ।

खेताल्नी :         बाबै र ज्यूको त्यो बगैँचामा फूल फुल्यो सिरिङ्गी
                  हलीलाई लायो आँठेको बेथा बाउसेलाई भिरिङगी ।

हली/बाउसेः        आलीमा हिँड्ने लङ्गुरे बाँदर खेताल्नीको पोई
                  आफना पोइलाई खट्टे  र भूजा यो नाठे पोइलाई
                  खोई ?

खेताल्नी :         बाँदरको जस्तो मुख भयो दाजु मुख पुछ दौराले
                  अतिनै भयो जिस्कायौ भने हान्दिम्ला लौराले ।

**श्रीमती**

**लक्ष्मी जि.सी.**

**सराङ्कोट-३, सराङ्कोटडाँडा**

३.        असार मासको दबदबे हिलो छि मलाई लाग्यो
          पातली नानीलाई फरिया किन्दा छबीस रीन लाग्यो

होकि मा होइन हो भनी देउन छबीस रीन लाग्यो ।

आधाबारी भेडीले मोल्यो आधा त रुख्यानी
रात पनि परो दिन पनि ढलो बिदा देउ मुख्यानी ।

असारमास कुटेका च्यूरा साउनमा घुन लाए
घाममा छँदै जाम्लापो भन्थैं  मेलैया जूनलाए ।

**श्रीमती सर्मिला**

**थापा सराङ्कोट -२,पँदेली**

४. छुपुमा  छुपु खेतै र रोपम् लै हाल्यो हल्काले
लै हाल्यो हल्काले
त्यो जाने को हो फर्केर हेर बाबाका झल्काले
ख्याल हैन साँचो बेलौती काँचो बाबाका  झल्काले ।

बडेर आयो हरपने खोला बगायो स्याउली
बगायो स्याउली
मै भन्दा पनि उराठै छौ कि वनको न्याउली
बारीका कान्ला हिर्दय जान्ला वनको न्याउली ।

असारमास कुटेका चिउरा म कति साँचुला
म कति साँचुला
सौताको हात दुई कुड्की गास म कति बाँचुला
होकिमा होइन हो भनी देउन म कति बाँचुला ।

मुठी र मुठी सुपारी बाँड्ने कप्तानकी बुआरी
हातको पाँजो  आलीमा राखी आउ खेलम् जुआरी

ख्याल  हैन साँचो  बेलौती काँचो आउ खेलम् जुआरी ।

**सुश्री सानीकान्छी शर्मा**

**सराङ्कोट -३, सिमताल**

**७. साउनेगीत**

तीनै र सहर यो नेपालैमा घमाइलो लाग्दैन
सुखीया ज्यानलाई नभेटेसम्म रमाइलो लाग्दैन ।
आजलाई मेले अचम्मै देखेँ रुखमाथि रुखै छ
जतामा जान्चु दुःखी को छोरा दुःख माथि दुखै छ ।
हिमालैचुली त्यो पल्लोपटि चौरी गाईको गोबर
भरौँत पाथी जोखौं त तुलो कस्को माया दोब्बर ।
सिङै र लामु पुच्छरै छोटो मदिसे राँगाको
घरपनि छैन घर पनि छैन बैरागी नागाको  ।

**श्रीमती शारदा तिमिल्सिना**

**कास्कीकोट -५, मौला**

**८. भदौरेगीत**

घुमीमा घुमी अक्कासै पुग्यो चील हैन बाजै हो
पिरती लाको बर्ष दिन भयो भेट भको आजै हो ।
देउराली मुनी सुइँखेतको खोला फनफनी घुमेको
सुखिया ज्यानको रुपडालै देखी ज्यान मैले हुमेको ।
बाटै र माथि अरिङ्गाले पोला पालम् कि नपालम् ?
हितैको माया घरबारे भछौ. बोलम् कि नबोलम् ।
तीनै शहर यो  नेपालमा बाग लायो गुर्जन
मुखले भने ललितै पाछौं पेटले दुर्जन ।
बाबा र ज्यूको  पुरानो बारी हरियो जौ भयो ।
बालख दिनमा लाएको माया छुटन धौ भयो ।

**नरबहादुर ढकाल,**

**सराङ्कोट -२, ढकालथर**

**९. दाइँगीत**

१. हो माडो बरादु घुमीखेल भाइ
चाँडो चाँडो पाउ चलाई
हो ....हो ....हो .....हो .....।
मियाको टुप्पामा बसिहाल्यो कोइली
आाजका दँदेरालाई घिउका चोइली
हो..हो...माडो बरादु हो.......हो.......।
गोरुका सिङमा परालको तान्रो
गोरु खेद्ने केटालाई मुसाको आन्रो
हो........हो........माडो बरादु हो...हो ।

दाइँ गर बरादु हो दाइँ गर
आकाशमा हेर झिलिमिली तारा
हाम्रो खलाभरी सहका धारा
कुखुरी काँ कुखुरा बास्च
हाम्रो खलाभरीअन्नपूर्ण रास छ
हो.......हो........माडो बरादु हो...........हो............।

असीमुरी झरुबा बार बीस रास
दाइँ ढिलो गरेउ भने हुन्च यहीँबास
कानले बताइदेउ पुच्छरले डोलाइदेउ
सिङले बोकिदेउ माड भाई माड ।

**खिमराज बस्ताकोटी**

**कास्कीकोट- ६, काउले**

२. माली गाईको छोरो तारी गाईको नाति
हुन थाल्यो दाइँ धानपरालमाथि
हो........हो............हो.......हो.............।
खला बरिपरि सिमल चरी रिङ
हाम्रा बराजुका लामालामा सिङ
हो........हो............हो.......हो.............।
मियाका टुप्पामा बसीगयो कोइली
आजका दँदेरालाई घिउका चोइली
हो........हो............हो.......हो.............।

३. मियाको गोरु कति छिटो भको
मदेसको सअ पहाडतिर आको
पूर्व पच्छिम उत्तर दक्षिण देवी देउता
छिटो छिटो माड भाइ सकिने भो अबता
हो........हो............हो.......हो.............।

असी मुरी धानको ठूलो हुन्च रास
सबैजना छक पर्चन् आज
हिँड हिँड मेरा भाई बरातु हो लामा लामा केस
लायौ हिड्न मेरा भाई बरातु हो पुतली कै भेष
हो........हो............हो.......हो.............।
पुतली गाईको बाच्छो बरातु हो माली गाईको नाति
छिटो माड मेरा भाइ बरातु हो धान पराल माथि
यो भार तिम्लाई बरातु हो माहादेवले ल्याए
धुप र धुवाँर मेरा भाइ हो भूमेले खाए
हो........हो............हो.......हो.............।

**श्रीमती केशरकुमारी दाहाल**

**कास्कीकोट -१, खड्गाउँ**

## १०. तीजेगीत

१. रमै र झमै तीजै आयो भन्चन् कमाइद्यौ राजै शिरफूल
तिमी त प्यारी कालीमा छौ नि सुहाउँदैन शिरफूल
बेदका अच्छेर काला हुन्चन् राजै नपड राजै पोस्तक
त्यतिका बचन नालउ प्यारी  दोसरी बिहे गरिकाम्ला
दोसरी बिहे गरिकाए पनि हामी जस्ती चेली पाउँदैनौ
हामी जस्ती चेली पायता पनि खाने त राजै करिमले हो ।

**श्रीमती सर्मिला थापा**

**सराङ्कोट -२, पँदेली**

२. बाबाका दैलामुनि सुन्तलाको बिरुवा
लहलह परेको पात बरिलै
जन्मघर छोडेर कर्मघर जाने
छोरीको हारेको जात बरिलै ।
बाबाका सम्पतिमा हक छैन छोरीको
पासो लगाइ मरे पनि हुन्च डोरीको
धान खायो पुत्लाले गहुँखायो  घुनले
सारै दुःख पाएँ मैले छोरी हुनाले
घरै बस्न नसकेर गएँ मत वनमा
त्यहीँपनि बिरह चल्च मनमा ।
बाबासित भनम् भने बाबा पहिला रुनु भो
आमासित भनम् भने परलोक हुनु भो
दाजुसित भनम् भने भाउजु कुम ठोकने
लिन आका दाजुलाई बाटो छेकने ।

दिदी बहिनी भनम् भने पूर्व पश्चिम उत्तर
हरे शिव यो देशमा मेरो को छ र ।
तीजको बेलामा सबै जान्चन माइत
मेरा माइती मुग्लान पारि छैन साइत
यो रमाइलो बेलामा जानुपरो मेलामा
म छोरीको आँसु खस्यो दैली ठेलामा ।

**श्रीमती लक्ष्मी जि.सी**
**सराङ्कोट -३, सराङ्कोटडाँडा**

३. इन्द्रकलम फूल टिपी शिवजीलाई चडाम्ला
शिव शिव शिव माहादेव मैं तरी जाम् ।
चमेली फूल टिपी शिवजीलाई चडाम्ला
शिव शिव शिव माहादेव मै तरी जाम् ।
पारिजात फूल टिपी शिवजीलाई चडाम्ला
शिव शिव शिव माहादेव मै तरी जाम् ।

बाँबरीको फूल टिपी शिवजीलाई चडाम्ला
शिव शिव शिव माहादेव मै तरी जाम् ।
सयपत्री फूल टिपी शिवजीलाई चडाम्ला
शिव शिव शिव माहादेव मै तरी जाम् ।

**श्रीमती मनबुजा थापा**
**सराङ्कोट-३, सिमताल**

४. पोखराका बजारमा बिजुलीको लाइन
नपडेकी चेलीको सुन बइन ।
केटी हेर्न भनेर आयो केटा गड्केर

नपडेकी भनेर गयो फर्केर ।
चिन्दिन मैले मोहोर र दाम पनि
नपडेकी चेलीको छैन काम पनि ।
खेतबारी मलिलो गोबर र पातीले
कति पडिस् भनेर सोद्चन् साथीले ।
त्यति राम्रा साथीको कति राम्रो स्वभाव
नपडेकी चेलीले केदिम् जवाफ ।
अङ्ग्रेंजी भाषामा पानी मागे स्वामीले
के कुरा बुझ्ेर दिनी हामीले ।
यति कुरा बाबाले सारै पाप लिनु भो
म छोरीलाई पडेकालाई किन दिनु भो ?

**सुश्री सीता शर्मा**
**कास्कीकोट - १, खड्गाउँ**

### ११. भैलीगीत

भैलिनी आइन् आँगन
औँसीको दान मागन
हे औँसीबार गाइतिहार -भैली
आजको औँसी के बार ?
लच्छिमी गाईको तिहार
हे औँसीबार गाईतिहार -भैली ।
हामी त्यसै आएनौ
बलीराजाले पठाए
हे औँसीबार गाईतिहार -भैली ।
घर घर बत्ती बालेर
मनको मैलो फालेर
हे औँसीबार गाईतिहार -भैली ।

इष्टमित्र डाके है

सेल र रोटी पाके है

हे औँसीबार गाईतिहार -भैली ।

**घनश्याम भट्टराई**

**कास्कीकोट - ९, ढावा**

| | | |
|---|---|---|
| २. | हे भनभन साथी | भैलिराम |
| | राम्ररी भन | भैलिराम |
| | रातो माटो | भैलिराम |
| | चिप्लो बाटो | भैलिराम |
| | लड्दै पड्दै | भैलिराम |
| | आएका हामी | भैलिराम |
| | हामी त्यसै | भैलिराम |
| | आएका हैनौं | भैलिराम |
| | बलि राजाले | भैलिराम |
| | पठाएर | भैलिराम |
| | आएका हौं | भैलिराम |
| | झिलिमिली झिलिमिली | भैलिराम |
| | के को झिलिमिली | भैलिराम |
| | बत्तीको झिलिमिली | भैलिराम |
| | दियोमा बत्ती | भैलिराम |
| | दक्षिणा राखी | भैलिराम |
| | आउनु भयो | भैलिराम |
| | इज्जतैको | भैलिराम |
| | दक्षिणा आयो | भैलिराम |
| | यो घरमा | भैलिराम |
| | लच्छिमीले | भैलिराम |

| | |
|---|---|
| बासै गरुन् | भैलिराम |
| मान सम्मान | भैलिराम |
| मिल्दै जाओस् | भैलिराम |
| यतिकैमा | भैलिराम |
| बिदा दिनोस् | भैलिराम |
| अब जान्चौं | भैलिराम |

**जगन्नाथ दवाडी**

**कास्कीकोट ५, मौला**

## १२. देउसीगीत

| | |
|---|---|
| ए मेरा भाई हो | देउसिरे |
| देउसिरे भन | देउसिरे |
| स्वर मिलाइकन | देउसिरे |
| ए झिलिमिली झिलिमिली | देउसिरे |
| बत्तीको झिलिमिली | देउसिरे |
| फूलको झिलिमिली | देउसिरे |
| ए बर्ष दिनको | देउसिरे |
| तिहांरमा | देउसिरे |
| देउसि खेल्न | देउसिरे |
| आएका हामी | देउसिरे |
| यो घरमा | देउसिरे |
| अन्न धन्न | देउसिरे |
| भरिपूर्ण | देउसिरे |
| होइजाओस् | देउसिरे |
| छोराछोरी | देउसिरे |
| डाक्टरै होउन् | देउसिरे |

| | |
|---|---|
| पाइलटै होउन् | देउसिरे |
| यो घरमा | देउसिरे |
| लच्छिमीले | देउसिरे |
| बासै गरुन | देउसिरे |
| ए घरभेटी आमा | देउसिरे |
| नाङ्लामा बत्ती | देउसिरे |
| चामल र पैसा | देउसिरे |
| दिनु परो | देउसिरे |
| भन भन भाइ हो | देउसिरे |
| स्वर मिलाइकन | देउसिरे |
| चर्को स्वरले | देउसिरे |
| भित्रबाट | देउसिरे |
| हजारको नोट | देउसिरे |
| दिनलागे | देउसिरे |
| टीका र प्रसाद | देउसिरे |
| थाप भाइ हो | देउसिरे |
| एक घर हैन | देउसिरे |
| सय घर | देउसिरे |
| जानै परो | देउसिरे |
| छिट्टै हाम्लाई | देउसिरे |
| बिदा दिनोस् | देउसिरे |

थालैमा अक्षतापाती बिदाबादी भएर जाउँसाथी

१३. मालसिरी

१. हाँ हाँ देवि जयहु जय जय जगत्रके प्रतिपालनि,

हाँ हाँ रे आदि परेवा कुम्भ थापनु देवि देव धराइए ।

चन्द्रमा बीच भानु दिपक द्विप दधि बढाइए । हाँ हाँ देवि ......

तिनहै तिनलोक समगम अधर वेणु बजाइए,
अधर फारस फरस कङ्कण देविका । हाँ हाँ देवि ......

चौथि है गुणवेदके चरणते अव चारिए,
पन्चमि परमहात्म देविके माइका गुण गाइए । हाँ .....

खष्टि हे रथ साजिलेनो सप्तमि फुल आनिए,
अस्टमि घरघर खड्ग थापनो कालिका निसिभोगिनि । हाँ ....

नवमि घरघर छाग लोनि जगत्र मङ्गल गाइए,
राज खजाना मृदङ्ग बाजे खड्ग चमरु निसानए । हाँ*

**लक्ष्मीप्रसाद तिमिल्सिना**
**कास्कीकोट ५,कास्की**

२. श्रीगणेशपूजा नदिने बहिनी चन्द्रबदनी मृगलोचनी
गंगा यमुना त्रिवेणी सँगमा मोक्ष दायिनी कालिका ।
चन्द्ररुपिणी प्रचण्ड रुपिणी रक्त बिजपातिनी
श्रीगणेशपूजा............।

शंख चक्र गदा पद्ममले कोटिबान जो साजिनी
लालरुप कपडा बीज असुर मारि सुधारिणी
श्रीगणेशपूजा............।

* राजाराम सुवेदी, पूर्ववत्, पृ. २२६ ।

डमरुडिमडिम हात त्रिशूल खड्ग खप्पर धारिणी

हात खप्पर त्रिशूल लियकी  चौषष्ठीयोगिनी साथये

श्रीगणेशपूजा............।

**कृष्णप्रसाद उपाध्याय**

**कास्कीकोट - ५, कास्की**

३. हाँ हाँ अम्बिकालाल डोलिया अंगिया करो तुम माइए ।

शब्द सुनिए भगवती चरणको आफूत छमछम माइए ।

शब्दसुनिए  महिषासुरबलीका तराश भए हो  सबदैत्यए ।

हाँ हाँ अम्बिका.......................।

जब ही देखे भगवती माइ लालरुप सुहाइए ।

देखत महिषासुर भये हो त्रिलोक की नाथ ए ।

हाँ हाँ अम्बिका ...................।

करो हो युद्ध हमारो पास तबत महिषासुर नाम ये ।

देवलोक से राज दिए हो कौन हुकुम  दिलाइये ।

हाँ हाँ अम्बिका ...............।

**श्रीमती कुन्ती चपाईं**

**सराङ्कोट -३, सिमताल**

## १४. रत्यौली

१. नाचनीलाई पाँचनी दिम्ला

हेरनी लाई छकितै पारम्ला

छमछम नाचनी मायालाई

फूलटिपेर लाइदिम्की पहेलै ।

**श्रीमती कुन्ती चपाइँ**

**सराङकोट ३,सिमताल**

२. राजै के दिल बस्यो आजै चमेली फूलमा
राजै के दिल  बस्यो आजै चमेली फूलमा
कालीलेकको कैलासमा जोगी बस्यो ध्यान
कल्ले देला अर्ति बुद्धि कल्ले देला ज्ञान
राजै .............।
कालीलेकको कैलासमा जोगी बस्यो ध्यान
बाबा देलान् अर्ती बुद्धि गुरु देलान् ज्ञान ।

**फ्यान्टी परियार**
**कास्कीकोट ५, परियारगाँउ**

३. तानी तानीले लुठा तानी तानीले
दुलाहाकी आमालाई तानी तानीले
ख्यार मति ख्यार
दुलाहाकी  आमालाई आँगनीमा झार ।
बारीका डल्ला सय साठी
दुलाहाकी  आमाले पोइ साटी ।
तानी तानीले लुठा तानी तानीले
दुलहाकी भाउजुलाई तानी तानी ले ।
दुलाहाकी बैनी रैचे सारै चनचले ।
झिल्के केटो लगाइदिम्की भन पञ्चले
तानी  तानीले  लुठा तानी तानीले
दुलहाकी बैनीलाई तानी तानीले ।

**सुश्री हरिमाया लामिछाने**

**लुम्ले -९, लान्द्रुक**

४. आमा तिम्ले  जन्माइछौ के दिनमा

बस्न परो अर्कैको अधिनमा

कति घोटाई  छालाको चन्दन

जाता हेरो उतै छ बन्दन ।

सधै भरि भीर र पाखामा

कइल्यै आँसु टुटेन आँखामा

कल्ले बुझ्च यो मर्म छोरीको

पिँजडामा परेकी चरीको ।

**श्रीमती उजेली दाहाल**

**कास्कीकोट -१, खड्गाउँ**

५. रत्यौलीले जुलुमै पारो घरमा खबर पुए त लौ मारो ।

अति राम्रो कमलको फूल टिपे बाबु डोलीमा बसेर ।

गए बाबु फूलमाला भिरेर दुधको भारा सारीले तिरेर ।

बाबु तिम्रो लगन हिउँदोमा राखे सिन्दुर त्यो खाली सिउँदोमा

बूढा भका यी बाबु आमालाई दुःख तिम्ले नदिए कान्छा भाई ।

श्रीमतीका सुनेर कुरा बाउआमालाई नगरे दुर्दुर ।

रत्यौलीमा जोर मादल ठोक नाच्ने गाउने सबैलाई यहाँरोक ।

हाम्रा बाबु गएका ठाउँमा बत्ती बाल्न पर्दैन त्यो गाउँमा ।

कास्कीकोट बैनीका घर झलल बिजुली छैन र ?

**मनहरि दवाडी**

**सराङ्कोट-५, तोरिपानी**

## १५. सिलोक

१. ए नानी तिमी त अत्यन्त रुपकी दन्तै हँसिलो अति
कस्ता छन् तिमरा देवरजेठाजु कस्ता छन् तिम्रा पति ?
जेठाजु रुपका देवर सीपका मुखै सुवासका पति
जुनकाम पतिको तयार नहुँदा लाग्दैन माया रति ।

**रामकृष्ण पहाडी**

**सराङ्कोट -१,**

२. चिलिम टिपी आगो लिन जान्चे
भाँडा बजारी खरानी लाउचे
मानो पनि खोज्दीन मनैले जोख्चे
छाकमा तीन मुठी चामलै पोख्चे
खाई पनि सक्दिन कुक्कुरलाई डाक्चे
आजका जुठाभाँडा भोोलिलाई राख्चे
गर्नकी सुँगुर्नी खानकी भालु
चोर्नलाई रैचे दुरुस्तै बिरालु ।

**श्रीमती हीरा परियार**

**सराङ्कोट -३, सुनारपोखरी**

३. सुत्चु खाटमा देख्चु रातमा
झलक्क ब्यूँझदा छैनन् साथमा
हान्चु जालले लान्च पानीले
दुःख पाउनु छ आफ्ना बानीले
पाक्यो अङ्गुर खान्चु लोभले
स्वामी परदेश मर्चु शोकले
तामे ताई छ फलामे ताई छ ।
सारै नभन जान्चु माइत ।

**श्रीमती तुलसी दवाडी**

**कास्कीकोट -५, मौला**

**१६. मागल / सगुन**

१. सिली धानको अछेती त माली गाईको दही
पर्छिद्यौन मेरा बाबा मेरा यिनै जन्तीलाई ।
सिली धानको अछेती त माली गाईको दही
धोइद्यौन मेरा बाबा दुबै पाउलाई ॥
बाजा बज्यो रनवन सुनमेरा बाबा थरथर काम्यो हाम्रो मन ।
जुन दिन चेली तिमी भूमि पैदा भयौ  सोहि दिनदेखि काम्यो मेरो मन ॥

**श्रीमती बालकुमारी चपाई**

**सराङ्कोट-३, सिमताल**

२. दसै मैना कोखी बास गरे मेरी आमा आएँ जोगी बरितै
देउन आमा देउन आमा पाँचै मुठी भीख
सात घर हिडेम आमै सातै मुठी भयो कसरी पालम्ला गुरुबाबालाई
रुद्राच्छे माला गुरुबाबाले  दिए भयौ हामी बैरागी भेष ।

**श्रीमती बालकुमारी चपाई**

**सराङ्कोट-३, सिमताल**

३. फुका केश जम्ला हात ठूलो हाम्रो बरित नि है
देउन बाबा देउन बाबा बरितको दियो नि है ।
बरितको दियो चेली सातै भाइको साजा
लैजाउ चेली लैजाउ चेली सुबर्णको दियो नि है ।
सुबर्णको दियो बाबा हाम्रो घर होला
लान्न बाबा लान्न बाबा सुबर्णको दियो नि है ।

फुका केश जम्ला हात ठूलो हाम्रो बरित नि है
देउन आमा देउन आमा बरितको दियो नि है ।
बरितको दियो चेली सातै भाइको साजा
लैजाउ चेली लैजाउ चेली सुबर्णको दियो नि है ।
सुबर्णको दियो आमा हाम्रो घर होला
लान्न आमा लान्न आमा सुबर्णको दियो नि है ।

**महेन्द्र त्रिपाठी**
**कास्कीकोट , २ मौला**

## १७. कीर्तन

१. हरे राम हरे राम
राम राम हरे हरे
हरे किस्न हरे किस्न
किस्न किस्न हरे हरे ।

२. जानी काँ होला जानी काँ  होला
उनै रामलाई  था होला जानी काँ होला  ।
जपन रामलाई जपन रामलाई
सबै भक्त मिलेर जपन रामलाई ॥

लम्बोदर  गणेशले हाम्रो बिन्ती लेउन
कीर्तन गर्छौं नारायण को सिद्धि पुऱ्याइदेउन ।
जय जय गुरु गणेश
भक्ति गर्नु बेश
जय जय गुरु गणेश ।

**हरि सुवेदी**

**कास्कीकोट १, लौसीढुङ्गा**

३. श्री किस्न गोविन्द हरे मुरारे
हे नाथ नारायण वासुदेव
श्री श्याम नारायण हे मुकुन्द
लच्छिमी पते केशव वासुदेव ।

**छवि सुवेदी**

**कास्कीकोट-३,भत्तेरपाटा**

**१८ं भजन**

१. धर्म करतालाई फूल तारेर नदीलाई ।
सन्जे आरतीमा लाखबत्ती झलल ।
बेलपत्रको माला शिवतिम्रो मन्दिरमा ।
मैले चिनिनकी रामकी सीता होइनौकी
हाम्लाई यसै जाती गंगाजीलाई फूलपाती ।

नरम्जेर पो नसम्जेर पो
सम्जे हरि मनमा नसम्जेर पो ।

सम्पत्तिको घमण्डले गर्नुसम्म गरो
सोर्गलोक छोडेर पाताल जानुपरो ।
धनको भर नपर हरि भजन गर
धनको भर नपर ।

**तीर्थबहादुर थापा**

**सराङ्कोट -८, गोठादी**

२. छैटौं गर्भसम्ममा  कंसलाई दिइन्
सातौ गर्भ देवकीको रोहिणीले लिइन्
बन्दीखानामा किस्नले औतार लिनु भो ।
बन्दीखानामा किस्नले औतार लिनु भो ।

भाद्र महिना किस्नपक्ष अष्टमीको रातमा
किस्नजीले जन्म लिए देवकीको साथमा
औतार लिए किस्न ले भूभार हरनलाई
भूभार हरनलाई औतार दिए किस्नले ।

**डिल्लीराम त्रिपाठी**
**कास्कीकोट -२, मौला**

## १९. आरती

१. जय गणेश जय जय गणेश जयगणेश देव
माताजी पारवती पिता महादेव
सन्जे जगाउ भक्त आरती जगाउ
जय आरतीको बेला भो
प्रभु रामभक्त आरती जगाउ
हरि हरि,साँझकालको बेला भो
आरती जगाउ
प्रभुको आरती जगाउ ।

पूर्व दिशाकि कालिका माई दक्षिण दिशा जाउ
दक्षिण दिशाकि कालिका माईले आरती जगाउ
दक्षिण दिशाकि कालिका माई पश्चिम दिशा जाउ
पश्चिम दिशाकि कालिका माईले आरती जगाउ
पश्चिम दिशाकि कालिका माइ उत्तर दिशा जाउ
उत्तर दिशाकि कालिका माईले आरती जगाउ
उत्तर दिशाकि कालिका माई पूर्व दिशा जाउ
पूर्व दिशाकि कालिका माईले आरती जगाउ ।

२. ल्वाङ्को फूल जाइको माला
रामलाई चडाम्ला
रामबाट हामीले वरदान पाउला ।

सन्जे आरतीमा लाखबत्ती झलल ।

धर्म करतालाई फूल तारेर नदीलाई ।

भक्तिभाव राखी चडाइदियम् आरती ।

बेलपत्र को माला शिव तिम्रो मन्दिरमा ।

कपुरकी बत्ती सन्धेकालकी आरती ।

**श्रीमती मैयाँ भण्डारी**

**ढिकुरपोखरी -३ , नागडाँडा**

## २०. ब्रतगीत

१. शिवजीले हात जोडी जोडी ध्यान बसेका

कल्ले गर्ला बरिलै शिवजीको ध्यान ?

फूलबारीमा जाउँला फूलका माला गासम्ला

फूल माला चडाएर ध्यान बसम्ला

शिवजीको मन्दिरमा सयथरि फूल

शिवजीको ध्यान गर्न नभुल ।

फुका केश जुम्ला हात ठूलो हाम्रो बरित

आजका र दिन भरि ठूलो हाम्रो बरत

कुन बेला जाउली ? कुन बेला आउली ?

कुनबेला गरौली देउती को ध्यान ?

उदाएमा जाम्ला अस्ताएमा आम्ला ?

मध्यान्हीमा गरम्ला देउतीको ध्यान ।

**श्रीमती नारायणी अधिकारी**

**लुम्ले- ८, तोल्का**

२. मालिकाका देवताले हात जोडी बसेका
कल्ले गर्ला बरिलै देवताको ध्यान ?
हामी त जाने हो देवतालाई पूजन
हामीले नै गर्दछम् देवताको ध्यान ।

आकाशका देवताले हात जोडी बसेका
कल्ले गर्ला बरिलै देवताको ध्यान ?
हामी त जाने हो देवतालाई पूजन
हामीले नै गर्दछम् देवताको ध्यान ।

पातालका देवताले हात जोडी बसेका
कल्ले गर्ला बरिलै देवताको ध्यान ?
हामी त जाने हो देवतालाई पूजन
हामीले नै गर्दछम् देवताको ध्यान ।

# सूचकहरुको परिचय

| क.सं. | नाम | ठेगाना |
|---|---|---|
| ज्ञ. | प्रकाश शर्मा | कास्कीकोट- १ |
| द्द. | सागर तिमिल्सिना | कास्कीकोट-५ |
| घ. | सीता नेपाली | कास्कीकोट -२ |
| द्ध. | भानुभक्त अधिकारी | सराङ्कोट -५ |
| छ. | तारा अधिकारी | कास्कीकोट -८ |
| ट. | कल्पना पौडेल | लुम्ले -८ |
| ठ. | गम्भिरा कार्की | कास्कीकोट -८ |
| ड. | सपना गुरुङ, | लुम्ले -८ |
| ढ. | नरमाया पौडेल | लुम्ले-८ |
| ज्ञण. | विष्णुहरि शर्मा | लुम्ले-८ |
| ज्ञज्ञ. | दुर्गा अधिकारी | ढिकुरपोखरी-३ |
| ज्ञद्द. | पार्वती वि.क. | सराङ्कोट-३ |
| ज्ञघ. | मङ्गली वि.क. | कास्कीकोट-२ |
| ज्ञद्ध. | गणेश सुनार | कास्कीकोट-२ |
| ज्ञछ. | लक्ष्मी जि.सी. | सराङ्कोट-३ |
| ज्ञट. | सर्मिला थापा | सराङ्कोट-२ |
| ज्ञठ. | सानीकान्छी शर्मा | सराङ्कोट-३ |
| ज्ञड. | शारदा तिमिल्सिना | कास्कीकोट-५ |
| ज्ञढ. | नरबहादुर ढकाल | सराङ्कोट-२ |
| द्दण. | खिमराज बस्ताकोटी | कास्कीकोट-६ |
| द्दज्ञ. | केशरकुमारी दाहाल | कास्कीकोट-१ |
| द्दद्द. | मनबुजा थापा | सराङ्कोट-३ |
| द्दघ. | सीता शर्मा | कास्कीकोट -१ |
| द्दद्ध. | घनश्याम भट्टराई | कास्कीकोट -९ |

| | | |
|---|---|---|
| द्छ. | जगन्नाथ दवाडी | कास्कीकोट -५ |
| द्ट. | लक्ष्मीप्रसाद तिमिल्सिना | कास्कीकोट -५ |
| द्ठ. | कृष्णप्रसाद उपाध्याय | कास्कीकोट -५ |
| द्ड. | कुन्ती चपाइँ | सराङकोट -३ |
| द्ढ. | फ्यान्टी परियार | कास्कीकोट -५ |
| घण. | हरिमाया लामिछाने | लुम्ले -९ |
| घज्ञ. | उजेली दाहाल | कास्कीकोट -१ |
| घद्द. | मनहरि दवाडी | सराङ्कोट -५ |
| घघ. | रामकृष्ण पहाडी | सराङ्कोट -१ |
| घद्ध. | हीरा परियार | सराङ्कोट -३ |
| घछ. | तुलसी दवाडी | सराङ्कोट -५ |
| घट. | बालकुमारी चपाइँ | सराङ्कोट -३ |
| घठ. | महेन्द्र त्रिपाठी | कास्कीकोट -२ |
| घड. | हरि सुवेदी | कास्कीकोट -१ |
| घढ. | छवि सुवेदी | कास्कीकोट -३ |
| द्धण. | तीर्थबहादुर थापा | सराङ्कोट -८ |
| द्धज्ञ. | डिल्लीराम त्रिपाठी | कास्कीकोट -२ |
| द्धद्द. | मैयाँ भण्डारी | ढिकुरपोखरी-३ |
| द्धघ. | नारायणी अधिकारी | लुम्ले -८ |